CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२—ओकारान्त र उकारान्तलाई अकारान्त बनाएर—

'ओकारान्त र उकारान्त शब्दहरूलाईं अकारान्त बनाईं विकल्पले 'हरू' लगाइन्छ ।' जस्तै :

एकवचन	बहुवचन	एकवचन	बहुवचन	एकवचन	बहुवचन
केटो'	केटा-केटाहरू	छानो-छानु,	छाना-छानाहरू	छोरो	छोरा, छोराहरू
खोलो,	खोला-खोलाहरू	घोडो,	घोडा-घोडाहरू	पोको	पोका-पोकाहरू
ढुङ्गो,	ढुङ्गा-ढुङ्गाहरू	बोको,	बोका-बोकाहरू	मानु,	माना-मानाहरू

३. सर्वनाममा विकल्पले 'हरू' थपिन्छ—

'सर्वनामका 'तपाइँ आफू, शब्द बाहेकका अरू शब्दहरूमा विकल्पले 'हरू' लगाई मूल शब्द नै फेरिन्छ ।' जस्तै :

एकवचन	बहुवचन	एकवचन	बहुवचन	एकवचन	बहुवचन
म	हामीहरू-हामी	तँ	तिमीहरू, तिमी	त्यो	तिनीहरू तिनी, ती
उ	उनीहरू, उनी,	ऊ यो,	यिनीहरू, यिनी	यो	तपाइँ तपाइँहरू

आफू आफूहरू इत्यदि ।

टिप्पणी—एउटालाई बुझाउने आदरार्थीमा भने कही पनि 'हरू' लगाउनु हुँदैन । जस्तै–

ईश्वर रक्षा गर्छन् । सीता गइन् । मीतज्यू आउँछन् । सूर्य उदाए इत्यादि ।

४. बहुवचन बोधक शब्दहरू प्रयोग गरेर—

'वटा, गण, वर्ग, वृन्द र जन लगाएर पनि बहुवचनको बोध गरान्छ । जस्तै चारवटा, आठवटा, दशवटा, लेखकगण, सदस्यगण, विद्यार्थीवर्ग, मित्रवर्ग, महिलावृन्द, सज्जनवृन्द, मान्यजन, गुरुजन, इत्यादि ।

यसका अतिरिक्त बहुवचन पनि धेरै बुझाउने, आदर बुझाउने, प्रकार बुझाउने अर्थका भएमा क्रमशः अनेकार्थी, आदरार्थी र प्रकारार्थी हुन्छन् । जस्तैः—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनेकार्थी :—छोराहरू आए । फूलहरू फुल्लान् । तिनीहरू जालान् इत्यादि ।

आदरार्थी :—काकाहरू आउँछन्, देवताहरू पूज्य, छन्, सीता आइन्, सूर्य उदाए इत्यादि ।

प्रकारार्थी :—राममणिहरू (सुन्दर, कृष्ण, भरत र सुरेश) आए। कलमहरू (कापी-पुस्तक) किन इत्यादि ।

(+) ३–कारक तथा विभक्ति (शासन)

कुनै पनि भाषामा वाक्यको महत्त्वपूर्ण स्थान हुन्छ । त्यसैले यो एक आधारभूत एकाइ हो । यो आधारभूत मानिएको वाक्यमा पनि क्रियाको स्थान सर्वोपरी हुन्छ; किनभने वाक्यमा कारकले शासन गर्छ भने त्यो कारक पनि क्रियाकै अधीनमा रहन्छ । अब यहाँ त्यही क्रियाका अधीनमा रही शासन गर्ने कारक तथा विभक्तिका बारेमा विवेचना गरिंदैछ ।

नाम आदिका विभिन्न अवस्था र रूप नै वास्तवमा कारक हुन् । यसको सम्बन्ध क्रियासँग हुन्छ । कारकमा लाग्ने—'ले, लाई, बाट, मा' इत्यादि चिनो वा प्रत्ययलाई विभक्ति भनिन्छ । नेपाली भाषामा कारक र विभक्ति आठ प्रकारका छन् ।

कारक	चिनो वा प्रत्यय	विभक्ति
१. कर्ता (गर्ने)	ले, बाट	प्रथमा
२. कर्म (गरिने)	(कन) लाई	द्वितीया
३. करण (कारण)	ले, द्वारा, बाट	तृतीया
४. सम्प्रदान (दान)	लाई, लागि	चतुर्थी
५. अपादान (स्थान)	देखि, बाट, देखिन्	पंचमी
६. सम्बन्ध (नाता)	को, का, की, रो, रा, री, नो, ना, नी	षष्ठी
७. अधिकरण (आधार)	मा	सप्तमी
८. सम्बोधन (पुकार)	हे; ओं; ए	सम्बोधन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१. कर्ता कारक--

"जसले काम गर्दछ, त्यसलाई 'कर्ताकारक' भन्दछन् । जस्तै :—

मैले भात खाएँ । तिमीले भात खायौ । भानुभक्तले रामायण लेखे । खरायो दगुऱ्यो, इत्यादि ।

२. कर्म कारक

"जसमा काम भएको छ, त्यसलाई 'कर्मकारक' भनिन्छ" । जस्तै :-

म नेपाललाई हेर्छु । तिमी स्वार्थलाई हेर्छौ । रामायण नेपालीलाई प्यारो भयो इत्यादि ।

३. करण कारक—

"जसको माध्यमबाट कर्ताले गरिने काम पूरा हुन्छ, त्यसलाई 'करण कारक' भनिन्छ" । जस्तै :—

मैले लठ्ठीले सर्पलाई मारें । रामायणद्वारा साहित्यको जग उठ्यो इत्यादि ।

४. सम्प्रदान कारक—

"जहाँ दिइएको वस्तु फिर्ता गरिंदैन, त्यहाँ 'सम्प्रदान कारक' को प्रयोग हुन्छ" । जस्तै—

मलाई साथ देऊ, तिमीलाई स्वतन्त्रता दिन्छु । उसले माग्नेलाई पैसा दियो इत्यादि ।

५. अपादान कारक—

"जहाँ अलग भएर फेरि त्यै अवस्थामा रहने काम हुन सक्तैन, यहाँ 'अपादान कारक' को प्रयोग हुन्छ ।' जस्तै—

म घरबाट आएँ । पात रूखदेखि झऱ्यो । भानुभक्त तनहूँदेखि आए इत्यादि ।

६. सम्बन्धकारक--

'जहाँ जसको स्वामित्वको बोध हुन्छ, त्यहाँ सम्बन्ध कारकको प्रयोग हुन्छ ।' जस्तै—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनेकार्थी :—छोराहरू आए। फूलहरू फुल्लान्। तिनीहरू जालान् इत्यादि।

आदरार्थी :—काकाहरू आउंछन्, देवताहरू पूज्य, छन्, सीता आइन्, सूर्य उदाए इत्यादि।

प्रकारार्थी :—राममणिहरू (सुन्दर, कृष्ण, भरत र सुरेश) आए। कलमहरू (कापी-पुस्तक) किन इत्यादि।

(+) ३–कारक तथा विभक्ति (शासन)

कुनै पनि भाषामा वाक्यको महत्त्वपूर्ण स्थान हुन्छ। त्यसैले यो एक आधारभूत एकाइ हो। यो आधारभूत मानिएको वाक्यमा पनि क्रियाको स्थान सर्वोपरी हुन्छ; किनभने वाक्यमा कारकले शासन गर्छ भने त्यो कारक पनि क्रियाकै अधीनमा रहन्छ। अत्र यहाँ त्यही क्रियाका अधीनमा रही शासन गर्ने कारक तथा विभक्तिका बारेमा विवेचना गरिदैछ।

नाम आदिका विभिन्न अवस्था र रूप नै वास्तवमा कारक हुन्। यसको सम्बन्ध क्रियासँग हुन्छ। कारकमा लाग्ने—'ले, लाई, बाट, मा' इत्यादि चिनो वा प्रत्ययलाई विभक्ति भनिन्छ। नेपाली भाषामा कारक र विभक्ति आठ प्रकारका छन्।

कारक	चिनो वा प्रत्यय	विभक्ति
१. कर्ता (गर्ने)	ले, बाट	प्रथमा
२. कर्म (गरिने)	(कन) लाई	द्वितीया
३. करण (कारण)	ले, द्वारा, बाट	तृतीया
४. सम्प्रदान (दान)	लाई, लागि	चतुर्थी
५. अपादान (स्थान)	देखि, बाट, देखिन्	पंचमी
६. सम्बन्ध (नाता)	को, का, की, रो, रा, री, नो, ना, नी	षष्ठी
७. अधिकरण (आधार)	मा	सप्तमी
८. सम्बोधन (पुकार)	हे; ओं; ए	सम्बोधन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१. कर्ता कारक--

"जसले काम गर्दछ, त्यसलाई 'कर्ताकारक' भन्दछन् । जस्तै :—

मैले भात खाएँ । तिमीले भात खायौ । भानुभक्तले रामायण लेखे । खरायो दगुर्‍यो, इत्यादि ।

२. कर्म कारक

"जसमा काम भएको छ, त्यसलाई 'कर्मकारक' भनिन्छ" । जस्तै :-

म नेपाललाई हेर्छु । तिमी स्वार्थलाई हेर्छौ । रामायण नेपालीलाई प्यारो भयो इत्यादि ।

३. करण कारक—

'जसको माध्यमबाट कर्ताले गरिने काम पूरा हुन्छ, त्यसलाई 'करण कारक' भनिन्छ" । जस्तै :—

मैले लठ्ठीले सर्पलाई मारें । रामायणद्वारा साहित्यको जग उठ्यो इत्यादि ।

४. सम्प्रदान कारक—

"जहाँ दिइएको वस्तु फिर्ता गरिंदैन, त्यहाँ 'सम्प्रदान कारक' को प्रयोग हुन्छ" । जस्तै—

मलाई साथ देऊ, तिमीलाई स्वतन्त्रता दिन्छु । उसले माग्नेलाई पैसा दियो इत्यादि ।

५. अपादान कारक—

"जहाँ अलग भएर फेरि त्यै अवस्थामा रहने काम हुन सक्तैन, यहाँ 'अपादान कारक' को प्रयोग हुन्छ ।' जस्तै—

म घरबाट आएँ । पात रूखदेखि झर्‍यो । भानुभक्त तनहूँदेखि आए इत्यादि ।

६. सम्बन्धकारक--

'जहाँ जसको स्वामित्वको बोध हुन्छ, त्यहाँ सम्बन्ध कारकको प्रयोग हुन्छ ।' जस्तै—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो हाम्रो देश हो। त्यो पुस्तक उसको हो। उनको, तिम्रो र मेरो भेट भयो। इत्यादि।

७. अधिकरण कारक--

"जहाँ जसको आधार बुझाइन्छ, त्यहाँ अधिकरण कारकको प्रयोग हुन्छ"। जस्तै—

नेपाली नेपालमा बस्छन्। रामायणमा मौलिकता छ। म घरमा थिएँ इत्यादि।

८. सम्बोधन कारक—

"पुकार गरिएको वुझिएमा सम्बोधन कारकको प्रयोग हुन्छ"। जस्तै—

ए राम, यता आऊ! हे भानुभक्त! रामायणसंगसंगै तिमी बाँचेका छौ! इत्यादि।

टिप्पणी–१ विभक्ति दुई प्रकारका हुन्छन्—सम्बन्ध विभक्ति र कारक विभक्ति। सम्बन्ध विभक्तिका बारेमा मत भिन्नता छ। त्यसैले यसमा कुनै व्याकरणकारहरू माथिका आठै प्रकारका विभक्तिलाई सम्बन्ध विभक्ति भन्छन् भने कुनैले सम्बन्ध र सम्बोधनलाई। धेरैजसोले सम्बन्ध विभक्ति भनी माथि देखाइएका आठ प्रकारका विभक्तिलाई स्वीकार गरी कारक विभक्ति छ प्रकारका मात्र स्वीकार गर्छन्। कारक विभक्तिमा सम्बन्ध र सम्बोधन पर्दैनन् किनभने यिनीहरूको क्रियासँग साक्षात सम्बन्ध भएमा यसलाई कारक र यसमा भएको विभक्तिलाई कारक विभक्ति भन्दछन्। कारक विभक्तिका चिनो 'ले, लाई, बाट' इत्यादि कहीं लोप समेत हुन्छन्। जस्तै—

हरि खाजा खान दोकान जान्छ। यस वाक्यमा हरिमा 'ले' खाजामा 'लाई' र दोकान 'मा' विभक्ति लोप भएका छन्। यसै कारणले माथि देखाएको तालिका एवं उदाहरण दुवै पक्षमा स्वीकृति जस्तै भएकाले माथि देखाएको कुरा बिर्सनु हुँदैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२—कुनै-कुनै व्याकरणकारहरूले भाषाका विभक्तिलाई मोटामोटी रूपमा तीन वर्गमा बाँडेको पनि पाउँछौं। यसको पहिलो वर्गमा माथि देखाइएका विभक्ति नै पर्दछन्; जसको आफ्नो स्वतन्त्र अस्तित्व हुँदैन। दोस्रो वर्गका विभक्ति त्यस्ता हुन्छन्—जसको स्वतन्त्र अस्तित्व केही भए पनि यी स्वतन्त्र रूपमा शब्द जस्तो भएर प्रयोग हुन सक्तैनन्। यिनीहरूलाई परम्परावादी व्याकरणमा विभक्ति नभनी 'नामयोगी' भन्ने गरिएको छ। विरामका दृष्टिले पहिलो वर्गको झैं बन्द विराम नभएर यस्ता विभक्ति र शब्दहरूको बीचमा केही खुला विराम हुन्छ। जस्तै—

तिर, सम्म, तर्फ, पछि, झैं, सँग, सित, द्वारा, नेर, बारे, महाँ इत्यादि।

तेस्रो वर्गमा—विभक्तिको काम गर्ने त्यस्ता रूपहरू पाइन्छन्, जुन अव्ययको रूपमा स्वतन्त्र पद भएर पनि 'नामयोगी' भई काम गर्न सक्तछन्। जस्तै—

भित्र, बाहिर, छेउ, माथि, तल मुनि इत्यादि।

(+) **विभक्ति र कारकमा अन्तर**–विभक्ति र कारकका बीचको सम्बन्धमा के कुरा प्रस्ट हुन आवश्यक छ भने एउटै कारकका एक वा एकभन्दा वढी विभक्ति चिन्ह हुन सक्तछन् र विभक्ति नै नलाग्न पनि सक्तछ। यदि विभक्ति लागे पनि विकल्पले लाग्न सक्तछ। त्यसरी नै एक भन्दा बढ़ी कारकका लागि उही विभक्ति पनि प्रयोग हुन्छ। माथिको यो सानो भनाइबाट के प्रस्ट भयो वा हुन्छ भने विभक्ति र कारकका बीचको सूक्ष्म अन्तर भएर पनि नङमासु जत्तिकै सम्बन्ध भएको कुरा नकार्न सकिदैन।

(√) **सरल र तिर्यक कारक**—कारक र विभक्तिको सम्बन्धमा माथि नै चर्चा भइसकेको छ, तर पुनः सरल तिर्यक कारकका बारेमा चर्चा गर्नु पर्ने के हो? के यो सरल र तिर्यक कारक माथिको कारक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्दा छुट्टै हो ? प्रश्न उठ्नु स्वाभाविकै हो। यसको उत्तरमा के भन्न सकिन्छ भने 'सरल र तिर्यक' कारक भन्ने कुरा शब्दहरूका स्वरूपमा विशेष विकार आउनु र नआउनुसँग सम्बन्धित छ। यसैले "विकार नआई शब्दहरू जस्ताको तस्तै रहने कारकलाई सरल कारक र शब्दहरूको सरल स्वरूपमा विकार आउने कारकलाई तिर्यक कारक भनिन्छ"। जस्तै—

सरल कारक	तिर्यक कारक
मेरो छोरो।	मेरा छोराहरू
यो केटी।	यस केटीले।
मेरी छोरी। यो केटो।	मेरा छोरीहरू। यस केटाले।
ए, केटी ! ए, केटा !	ए, केटीहरू हो ! ए, केटीहरू हो !

इत्यादि।

नेपाली भाषामा विभिन्न नामिकपद (नाम र विशेषण, सर्वनाम र सर्वनामिक विशेषण) हरू देखा पर्छन्। सरल तिर्यक कारकका सन्दर्भमा ती नामिक पदहरू दुई प्रकारका हुन्छन्; १—तिर्यक रूप पनि हुने नामिक पदहरू र २—तिर्यक रूप नहुने (सरल) नामिक पदहरू। यिनमा पहिलो-को उदाहरण माथि नै दिइसकिएको छ र दोस्रोलाई बुझ्न तल उदाहरण दिइएको छ। जस्तै—

१—असल कलम—असल कलमहरू २—चकचके बाँदर—चकचके बाँदरहरूले, ३—असल फूल—असल फूलहरू, ४—ए, चकचके बाँदर ! ए, चकचके बाँदरहरू हो ! इत्यादि।

माथिका नामिक पदहरू बाहिरी रूपका दृष्टिले भन्ने हो भने तिर्यक रूपको सम्भाव्यता भएको अवस्थामा पनि जस्ताको, तस्तै स्वरूपमा रहेकाले पदहरू सरल कारकका नै छन्। यसरी पदहरूको वाह्य स्वरूपमा देखा पर्ने वा नपर्ने विकारका आधारमा नेपाली भाषाका नामिक पदहरू दुई वर्गमा विभाजित हुन सक्तछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१--नामिक पदहरूको तिर्यक रूप तलको अवस्थामा हुने गरेको देखिएको छ। जस्तै—

क – विभक्तिका अडाडि—यो+ले=यसले, छोरो+ले=छोराले
खानु+ले=खानाले इत्यादि।

ख – बहुवचनका अडाडि—छोरो+हरू=छोराहरू
घोडो+हरू=घोडाहरू इत्यादि।

ग—सम्बोधनमा—ए, छोरो—ए, छोरा!
ए केटो—ए, केटा। इत्यादि।

घ—आदरार्थी— छोरा आए। राम आए इत्यादि।

ङ—विशेषणमा (वहुवचन, सम्बोधन, आदरार्थी र विभक्ति लागेका विशेष्य भएमा) जस्तै—

१—काला घोड़ा २—ए, प्यारा छोरा! ३—माहिला अधिराजकुमार ४—घोडीहरू ५-यस केटाले। ६-चिप्ला कुराबाट। ७-नराम्रा मान्छेलाई। ८—ठूला घरमा इत्यादि।

च—भेदकमा बहुवचन, सम्बोधन आदरार्थी र विभक्तिमा लागेका विशेष्य (भेद्य) भएमा। जस्तै—

१. उसका छोराहरू। २. ए, मेरा छोरा! ३. रामका भाइले। ४. तिम्रा सन्तानमा। ५. वहाँ ठूला विद्वान् हुनुहुन्छ इत्यादि।

माथि देखाइएका उदाहरणहरू तिर्यक हुने अवस्था वा परिस्थितिका केवल सामान्यीकृत रूप मात्र हुन्। नेपाली भाषाको समसामयिक बोलाइ-लेखाइमा खास-खास विभक्तिका अगाडि तिर्यक रूप पाएको देखिन्छ भने नामयोगी र अन्य कतिपय विभक्तिअगाडि वैकल्पिक किसिमले मात्र तिर्यक रूपको प्रयोग भएको पनि पाइन्छ। त्यस्तै विशेषण या भेदक (विशेषण सरहका सम्बन्ध वाचक षष्ठी विभक्ति लागेका रूप) पदमा पनि यस्तो वैकल्पिकता प्रसस्त मात्रामा देखिन्छ तापनि स्तरीय नेपाली अभिव्यक्तिमा तिर्यक कारकहरूको पुनः स्थापनाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रयत्न पनि भइरहेको पाइन्छ। यसैले तल सधैं तिर्यक रूप हुने र वैकल्पिक तिर्यक रूप हुनेहरूको उदाहरण दिइन्छ। जस्तै—

१—सधैं तिर्यक रूप हुने	२—वैकल्पिक तिर्यक रूप हुने
यो+लाई=यसलाई	यो+सित=यससित वा योसित
यो+मा=यसमा	भएको+ले=भएकाले वा भएकोले
जो+मा=जसमा	पढ्नु+ले=पढ्नाले वा पढ्नुले
जो+लाई=जसलाई	यो+कुराले=यस कुराले वा यो कुराले
यो+को=यसको	
जो+को=जसको	कस्तो+मानिसलाई=कस्ता मानिसलाई वा कस्तो मानिसलाई इत्यादि।
त्यो+लाई=त्यसलाई इत्यादि।	

तिर्यक कारक सम्बन्धी नियम नामयोगी किसिमका विभक्ति लाग्दा खुकुलो हुने देखिन्छ। जस्तै—

१. यो+भित्र=यसभित्र   २. को+माथि=यसमाथि इत्यादि।

संक्षेपमा के भन्न सकिन्छ भने कारकलाई सरल र तिर्यक दुई रूपमा बाँड्ने कुरा पदको बाह्य स्वरूपमा आउने परिवर्तनसित सम्बन्धित हुने हुँदा कारकलाई 'कर्ता, कर्म, करण' आदिका रूपमा वर्गीकृत गर्ने कुरा वाक्य भित्रको पदको अर्थगत र कार्यगत भूमिकासित सम्बन्धित छ। वस्तुतः तिर्यक कारक बाह्य रूपमा सम्बोधन, बहुवचन र कारक विभक्ति चिन्हसंग सम्बन्धित भएकाले यो कारकको अर्थगत र कार्यगत 'कर्ता, कर्म, करण' आदि कारकलाई पनि सघाएको छ।

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१२ (+) नेपाली वाक्यमा पदसंगति (लिङ्ग, वचन र पुरुषको मेल)

संगीत भनेको के हो ?

नेपाली भाषाका वाक्यमा पदसंगतिको महत्वपूर्ण स्थान छ। वाक्यमा पद-संगति भन्नाले "पद (शब्द हरूका बीच लिङ्ग, वचन, आदरार्थी तथा पुरुषको मेल अथवा तुल्यता बुझिन्छ।' परम्परागत नेपाली व्याकरण अनुसार पदसंगति (मेल) लाई चार भागमा बाँडिएको छ।

१. उद्देश्य र विधेय अर्थात् कर्ता र क्रियाका बीचको मेल—

"उद्देश्य र विधेयका बीचको मेल वा संगति भन्नाले कर्ता र क्रियाका लिङ्ग, वचन, आदरार्थी र पुरुषको तुल्यता बुझिन्छ," अर्थात् कर्ताको जुन (एकवचन भए एकवचन र बहुवचन भए बहुवचन) लिङ्ग, वचन, आदरार्थी र पुरुष हुन्छ, क्रियाको पनि सोही लिङ्ग, वचन, आदरार्थी र पुरुष हुन्छ। जस्तै—

श्याम जान्छ। सीता आई। तिनीहरू गए। उनी आए। यी वाक्यहरूमध्ये पहिलोमा 'श्याम' पुलिङ्गलाई जनाउने एकवचनको रूप हो। 'जान्छ' क्रिया पनि सोही अनुरूप प्रयोग भएको छ। दोस्रो वाक्यमा 'सीता' स्त्रीलिङ्गी शब्द भएकाले क्रिया पनि स्त्रीलिङ्गी 'आई' प्रयोग भएको र दुवै शब्द एक वचनका हुन्। तेस्रो वाक्यमा 'तिनीहरू' पुलिंग एवं स्त्रीलिंगमा प्रयोग हुने बहुवचनको रूप भएकोले क्रियाको 'गए' भन्ने शब्द सोही अनुसार प्रयोग भएकोछ। चौथो वाक्यमा 'उनी' एकवचनलाई जनाउने आदरार्थी शब्द यदि कर्ता छ भने त्यहाँ क्रियाको रूप बहुवचन नै प्रयोग हुने व्याकरणिक नियमानुसार 'आए' क्रिया प्रयोग भएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उद्देश्य र विधेयका बीचको जुन मेल माथि देखाइयो, त्यो सामान्य अवस्याको मेल हो। यहाँ तल अब केही विशेष अवस्थाको मेलको बारेमा चर्चा गरिने छ।

क--आदरार्थी र आवश्यकता बोधक मिलित क्रिया भएमा कर्ताको लिंग, वचन र पुरुष जे भए पनि क्रियापद भने तृतीय पुरुष एकवचन र पुलिङ्ग नै रहन्छ। जस्तै-

दिदी कहिले आउनुभयो। तपाइं जानुपर्छ। यी वाक्यको पहिलोमा 'दिदी अन्यपुरुष (तृ० पु०) स्त्रीलिंगी एकवचनको शब्द हो र क्रिया पनि स्त्री र पुलिंगी दुवैमा प्रयोग हुने मिलित क्रिया 'आउनुभयो' अन्य (तृ० पु०) पुरुष एकवचनको रूप हो। दोस्रो वाक्यमा 'तपाइँ' स्त्री र पुलिंगमा प्रयोग आदरार्थी एकवचनको रूप हो भने सोही अनुसारको आवश्यकता बोधक मिलित क्रिया 'जानुपर्छ' स्त्री र पुलिंगी तृतीय पुरुष एकवचनको रूप हो।

ख--समुच्चय (सबैलाई जनाउने) बोधक कर्ताहरू भएमा ती कर्ता-हरू र तिनका क्रियाका बीच तुल्यता नभई विशेष किसिमको पदसंगति (मेल) हुन्छ जस्तै—

म, तिमी र उ गयौं। यो वाक्यमा कर्तासाथ तीनै पुरुष एकवचनका भए तापनि क्रिया भने उत्तम पुरुष बहुवचनको प्रयोग भएको छ। म र तिमी पढौं। म, तिमी र राम पढौं इत्यादि।

ग--एकवद्भाव भएको द्वन्द्व समासको कर्ता भएमा क्रिया पनि एक वचन नै प्रयोग हुन्छ। जस्तै--

गानबजान भयो। नाचगान भयो। भातसात खाइयो। डुलडाल गरियो। इत्यादि।

घ--विकल्प बोधक संयोजक अव्ययद्वारा मिलाइएका विभिन्न कर्ता-हरू (उद्देश्य) भएमा क्रियाको मेल नजीकको कर्तासँग हुन्छ र यस्ता वाक्यमा पूर्ववर्ती कर्ताको क्रिया भने लुप्त रहन सक्तछ। जस्तै :—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छोरा कि छोरी जान्छे। छोरी कि छोरो जान्छ। न त्यो न हामी आयौं। न हामी न त्यो आयो। न म न तँ गइस्। न तं न म गएँ इत्यादि।

ङ--सामान्यीकृत तात्पर्यको वाक्यमा कर्ता प्रायः लोप भएको हुन्छ। जस्तै--

दुई नम्बरी धन्धा नगरी पैसा कमिदैन भन्दछन्। सूर्य ग्रहण हेर्नु हुँदैन भन्दछन् इत्यादि।

च—खास प्रकरणमा आएका निविष्ट वाक्य खण्डका संयुक्त वाक्य अन्तर्गतका ती निविष्ट वाक्य खण्डको वचन र मूल वाक्य खण्डको संदर्भ जे-जस्तो भए पनि तृतीय पुरूष, पुलिङ्ग र एक वचन पनि हुन सक्तछ। जस्तै :--

प्रकरण :--हिजोआज तपाइँ के गर्नु हुन्छ? उत्तर :—मेरो केही काम छैन, खायो, बस्या। मूल वाक्य खण्ड :—मेरो केही काम छैन। विशिष्ट वाक्य खण्डहरू :—खायो, बस्यो इत्यादि।

छ—कर्मवाच्यमा कर्तृवाच्यको कर्म नै वाच्य (क्रियाद्वारा जसका बारेमा केही भनिएको छ) हुने भएकाले वाक्यगत बाह्य संरचनामा कर्म नै कर्ताका रूपमा प्रयुक्त हुन्छ सो कर्म र क्रियाका बीच लिङ्ग, वचन, पुरूष आदिको तुल्यता वा मेल हुन्छ। जस्तै :—

कर्तृवाच्य :—प्रहरीले बदमाशहरूलाई पक्र्यो। म तिमालाई कुट्छु।

कर्मवाच्य :—प्रहरीद्वारा बदमाशहरू पक्रिए। मद्वारा तिमो कुटिन्छौ इत्यादि।

यी वाक्यहरूमा 'बदमासहरू र तिमो' कर्ताको रूपमा प्रयुक्त कर्म र कर्मवाची क्रिया 'पक्रिए र कुटिन्छौ' सँग मेल भएको छ।

ज—भाववाच्यमा भाववाची अकर्मक क्रियाद्वारा भाव नै (कर्ता र कर्म नभई) वाच्य (क्रियाद्वारा जसका बारेमा केही भनिएका छे सो)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुने भएकाले सामान्यतः कर्ताको प्रायः लोप हुन्छ भने क्रिया सधैं तृतीय पुरूष एकवचनमा हुन्छ। जस्तै :—

कर्तृवाच्य :—म घर जान्छु। हामी घर जान्छौं इत्यादि।

भाववाच्य :—आफू त घर गइन्छ। (हामी) घर गइन्छ इत्यादि।

भाववाच्यमा कर्ता लुप्त नभएका खण्डमा सो समावेशात्मक (सबै पुरूषको समावेश बुझाउने किसिमको) या अप्रतिबद्ध (पुरूष विशेष-प्रति प्रतिबद्ध नभएको) हुन्छ। जस्तै :—

समावेशक :—हामी सबै मरिन्छ। अप्रतिबद्ध :—आफू त बसिन्छ इत्यादि।

झ—सङ्केतार्थ संयुक्त वाच्मा एक वाक्यखण्ड कर्तृवाच्य र अर्को वाक्यखण्ड कर्मवाच्य या भाववाच्यको भएमा र यी वाक्यखण्डले सामान्यीकृत तात्पर्य बुझाएमा दुवै वाक्य खण्डको क्रिया तृतीय पुरूष एक वचन र प्रायः कर्ता लोप हुन्छ। जस्तै :—

संकेतार्थ सामान्यीकृत तात्पर्य बुझाउने	वाक्य खण्डहरू
मिहिनेत गऱ्यो भने पास भइन्छ।	(क) मिहिनेत गऱ्यो (भने) (ख) पास भइन्छ।
राम्ररी पढियो भने पास भइन्छ।	(क) राम्ररी पढियो (भने) (ख) पास भइन्छ।
पास भइन्छ भने पढिन्छ इत्यादि।	(क पास भइन्छ (भने) (ख) पढिन्छ इत्यादि।

यी वाक्यमा पुरुष विशेषभन्दा सामान्यीकृत तात्पर्य हुनाले नै दुवै वाक्य खण्डका क्रिया तृतीय (अन्य) पुरुष एकवचनमा आएका छन् र यिनका कर्ता लोप भएका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. नाम र सर्वनामका बीचको मेल—

यसमा सर्वनाम जुन नामको सट्टामा प्रयोग भएको हो सोही नाम-कै अनुसार सर्वनामका लिङ्ग र वचन हुनुका साथै सोही अनुरूप सर्व-नाम र क्रियाका बीच हुने तुल्यता या मेललाई नाम र सर्वनामका बीचको मेल भनिन्छ । जस्तै—

सीता रामकी पत्नी हुन्, तर ती (सीता) उनकी (रामको) प्यारी थिइन् । ती कृष्ण गए, जो हिजो आएका थिए । ए मन, तँ कति रून्छस् इत्यादि ।

३. विशेष्य (नाम) र विशेषणको बीचको मेल—

यसमा विशेष्यको जुन लिङ्ग, वचन र पुरुष हुन्छ, विशेषण पनि सोही अनुसारको भई तुल्यता वा मेल भएकोलाई विशेष्य-विशेषणका बीचको मेल भएको भनिन्छ । यो वाक्य' वाक्य खण्ड र पदावलीको बीचमा हुन्छ । जस्तै--

राम्रा र गह्किला किताब पढ्नुपर्छ । यो वाक्यमा 'किताब' विशेष्य र राम्रा र गह्किला विशेषणको मेल भएको छ । जुन केटाहरू फुर्तिला हुन्छन् । यो वाक्यखण्डमा 'केटाहरू विशेष्य र जुन फुर्तिला' विशेषणको मेल भएको छ । सेतो गाई । कालो केटो । सेता गाईहरू । लेखिएका कुराहरू । यो पदावलीमा 'गाई, केटो, गाईहरू, कुराहरू' विशेष्यहरू र क्रमैले 'सेतो, कालो, सेता, लेखिएका विशेषणहरूका बीच मेल भएको छ ।

टिप्पणी---१. स्त्रीलिंगी विशेष्य बहुवचन भए पनि विशेषण पुलिंग सरह नै हुन्छ । जस्तै--

राम्रा केटीहरू । राम्रा शिक्षिकाहरू इत्यादि ।

२. उच्चतम आदरार्थी स्त्रीलिंगी विशेष्य एकवचन भए पनि विशेषणले बहुवचन लिन सक्तछ । जस्तै--

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बडा महारानी। माहिला अधिराजकुमारी, इत्यादि ।

४. भेद्य भेदकका बीचको मेल–

विशेषण सरहका भेदक (सम्बन्धवाचक षष्ठी विभक्ति लागेका शब्दहरू) र तिनका भेद (विशेष्य) का बीचमा विशेष्य विशेषणमा भए जस्तो तुल्यता या मेल हुन्छ । जस्तो–

भेदक	भेद्य	भेदक	भेद्य
रामको	घोडा	रामका	घोडाहरू
हरिको	छोरो	हरिका	छोराहरू
आफ्नो	मान्छे	आफ्ना	मान्छेहरू
आफ्नो	आमा	आफ्ना	आमाहरू
मेरो	भाइ	मेरा	भाइहरू

तिम्री आमा तिम्रा आमाहरू इत्यादि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाली

(+) १३

नेपाली भाषामा अनुकरणात्मक शब्दहरूको स्थान

संसारका कुनै वस्तु या चीजहरूको आ-आफ्नै विशेषता एवं महत्व हुन्छ। यो प्राकृतिक नियम हो। यसै सन्दर्भमा हाम्रो मातृभाषा एवं राष्ट्र-भाषाका शब्द भण्डारको चर्चा गर्न थाल्दा र आफ्नै परिपूर्ण भएको खास विशेषतालाई गणना गर्दा अनुकरणात्मक शब्दहरूको स्थान धेरै माथि छ। त्यसैले यसको बारेमा प्रवीणता प्रमाणपत्र तह र स्नातक तहको अनिवार्य नेपाली पाठ्यांशमा राखिएको शब्दहरूको अर्थ सहित वाक्यमा प्रयोग गर्नुभन्दा पहिले "अनुकरणात्मक शब्दहरू" भनेका के हुन्, त्यसको सानो चर्चा तल प्रस्तुत गरिएको छ।

"कुनै पनि वस्तु या चीजको नक्कल गरिनुलाई अनुकरण भनिन्छ। र भाषिक क्षेत्रमा यिनै नक्कल गरिएका शब्दहरू नै अनुकरणात्मक शब्दहरू हुन्"। सुन्दर-शान्त-विशाल-नेपाल प्रकृतिको क्रीडास्थल हो भन्ने कुरामा विवाद छैन। यसैले यहाँका खोला-नाला, पाखा-पखेरा, पर्वत, लेक-बेंसी, पहाड तराई, उकाली-ओराली, डाँफ-मुनाल, छहरा-झर्ना इत्यादि चेतन एवं अचेतन वस्तु या प्राणीहरूद्वारा नक्कल गरिएका अनुकरणात्मक शब्दहरू थुप्रै छन्। जसले गर्दा यसको गरिमालाई बढाएको मात्र होइन उज्यालो पारिदिएको छ चम्काइदिएको छ। अझ भनु भने नेपाली भाषालाई विश्वका अन्य भाषाका दाँजोमा पुराइदिन यसले अहं भूमिका खेली दिएर सशक्त एवं सबल पारिदिएको मात्र होइन अर्को शब्दमा भन्ने हो भने नेपाली भाषाको यो यौटा चोखो विशेषता पनि हो भनेमा कुनै अर्घेलो हुने छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुकरणात्मक शब्द एक प्रकारले नेपाली भाषाका गहना हुन् । यो शब्दले भाषालाई चट्ट पारी सशक्त पार्नुका साथै नेपाली जनमानसमा वा यसको अध्ययन गर्नेहरूमा भिज्नेपनलाई भरिलो पारेका छन् । नेपाली भाषाका शब्दहरू विश्लेषण गर्दा के कुरा पत्ता लाग्दछ भने यस्ता अनुकरणात्मक शब्दहरूको छेलोखेलो मात्र छैन अपितु नेपाली भाषाको शब्द ढुकुटी यस्ता शब्दहरूले समृद्ध भएको कुरा नकार्न सकिदैन ।

अनुकरणात्मक शब्द सजीवको ध्वनि, निर्जीवको आवाज र जीवित वस्तु एवं दृश्य वस्तुको अनुकरण गरी बनेका हुन्छन्, यसैले यिनलाई तीन भागमा बाँड्न सकिन्छ ।

(१) ध्वन्यात्मकः—सजीव प्राणीको ध्वनिलाई कान र जिब्रो सुहाउँदो गरी टिपेर बनाइएका शब्दहरूलाई ध्वन्यात्मक अनुकरणात्मक शब्द भनिन्छ, जस्तै :—का का... कोहो कोहो, काफल पाक्यो, चिर्रचिर्र ढुकुर कुर, झ्याउँ-झ्याउँ, म्याउँम्याउँ, म्याँम्याँ, भुंभुं, कुखुरी काँ, तीन तारे चितिरित्त इत्यादि ।

(२) अनुरणनात्मक–'सबै खालका धातु काठ, ढुंगा, पानी आदि निर्जीव वस्तुको रगडबाट निस्किएको ध्वनिको माध्यमबाट बनेका शब्दहरूलाई अनुरणनात्मक शब्द भनिन्छ' जस्तै :–ट्याङ ट्याङ, गड्याङ्ग पट्याकपुटुक, कलकल, सरसर, धारधुर, चिरिक्क, हरहर इत्यादि ।

(३) दृश्यात्मक :—'कुनै घटना, क्रियाकलाप, दृश्य आदिलाई देखेर अनुकरण गरिएका शब्दहरूलाई दृश्यात्मक शब्द भनिन्छ' । जस्तै :—मिरमिर, छ्याङ्ग, झलमल, टनटलापुर, झकमक, किटिक्क, ढकमक्क, मुसुक्क, पिलपिल, टहटह, लहलह, इत्यादि ।

निष्कर्षमा के भन्न सकिन्छ भने अनुकरणात्मक शब्दको उत्पत्ति अनुकरणात्मक पद्धतिबाट भएकोले अरू शब्दको ज्ञान छिटो नभए पनि यसले सबै भाषा-भाषीलाई ज्यादै चाँडो प्रभावित पार्छ । यसो हुनाले भाषाको उत्पत्तिको बारेमा चर्चा गर्दा, अनुकरणात्मक सिद्धान्त पनि एक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानिएको हो भन्ने कुरामा विवाद गर्न सकिदैन। केही अनुकरणात्मक शब्दहरूको अर्थ सहित वाक्यमा प्रयोग--

+ अनुकरणात्मक शब्द—अर्थज्ञान—वाक्यमा प्रयोग

अकमक्क—ट्वाल्ल पर्नु--देशको स्थिति यो देख्दा, अकमक्क परें म त।

कपक्क--खान खोजे जस्तो गर्नु—कपक्क खाला सरी गर्दछौ के !

कपाकप—गाँसमाथि गाँस हालेर खानु—कपाकप गरी खायो नरास्रोसँग त्यसले।

कलकल--सोंता वा खोलाको बहाइ—'कलकल' गरी बग्ने खोलाको सुन शब्द त्यो।

कक्रक्क--रगत संचार नहुनु--आज जाडो भयो कस्तो 'कक्रक्क' म त भै गएँ।

किटिक्क--एक किसिमको टोकाइ—'किटिक्क' टोक्ता म त रन्थनिएँ।

कुपुकुपु—खुरूखुरू खाने अर्थमा—'कुपुकुपु' गरी खाउ भात नानी त ज्ञानी छ।

खचाखच--पुरापूर--'खचाखच' थियो भीड चौराह भर बेसरी।

खङ्ग्रङ्ग—होस हवासै उठ्नु—देशको स्थिति यो देख्दा म त 'खङ्ग्रङ्ग' भै गएँ।

गड्याङ्गुड्ङ--मेघ आदि गर्जंदाको आवाज--'गड्याङ्गुड्ङ' गर्दछ पानी त पर्छ बेसरी।

गमक्क—गजक्क—'गमक्क' किन पर्दछौ यो राम्रो चाल होइन।

चटचट—'चुँडिदा वा भाँचिदाको किसिम-हेर त्यो रूखको हांगो, चटचट गरी भाँच्चियो।

चसचस—दुःखको अनुभव हुनु—'चसचस' दुख्यो ज्यादै छाती भित्रै कता-कता।

च्याप्प—समात्ने किसिम-कस्तो 'च्याप्प' समातेको तेरो के नहुने गरे।

छपक्क—पूरा ढाकिनु वा फुल्नु--बसन्त ऋतुमा हेर बगैंचा त 'छपक्क' छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छप्ल्याङछुप्लुङ—वर्षामा वा हिलो भएको ठाउँमा हिड्दा हुने अवस्था— छप्ल्याङछुप्लुङ नगर नानी त्यसरी पानीमा

छ्याङ्ग—सफा हुनु—जूनेली रात भो राम्रो 'छ्याङ्ग' अकास भै दिंदा।

छ्वास्स—अपझंट—म सोच्छु क्यै कुरा 'छ्वास्स' तिमी लाई बिगार्दछौ।

झपक्क—निद्रा लाग्ने किसिम—कस्तो 'झपक्क' लाग्यो ए निद्रा त म सुतौं अब।

झलझली—बारबार संझने—तिम्रो मुहार हे मेरा प्यारा 'झलझली' सम्झेर बसुंला।

झिलिक्क—उज्यालो वस्तु चम्कने किसिम—'झिलिक्क' के भयो त्यहाँ विजुली सरो झल्कियो।

झ्वाम्म—आगो या पानीमा हाम फाल्ने किसिम—रनेले क्याउचीलाई टिष्टामा 'झ्वाम्म' फाल्दियो।

टिनिन्न—एककिसिमको शब्द—कस्तो टिनिन्न को शब्द म त छक्क परी गएँ।

टिलपिल—भरिने काम—रानी पोखरीको पानी कस्तो 'टिलपिल' गर्दछ।

टुप्लुक्क—आइपुग्ने—कुरा तिम्रै हुँदै थियो तिमी 'टुप्लुक्क' झुल्कियौ।

टुलुटुलु—एककिसिमको हेराइ—तिमी मोज गरी राख म 'टुलुटुलु' हेर्दछु!

टङटङ—हान्दा आउने शब्द—आयो टङटङको शब्द अब त जानु पर्दछ।

टप्प—चट्ट लग्ने काम—आयो 'टप्प' टिपिलग्यो मिति पुग्यो टारेर टर्दैन त्यो (कुनै एक कवि)।

ढकमक्क—फुल्ने काम—डाँडैभरि 'ढकमक्क' लालो गुराँस फुल्यो हजूर।

तानतुन—जसो तसो गरी काम चलाउने—'तानतुन' गरी हामी आफ्ना ती कार्य गर्दछौं।

थामथुम—कुनै प्रकारले रोक्ने काम—'थामथुम' गरी राख नत्र त पछुताउँछौ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धपक्क—खुबसँग बोल्ने वा रिसाउने किसिम—'धपक्क' बन्दै सुन झम्टियों त्यों ।

धुरूधुरू—आँसु खसाली रुने काम—क्यैं भन्न हुन्न गाँठि 'धुरूधुरू' रुने (लोकगीतको एक अंश)।

निथ्रुक्क—पानी वा पसिनाले भिज्ने काम—पानी पर्दो छ कस्तो यो म त 'निथ्रुक्क' भै गएँ।

पट्ट–चिरिएर फुट्ने काम–थाक्रोबाट झरी काँक्रो कसरी 'पट्ट' भै गयो।

प्याट्ट--हान्ने किसिम—यो तिम्रो चाल कस्तो हों न बुझी 'प्याट्ट' हान्दछौ।

फटाफट सुरूसुरू गरिने काम–फटाफट गई हाल यों चाला देख्न सक्तिन।

बर्बरी—आँसु खसाल्ने किसिम-देख्ता यो देशको हाल 'बर्बरी' आँसु झर्दछन्।

बुलुक्क—फड्कने वा उफ्रने काम—दच्केको मृग तर्सेर 'बुलुक्क' उफ्रँदै गयो।

मख्ख–गमक्क–'मख्ख' पर्दै बसो राख कहाँ के-के भई सक्यो ?

मगमग—राम्रो सुगन्ध आउने किसिम—क्या राम्रो वास्ना बहेर आयो हावामा 'मगमग'।

मुलुक्क–झुलुक्क–के यो हैं भाइ के गर्छौ 'मुलुक्क' मात्र यसरी।

मुसुक्क–हाँस्ने प्रकार–'मुसुक्क' हाँस्दै हेर सुन्दरी ती कता गइन्।

रिमरिम–हल्का तरीकाले पानी पर्ने किसिम–'रिमझिम' पर्‍यो पानो म त भिदा भई गएँ।

लहलह—अन्न आदि बढ्ने काम—'लहलह' भयो धान अनि किसान दंग भो।

सिमसिम—पानी पर्दा हुने किसिम—'सिमसिम' पानी कसरी पर्‍यो यो साँझ पखमा।

स्वाँस्वाँ—हिंड्दा आउने स्वास प्रणाली---हेर त 'स्वाँस्वाँ' भएर आयो उकालो चड्दा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुरूक्क—हिरिक्क—हेर त्यो लोभी पैसामा कस्तो 'हुरूक्क' भै गयो ।
ह्वाल्ल—पानी आदि निस्कँदाको अवस्था—त्यो फेवातालको बाँध फुटेर 'ह्वाल्ल' पानी गो ।

(√) क

अरिमट्ठ—एक किसिमको अटेरीपन—त्यो 'अरिमट्ठ' को चाला त्यै मान्छे मात्रमा छ है ।
कटक्क—छिन्ने गरी टोक्ने वा काट्ने किसिम—'कटक्क' रास्त्रै सँग हात काट्यो ।
कुक्रुक्क—कँठाग्रिने किसिम—सबै गरीब जाडोमा 'कुक्रुक्क' परी हिड्दछन् ।
क्याक्क—घाँटी समातेमा हुने अवस्था—कस्तो निर्लज्ज मान्छे त्यो 'क्याक्क' पार्दै समात्यो ए !
खुप्लुक्क—निल्ने किसिम या एक प्रकारको हेपाइ—'खुप्लुक्क' खाला सरी गर्दछन् ए ।
घ्यारं—इन्जिनहरू चल्दाको या गुड्दाको किसिम—घर्रर 'घ्यारं' गर्दै त्यो हिड्यो रेल अघि सरी ।
ङिसिक्क—एक किसिमको हँसाइ—'ङिसिक्क' हाँस्तौ किन हो गएको ।
ङ्याच्च--हिस्स पारिएको—'ङ्याच्च' परेर बस्ने छौ चुक्यौ मात्र तिमी भने ।
चिम्म--आँखा चिम्लने एक प्रकार--ध्यान गर्नेहरू बस्छन् आँखा 'चिम्म' गरीकन ।
च्याट्ट--मनपर्दो किसिम--'च्याट्ट' परेर आएकी सुन्दरी ती कता गइन् ।
छक्क—जिल्ल--तिम्रो त्यो चाल देखेर म त 'छक्क' परी गएँ ।
जुरूक्क--बसेको ठाउँबाट एक्कासा उठ्ने किसिम—जुरूक्क उठ्दै किन हो गएको ।
ठिग्रिङ्ग—जोई छोराछोरी केही नभएको–के भन्छौ तिमीले त भन्न नहुने 'ठिग्रिङ्ग' मात्रै छ त्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

डम्म—पछारिएर लड्दाको किसिम—आएछ लौ पिएर त्यो त्यसैले 'डम्म' भै गयो ।

थप्प—एक किसिमको रखाइ—'थप्प' राखेर के गर्छौ मैले त्यो हेर्न सक्तिन ।

थ्याच्च—बस्ने किसिम—'थ्याच्च' गरेर को बस्छ त्यस्तो त्यो ठाउँमा अब ।

निष्पट्ट—अँध्यारो आदिको अवस्था—रात परी 'निष्पट्ट' अँध्यारो कर्री सासू टाढाको पधेँरो ।

पुलुक्क—एक प्रकारको हेराइ—अन्यायीहरूका परेर छलमा 'पुलुक्क' हेर्दै थियो ।

प्याच्च—नबुझी बोल्ने बानी—त्यस्तै छ त्यसको बानी नबुझी 'प्याच्च' बोल्दिने ।

फतक्क—लस्त भएर थाक्ने किसिम—हिंड्दा हिंड्दै उकालोमा म त 'फतक्क' भै गएं ।

फरं—फरफराउने किसिम—हाम्रो राष्ट्रिय झण्डा त्यो क्या राम्रोसँग 'फरं' भो ।

फ्यास्स—फुस्कने किसिम या फुट्ता आउने शब्द—हेर मोटरको पाँग्रो जोडैले 'फ्यास्स' भै गयो ।

बंग—आयुर्वेदीय रस—(औषधी) लड्दा आउने शब्द—बाटोमा हेर चिप्लेर त्यो त 'बंग' पछारियो ।

भुक्क—मुड्की आदिले हान्दा आउने शब्द—कसरी हान्न सकेको त्यसरी 'भुक्क' छातीमा ।

मसक्क—मुस्कुराउने किसिम—'मसक्क' मस्की किन हो गएकी !

रन्न—रिसाउने किसिम—त्यसको चाल देखेर म त 'रन्न' भई गएँ ।

लट्ट—एक प्रकारको फल्ने काम—यो वर्ष त बुझो आँप साह्रै 'लट्ट' फलो गयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लमक्क—एक प्रकारको हिँडाइ—'लकक्म' लम्की किन त्यो गएको !

लुसुक्क—लाचार भएर जाने किसिम—नामर्दीपनका मान्छे 'लुसुक्क' पछि हट्तछन् ।

सनक्क—एकाएक रिस उठ्ने किसिम—साझा हो देश सबको भन्दा 'सनक्क' त्यो भयों ।

सपक्क—पछ्यौरा आदि ओड्ने प्रकार—'सपक्क' सप्को हालेकी थिइन्, तो सुन्दरी अहा !

सुईय्य—थाक्दा निकाल्ने शब्द—गरीब विचरा थाकी हेर 'सुईय्य' गर्दछ।

स्वाईय्य—हावा चल्दा आउने शब्द—'स्वाईय्य' गरी सुसायो हावा त्यो पारि पाखैमा ।

स्वात्त—सबै सिद्धिने वा नाशिने प्रकार—आर्थिक देशको ढाँचा 'स्वात्त' बिग्रेर गै गयो ।

हिरिक्क—हुरुक्क हुने किसिम—केटीका लागि क्व केटा 'हिरिक्क' गरी हिड्छन् ।

ह्वालल—पानी आदि निस्कँदाको अवस्था—त्यो फेवातालको बाँध फुटेर 'ह्वालल' पानी गो।

ख (✓)

अल्याङमल्याङ—आलटाल—'अल्याङ मल्याङ' के गर्छौ सक्तैनौ सक्तिनै भन।

कपाकप—नथामिई गाँसमाथि गाँस हालेर खानु—खाएको त्यसले कस्तो 'कपाकप' गरेर नै ।

कलकल—सानो सोतो बहँदाको शब्द—'कलकल' गरी बग्ने सोताको सुन शब्द त्यो ।

किरिङमिरिङ—नराम्रो अक्षर आदि—'किरिङमिरिङ' लेखेर, पास के हुन सक्तछौ ।

कुरूमकुरूम—चपाउँदा हुने किसिम—हेर त त्यसले कस्तो 'कुरूम्कुरूम्' चपाउँछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खलखली—खलखलती हुने किसिम—'खलखलो' पसिना आयो त्यो ठाडों उकाली चढदा ।

खसोखास—जस्ताको तस्तो—'खसोखास' कुरा गर्ने मान्छे क्वै हुन्छ दुर्लभ ।

गनगन—बेकारमा बोलिरहने—'गनगन' कुरा गर्ने मान्छे तो बिग्रिई सके ।

गुजुमुज्ज—एकै ठाउँमा थुप्रिने किसिम—'गुजुमुज्ज' गरी बस्ने प्राणीमा कुन पर्दछ ?

घटघटी—एक प्रकारको पियाइ—'घटघटी' पिउँ दूध आमाको काखमा बसी ।

चिरबिर—चरचुरूङ्गीको शब्द—'चिरबिर' गरो बोल्ने चरीको शब्द सुन्दर ।

छङछङ—झर्नाको आबाज—'छङ्छङ' गर्दै छहरा झऱ्यो त्यो पारि पाखैमा ।

छमछम—पाउजेब आदि गहना, बज्दाको अवस्था—'छमछम' गर्दै तो बैनी नाचिन् कति भों रमाइलो ।

झकमक्क—झकिझकाउ हुने किसिम—'झकमक्क' डाँडै भरि लाली गुराँस फुल्यो हजूर ।

झटपट—तुरून्त—'झटपट' गरी हाल टाढा जानु छ हामी त ।

झमझम—पानो आउंदाको अवस्था—'झमझम' गरी पानी पर्दा आनन्द आउँछ ।

वायु या रक्तका विकारले शरीर एक तमासले दुख्ने अवस्था—'झमझम' गरी दुःख्यो यो छातोभित्र जोडले ।

झलझली—मनमा गडेको रूपमा सम्झिरहने—तिम्रो मुहार हे मेरा प्यारा 'झलझली' सम्झेरै बसुँला ।

झिसमिसे—अलिअलि मात्र उज्यालो भएको—'झिसमिसे' उठी किसान हिड्यो कोदालो बोकेर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टस्याकटुसुक—एक प्रकारको आवाज—'टस्याकुटुसुक' के गर्छौं यहाँ क्वै छैन झैं गरी।

टहटह—जून लाग्ने अवस्था—'टहटह' जून माथि चाँदनो क्या खुलेको (एक कवि)।

टुकटुक—केटाकेटीको हिंडाइ–'टुकटुक' गरी हिंड्ने बालक कति सुन्दर।

टुलुटुलु—क्वार क्वारती हेर्ने किसिम—'टुलुटुलु' गरी हेर्नु बाहेक अरू के छ र?

ठाकठुक—सानो तिनो झगड़ा–'ठाकठुक' परो हाल्यो ती देशघातकीसँग।

ढसमस्स—एक प्रकारको बसाइ—'ढसमस्स' गरी बस्ने कसैको हुन्छ बानी नै।

तनतनो—पिउने अवस्था—'तनतनो' पिउ पानी यहाँ के खान मिल्छ र?

दन्दन्तो—आगो वल्दाको किसिम—'दन्दन्तो' दन्कियो आगो हरियो त्यो वनै भरी।

फनफन–घुमिरहंदाको किसिम–'फनफन' गरी घुम्दै अनि ढ्याङ्ग पछारियो।

मुसुमुसु—शब्द ननिकालो हाँस्ने प्रकार—'मुसुमुसु' गरो हाँस क्षणिक जिन्दगी न हो।

लस्याङफस्याङ—टालमटोल—'लस्याङफस्याङ' के गर्छौं यो राम्रो चाल होइन।

लुसुलुसु—थाहै नदिई आउने अवस्था—'लुसुलुसु' किन आयौ यहा त दिनुपर्दछ।

सरासर—नरोकिई काम गर्ने अवस्था—'सरासर' गर काम हामी ज्यादै पछाडि छौं।

सल्र्यामसुलुम—समाप्त हुने अवस्था—'सल्र्यामसुलुम' भै हाल्छ काम भयो भने।

सलबल—माछा आदिको हिड्ने अवस्था—'सलबल' गरी हिंड्ने प्राणीमा कुन पर्दछ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सलसलो—पानी आदिको बहने किसिम—'सलसली' बहेको पानी हेर साथी फर्केर आउंदैन।

सुक्कसुक्क—रूँदाको किसिम—'सुक्कसुक्क' नरोउ आमा म त चांड़ै फर्केर आउँला।

सुरूसुरू—नरोकिई काम गर्ने अवस्था—'सुरूसुरू' गर काम त्यो जुम्सो चाल छोड है।

हहंर—नुहाउने काम (बाल-बोलिमा)—'हहंर' गर है बाबु मेरो नानी त ज्ञानी छ।

हस्याङफस्याङ—हतपताएर गरिने काम वा किसिम—राम्रो काम त बन्दैन 'हस्याङफस्याङ' गरे भने।

हाटहुट—टब्याइंबब्याइं—'हाटहुट' नगरेसम्म यो युगमा बाच्न नै गाह्रो छ।

व्हारव्हार—आगो दन्कँदा आउने शब्द—'व्हारव्हार' दकिन्यो आगो माथि को जान सक्तछ।

टिप्पणी--

माथि दिइएका अनुकरणात्मक शब्दहरूको एक भन्दा बढी अर्थहरू हुन सक्तछन्। त्यसो हुँदा यहाँ दिएको अर्थ मात्र हो—भन्ने भ्रममा पर्नुहुन्न।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(+) १४ प्राविधिक शब्दार्थ-ज्ञान र वाक्यमा प्रयोग

नेपाली भाषामा प्राविधिक र पारिभाषिक शब्दलाई समानार्थी शब्दको रूपमा प्रचलित गराएको पाइएको छ। जसको प्रत्यक्ष प्रमाण अनिवार्य नेपालीका शिक्षकहरूको त्रि० वि० पाठ्यपुस्तक विकासकेन्द्रको आयोजनामा भएको पहिलो राष्ट्रिय सम्मेलनमा पारित कार्यक्रम १० क र १० ख मा 'प्राविधिक वा पारिभाषिक शब्दावली' शीर्षकले नै प्रस्ट पार्दछन्। यही कुरालाई दोस्रो राष्ट्रिय सम्मेलनबाट पारित गरी अनिवार्य नेपाली शिक्षण निर्देशन (व्याकरण खण्ड) मा केही प्रस्ट पारिएको छ। जस अनुसरण 'नेपाली भाषामा यी दुई शब्द लगभग समानार्थी रूपमा प्रचलित रहेका छन्'। सामान्यतः पारिभाषिक शब्दको सम्बन्ध परिभाषासित देखिन्छ र पारिभाषिक शब्द भन्नाले कुनै कुरालाई परिभाषित गर्ने किसिमका शब्द भन्ने बुझिन्छ भने प्राविधिक शब्दको संबंध सामान्यतः प्रविधिसँग देखिन्छ। यसको तात्पर्य खास प्रविधि जनाउने वा त्यस क्षेत्रसँग सम्बन्धित शब्द भन्ने बुझिन्छ। यी दुई शब्द व्युत्पत्तिमूलक दृष्टिले यस प्रकार देखापर्छन्।

१. पारिभाषिक शब्द-परिभाषाको अर्थ हो लक्षण। कुनै मान्यता वा सिद्धांतका आधारमा विस्तृत अर्थलाई प्रतिनिधित्व गर्ने खालका प्रतिनिधि शब्द नै पारिभाषिक शब्द हुन्। यस तात्पर्यमा पारिभाषिक शब्दले आफूले परिभाषित, लक्षित वा निश्चित निर्धारित वा प्रतिनिधित्व गरिएको अर्थलाई संकेत गर्दछ। जस्तै—

"रस" शब्दले पूर्वीय काव्यशास्त्र अनुरूप भावहरूको परिपाकको खास अवस्थालाई जनाउँछ।

(२) प्राविधिक शब्द—कुनै खास प्रविधिका क्षेत्रमा प्रयुक्त वा त्यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्तर्गतका कुनै खास कुरालाई जनाउन आएको खास शब्दलाई प्राविधिक भन्ने गरिएको छ। जस्तै—

ट्रलिबस, क्षेप्यास्त्र इत्यादि। यसवाट के प्रस्ट हुन्छ भने प्राविधिक शब्दको सामान्य अर्थ विकासशील प्रविधिका क्रममा जन्मने शब्दहरूसित सम्बन्ध भएको अनुभव हुन्छ।

माथिको सानो विश्लेषणवाट के प्रस्ट हुन्छ भने यी दुई शब्दहरू शाब्दिक व्युत्पत्ति र अर्थको दृष्टिले अलग भएर पनि लगभग समानार्थी रूपमा वैकल्पिक रूपले प्रयोग हुंदै आएका छन्। यसो हुनुको मुख्य कारण हो प्राविधिक क्षेत्रमा पारिभाषिक शब्दहरू हुनु र पारिभाषिक शब्दहरू समेत प्राविधिक स्वभावका हुनु नै हो भन्नु पर्दछ। यहां अर्थमा प्राविधिक शब्दले पारिभाषिकता समेत र पारिभाषिक शब्दले प्राविधिकता समेत जनाउने कुरा बिर्सनु हुंदैन। यसरी नेपाली भाषाको वर्तमान प्रचलनका हिसाबले यी दुई शब्दलाई एक अर्काका पर्यायवाची रूपमा प्रयोग गरिएको छ। यी दुई शब्दको व्युत्पत्तिमूलक अर्थ अलग-अलग भएर पनि प्रयोगमूलक रूढ अर्थ भने करिब एउटै देखा पर्छ।

प्राविधिक वा पारिभाषिक शब्दहरू नेपाली भाषामा मात्र होइन, विश्वका बौद्धिक अभिव्यक्तिका दृष्टिले विशेष सक्षम सबै भाषाहरूमा समेत हुन्छन्। जसरी ती भाषामा यसको आवश्यकता छ, त्यसरी नै नेपाली भाषामा पनि विभिन्न उच्चस्तरीय बौद्धिक अभिव्यक्तिका लागि यी दुई प्रकारका शब्दहरूको आवश्यकता पर्दछ। साहित्य, दर्शन, विज्ञान एवं सामाजिक शास्त्र आदिको प्रतिदिन प्रगतिले गर्दा सम्बन्धित नेपाली भाषामा पनि प्रभाव परेकोछ। यस अवस्थामा यी शब्दहरू अत्यन्त महत्वपूर्ण देखिन्छन्। जसरी एउटा साहित्यकार केही लेखिरहेछ भने उसले आफ्ना क्षेत्रका बौद्धिक प्रणाली भित्र रही अवश्य नै सम्बन्धित क्षेत्रका प्राविधिक वा पारिभाषिक शब्दहरू प्रयोग गरिरहेको हुन्छ। यो कुरा आ-आफ्नो क्षेत्रमा रही वैज्ञानिकले गरेको हुन्छ, दार्शनिकले गरेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ र त्यस्तै अरूहरूले पनि। यसो गर्नुको मतलब सम्बन्धित विषयको प्रतिपादनमा सुस्पष्टता ल्याउनु हो। यसो नभएमा विषयको प्रतिपादन प्रभावकारी बन्न नसक्ने कुरा व्यवहारसिद्ध छ।

हाम्रो नेपाली भाषा प्राविधिक वा पारिभाषिक शब्दहरूका दृष्टिले विकासशील अवस्था छ भन्ने कुरा नकार्न सकिंदैन। यसैले ज्ञान-विज्ञान र प्राविधिक क्षेत्रमा नयाँ नयाँ मान्यता, धारणा तथा खोजी र आविष्कारलाई आत्मसात् गर्ने प्रक्रियामा आजको नेपाली भाषा लागिरहेकै छ। यसकारण नेपाली भाषामा स्वीकृत, निर्मित र निर्माणाधिन प्राविधिक शब्दहरू आइरहेकाछन् र आइरहने लक्षण छ। वास्तवमा आजका नेपालीहरूको सम्पूर्ण बौद्धिक गतिविधि र विकासका आकांक्षाको बाहकका रूपमा नेपाली भाषालाई समर्थवान् बनाई प्रयोग गर्ने सिलसिलामा पारिभाषिक एवं प्राविधिक शब्दहरूको केन्द्रीय भूमिका छ भन्नै पर्छ। ज्ञान-विज्ञान आदि व्यवहारका सारा क्षेत्रमा बढ्दो बौद्धिक गतिविधिसंगै आइरहेका यी शब्दहरू हाम्रो नेपाली भाषाको (ज्ञान र अभिव्यक्ति क्षमताका विस्तारमा अपरिहार्य आवश्यकता साबित भएका छन्। यसै कुरालाई ध्यानमा राखी त्रि० वि० को प्रवीणता प्रमाण पत्र एवं बी० ए० मा यी क्षेत्रका शब्दहरू समावेश गरी ती प्राविधिक एवं पारिभाषिक क्षेत्रमा विद्यार्थीहरूको तह अनुरू बोध र अभिव्यक्ति क्षमतालाई विस्तार एवं सक्षम पार्नु लक्ष्य भएको प्रस्ट छ।

+१. मानविकी र सामाजिकशास्त्र क्षेत्रका शब्दहरू—

प्राविधिक शब्द	अर्थज्ञान	वाक्यमा प्रयोग
←——→	←—→	←———←
↓	↓	↓
अलङ्कार—	काव्यलाई सिंगार्ने अर्थगत वा शब्दगत चमत्कारको तत्त्वविशेष	काव्य सुन्दर पार्नमा 'अलङ्कार'छ मुख्य नै।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवमूल्यन—	अरू देशको दाँजोमा आफ्नो देशको मुद्राको मूल्य घटाउने काम	'मुद्रास्फीति भएमा त गरिन्छ 'अवमूल्यन'।
आशुकवि—	भन्ने बित्तिकै वा तुरुन्तै कविता रच्न सक्ने कवि	हुन् 'आशुकवि' नेपाली शम्भुप्रसाद बुझ्नुहोस्।
उपभोक्ता—	कुनै पनि वस्तुको उपयोग गर्ने व्यक्तिहरू	'उपभोक्ता' भए मात्र महत्व हुन्छ मालको।
एकाधिकार—	कुनै देश या व्यक्तिको एकलौटी अधिकार भएको	मात्र 'एकाधिकार' हुँदैमा देश विकास हुन्छ र।
छन्द—	कविता लेख्दा अनुष्टुप आदि को फाँकी	'छन्द' मा कविता लेख्दा ज्यादै सुन्दर बन्दछ।
नायक—	कुनै पनि साहित्यमा भएको मुख्य पात्र	हुन्छ साहित्य बुझ्नुहोस् 'नायक'नभए पनि।
निलम्बन—	कसैलाई भै रहेको पदबाट हटाउने काम	त्यसले घुसखाएछ 'निलम्बन' गरिदिए।

पदपूरक—पदलाई पूरा गर्ने पद या तरिका—'पदपूरक' को काम झञ्झटै हुन्छ नानी हो।

पुरातत्व—पुराना कला र संस्कृतिसँग सम्बन्ध राख्ने विद्या–'पुरातत्व' बिना हुन्न खोज संस्कृतिका धन।

प्रत्याह्वान—चुनिपठाएका प्रतिनिधिलाई फिर्ता बोलाउने काम—त्यो 'प्रत्याह्वान' को राम्रो व्यवस्था हुनु पर्दछ।

प्रवक्ता—कुनै संगठन वा देशबाट आधिकारिक रूपमा बोल्ने व्यक्ति—'प्रवक्ता' झैं गरी बक्ने तिमी साच्चिनै मूर्ख हौ।

भूपरिवेष्ठित—चारैतिर समुद्रले नछोइएको भूभाग—प्यारो यो देश नेपाल बुझ्नु 'भूपरिवेष्ठित'।

मुख्तियार—प्रधान सेनापति (नेपालको) या अधिकार पाएको व्यक्ति—'मुखितयार' हुँ भन्देमा त्यसै के गर्न मिल्छ र।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रस—विभवादिको संयोगबाट दर्शकमा उत्पन्न हुने एक प्रकारको अनुभव विशेष—'रस' सिद्धान्तका पैला प्रवक्ता भरतै थिए ।

राग—प्रेम सम्बन्धी या गीतको लय—रागमा नै अडेको छ सारा ब्रह्माण्ड यो बुझ ।

विनिमय—कुनै वस्तुको साटफेर या सटही—त्यो 'विनिमय' को काम सबै ती बैंक गर्दछन् ।

विहार—बौद्धधर्म मान्नेहरूको मठ—विहारमा बसी ध्यान ती बौद्ध-मार्गी गर्दछन् ।

शिलालेख—ढुङ्गामा लेखिएका ऐतिहासिक कुराको लेखोट—'शिलालेख हरू पढ्दा' कुरा जानिन्छ पूर्वको (पुरानो) ।

सहवरण—कुनै खाली पदमा कसैलाई त्यससँग सम्बन्धित समूहबाट सर्वसम्मतिले चुन्ने विधि—'सहवरण' को काम गाऊँ फर्कसंग गयो(नेपालको सन्दर्भमा) ।

स्तूप—बौद्धधर्म मान्नेहरूको एक प्रकारको मठ—राजा अशोकले धेरै 'स्तूप' निर्माण गर्दिए ।

हिमनद—हिउँ परेको टाकुरामा धेरै भार भएपछि तल खस्केर बग्न थालेको हिउँ—'हिमनद' बहेकाले त्यो ठाउँ सौम्य देखियो ।

२—कानून क्षेत्रका शब्दहरू :—

अभिकर्ता—तल्लो तहको एक प्रकारको वकिल—'अभिकर्ता' हरूलाई वकिलै भन्नुपर्दछ ।

तारेख—यो दिन हाजिर हुनु भनी तोकेको दिन--दिन्छन् 'तारेख' हाकिम रिसाएमा त दिन्दिन ।

देवानी—सम्पत्ति सम्बन्धी मुद्दा—दुई प्रकारका मुद्दामा 'देवानी' त एक हो ।

फौजदारी—कुटपिट, ज्यान र राजकाज सम्बन्धी मुद्दा—के अनाहकमा यस्तो 'फौजदारी' बीच फस्सियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पेशी--हाकिमका अगाडि मुद्दा मामिला आदि पेश गर्ने काम—त्यो उपन्यासको मुद्दा 'पेशी' मा अब गै गयो ।

बिगो—नालिस दिंदा एकमुष्ट देखाइएको रकम—हार्ने झगडियाले त 'बिगो' र दण्ड तिर्दछ ।

मुचुल्का--कसैले कुनै काम कार्यवाहीको वयान लेखिदिएको कागत, कुनै विषयमा समाधानको लागि धेरै जनाले दिएको विवरणको कागत--'मुचुल्का' नगरेसम्म कुरा के थहा लाग्छ र ।

मुल्तबी—पछि कार्यवाही गर्नका लागि रोकिराखिएको, स्थगित राखिएको, मुलतबो—'मुल्तवी' मा छ रे मुद्दा त्यो कहिले छ टुङ्गिने ।

लालमोहर--श्री ५ को रातो छाप, त्यस्तो छाप लगाएको कागत—'लालमोहर' लागेर कानून बन्छ नानी हो ।

वारेसनामा—कुनै पनि विषयमा कसैले कसैलाई वारेस पठाउंदा लेखेर दिने कागत, इच्छापत्र--दिई 'वारेसनामा' नै त्यो काम गर्नुपर्दछ ।

सरजमीन—कुनै घटना वा समस्या परेको ठाउँ, त्यहाँ वा छरछिमेकका मानिस—'सरजमीन' के गर्छौं देख्ने क्वै नभए पछि ।

३. व्यापार वाणिज्य र जनप्रशासन क्षेत्रका शब्दहरू :—

अग्रिम--पेश्की, पहिले नै दिइएको--पैसा 'अग्रिम' लिएर भ्रमण गर्नु पर्दछ ।

अधिकृत—कुनै काम गर्न अधिकार पाएको, अधिकारमा ल्याएको वा पारेको, हाकिम—'अधिकृत' भएर के खान नै पर्छ मुस्किल !

आयव्ययक--आम्दनी खर्चको हिसाव राख्ने व्यक्ति—'आयव्ययक' राम्रो भो भने व्यापार बढ्दछ ।

गण--समूह, सेनाका भाग (काली बहादुर आदि) एकै विषयमा समानता भएका मानिसको झुण्ड—सेनाको टुक्ड़ीलाई पहिले 'गण' भन्दथे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुल्म—सेनाको सानो भाग—'गुल्मगुल्म' मिलाएर सेना गठन गर्दछन्।

चलानी—चलानी गरेको वस्तु या चिठी पत्र आदिको नाममा खोलेको निस्सा या पूर्जा—यो कार्यालय कस्तो हो 'चलानी' नै छ बेठीक।

जमानत—थुनामा रहेका व्यक्तिलाई धन या जमानी बसी छुट्कारा दिलाउने काम वा उत्तरदायित्व—'जमानत' लिई छोड्दा न्यायको विपरीत भो।

तेजारथ—रूपैयां पैसा, सून, चाँदी आदिको व्यापार गर्ने सरकारी अड्डा—त्यो 'तेजारथ' को काम पहिले त खूबै थियो।

निकासी—निर्यात, विदेशमा स्वदेश माल पठाउने काम—'निकासी' नगरेसम्म देशको हुन्छ उन्नति ?

पञ्जिका—बही, दर्ता, कापी, आय-व्ययको विवरण लेखिने पुस्तिका—के कार्यालत यस्तो हो 'पञ्जिका' छैन भन्दछौ ?

परिपत्र—एकै व्यहोरा उल्लेख भएको वितरण गरिने पत्र, बोधार्थ पत्र 'परिपत्र' गरी हेर काम त्यो गर्नु पर्दछ !

पेश्की—काम गर्नुभन्दा अगाडि त्यस कामका लागि लिनेदिने धन, यात्रा अगाडि जाने सामान—'पेश्की' नै नलिएसम्म भ्रमण गर्नु के छ र !

पैठारी—विदेशबाट स्वदेशमा वस्तुहरू ल्याउने काम—देश बिग्रेर जानेछ पैठारी मात्र भो भने।

फस्र्योट—हिसाबको छिनाफाना, चुक्ति—हिसाब गर 'फस्र्योट' त्यसै म छोड्न सक्तिन।

नगद—साट्ता लाग्ने दस्तुर, छुट, घाटा—यसमा छुट नै छैन 'बट्टा' लाग्दछ बुझ्नुहोस्।

बेरूजु—आ. ले. प. र. म. ले. प. ले नामञ्जुर गरेको रकम—स्वयं मन्त्रीहरूको नै 'बेरूजु' थपिदै गयो।

मस्यौदा—खेस्रा, तर्जुमा गरिएको लेख—म त्यो भाषणको राम्रो- 'मस्यौदा' गरिहाल्दछु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुद्दती—सवमाको प्रधान, बैंकमा सबैभन्दा बढी ब्याज पाइने खाता—सबैभन्दा बढी ब्याज पाइन 'मुद्दती' न हो।

रथो—लेप्टिनेण्ट जनरल, रथमा सवार हुने सेनाको अधिकृत—हो लेप्टिनेण्ट जर्नेल 'रथी' अगाडि भन्दथ्यौं।

राजस्व—कर, शुल्क आदिको रूपमा राज्यलाई प्राप्त हुने रकम—ज्यादा भई रहेको छ 'राजस्व' को चुहावट।

लेखा—गणना, हिसाव, आय-व्ययको विवरण—'लेखा' को काम नै मुख्य आर्थिक व्यवहार हो।

सेनानी—सेनाको अधिकृत, मेजर—छ अधिकार ठूलो नै 'सेनानी' को त सैन्यमा।

४. कृषि क्षेत्रका शब्दहरू :

अब्बल—सबैभन्दा राम्रो उब्जा हुने जमीन—जग्गा 'अब्बल' को राम्रै अहिले मोल पर्दछ।

कित्ता—कुनै निश्चित चारकिल्ला तोकिएको जग्गा—'कित्ता' कटान गर्नु नै सर्भेको मुख्य काम हो।

कूत—मोहीले तल्सिलाई बुझाउने कर, तिरो, वाली—'कूत' तिर्नेहरूको नै जमीन हुनुपर्दछ।

चाहार—चौथो दर्जाको कम उब्जाउ जग्गा—उब्जनी हुन्न क्वै राम्रो 'चाहार' को जमीनमा।

दोयम—दोस्रो दर्जाको कम उब्जाउ जग्गा—दोस्रो नम्बरको जग्गा 'दोयम' बुझ मित्र हो।

पर्ती—खेती वा आवादन गरिएको जग्गा—जहाँ खेतो कुनै छैन त्यो ठाउँ वुझ 'पर्ती' हो।

मोठ—भूमि सम्बन्धी व्यवस्था, प्राचीन नेपालमा त्यस्तो भूमि व्यवस्था अन्तर्गत भएको कार्यवाही—'मोठ' को पहिले राम्रो व्यवस्था त छँदै थियो।

सीम—तेस्रो दर्जाको जग्गा—तेस्रो नबरको जग्गा सबैले बुझ 'सीम' हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुकुम्बासी—घरवार केहो नभएको व्यक्ति—छैन मेरो क्यै पनि यहाँ घर न बास म 'सुकुम्बासी' को ।

५. वन क्षेत्रका शब्दहरू :

आरक्ष—प्राकृतिक वन्यजन्तु पालिएको संनियमित सुरक्षित वन्यभाग—'आरक्ष' वन भन्दैछन्, तर वन समाप्त भो ।

कटानी—वनलाइं काट्ने वा टाँचा मार्ने काम—हरियो वन त्यो हाम्रो 'कटानी' भै विनष्ट भो ।

छपान—काठमा टाँचा मार्ने र कटानी गर्ने काम—'छपान' कार्यमा मस्त वनका कर्मचारी त ।

निकुञ्ज—वाक्ला रूखहरू भएको ठाउँ, लतामण्डप—गरौं क्यै क्षण विश्राम 'निकुञ्ज' बीचमा बसी ।

भूक्षय—बाढी र पहिरोबाट जमीन नाशिने काम—'भूक्षय' यसरी बढ्दै गएमा हुन्छ नाश नै ।

६. चिकित्सा क्षेत्रका शब्दहरू :

आम्ल—अमिलो पारिएको वस्तु वा पदार्थ—'आम्ल' त्यो वस्तु कस्तो हो चिकित्सामा छ वर्णन ।

कीटाणु—सूक्ष्मदर्शक यन्त्रबाट देख्न सकिने कीरा-फट्याङ्ग्राको समूह—'कीटाणु' देख्न सक्नेछौ सूक्ष्मदर्शक यन्त्रले ।

कुपोषण—शक्तिवर्धक या अन्य पौष्टिक आहारको कमी—'कुपोषण' भएमा त वालमृत्यु छ निश्चय ।

जीवाणु—सूक्ष्मदर्शक यन्त्रबाट देख्न सकिने ससाना जीव—'जीवाणु' पनि देख्ने छौ सूक्ष्मदर्शक यन्त्रले ।

नसच्छेदन—शुक्रकीट आउने नसालाई काट्ने या छुट्याउने काम, परिवार नियोजनको एक विधि—'नसच्छेदन' को कार्य अहिले घर्म भै सक्यो ।

महामारी—असाधारण रूपमा रोगको फैलावट—कसरी फैलियो ऐले 'महामारी' जहीं तहीं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लवण--नूनिलो पारिएको वस्तु—चिकित्सा शास्त्रमा राम्रो 'लवण'को वर्णन ।

संक्रामक—एकबाट अर्कोमा सर्ने रोग—यो 'संक्रामक' ऐले त असाद्धै-सँग फैलियो।

७–इञ्जिनियरिङ्ग क्षेत्रका शब्दहरू :—

कालोपत्र—अलकत्रा लगाएको राजमार्ग, पीचबाटो—'कालोपत्र' लगा-एर बाटो मजबुत बन्दछ।

घोरेटो—घोडा हिड्न लायक बाटो—'घोरेटो' सम्मको बाटो बनेको छैन बुझ्नुहोस् ।

चक्रेटो—चक्का आदि हिड्न लायक बाटो—'चक्रेटो' सम्मको बाटो छैन के हुन्छ उन्नति ?

ढलान—धातु, सिमेण्ट आदिलाई साँचो आदिमा जमाउने वा ढाल्ने काम—बाटो निर्माण गर्दैछौं 'ढलान' को छ तर्खर।

बोलपत्र—घटाघट, टेण्डर—'बोलपत्र' गराएर काम गर्नु त बेस हो।

विद्युतीकरण—बिजुलीयुक्त गराइएको—'विद्युतीकरण' गर्दै उद्योग खोल्नु पर्दछ ।

शिलान्यास—घर, पुल आदिको जग बसाउँदा गरिने कर्म विशेष वा थालनी—'शिलान्यास' गरो हामी घर निर्माण गर्दछौं।

८–विज्ञान र प्रविधि क्षेत्रका शब्दहरू :–

आकाशगङ्गा—आकाशको निहारिका, तारकापथ—हेर 'आकाशगंगा' त्यो कसरी प्रस्ट देखियो ।

इन्धन—शक्ति बर्धनका लागि बाल्न, गुढाउन उडाउन आदिको प्रयोग-मा ल्याइने वस्तु—'इन्धन' नभएसम्म नगुड्छ न त उड्दछ।

ऊर्जा—शक्ति उत्पादनको लागि प्रयोगमा ल्याइने वस्तु, शक्ति बर्धक पदार्थ—'ऊर्जा' संकष्ट पर्दछ अब यो विश्वमा बुझ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवकोश—एक प्रकारको जीवपिण्ड—'जीवकोश' हरूको त विज्ञानमा छ वर्णन ।

तापक्रम—तातो वस्तु या तातोपनको नाप, उष्णताको घटिबढी—'तापक्रम' बढी होला नापी हेर त नानी हो ।

तापमान—शरीर या वायुमण्डलको शीतोष्ण आदिको नाप—'तापमान' बढेको छ यस्तै हो गर्मिको दिन ।

तारापुञ्ज—तारामण्डल, नक्षत्रको समूह—'तारापुञ्ज' भए राम्रा अकास छङ्ग भै दिदा ।

दूरदर्शन—टाढा भएको वस्तुलाई देख्न सकिने यन्त्र या प्रक्रिया—'दूरदर्शन' को राम्रै महिमा वढ्दै गयो ।

यौगिक—रासायनिक—तत्वहरूको मिश्रणवाट वनेको बस्तु—के हो 'यौगिक' भन्ने त्यो विज्ञानमा छ वर्णन ।

व्यास—वृत्तको केन्द्रविन्दुवाट गएको जीवाको लम्बाई—गर्दा गणितको ज्ञान 'व्यास'को नै महत्व छ

शताङ्क—शयलाई चिनाउने चिह्न, प्रतिशत—प्रविधि क्षेत्रका मित्र महिमा छ 'शतांक' को ।

स्नायु—नसा—'स्नायु' मा क्वै भए मात्र शरीर वन्छ खञ्जर ।

९—शिक्षा र सञ्चार क्षेत्रका शब्दहरू :—

दूरसञ्चार—आकाशवाणी—'दूरसञ्चार' को राम्रो विकास गर्नुपर्दछ ।

नामांकन—नाम अंकित भएको त्यस्तो किसिम वा शुल्क—'नामांकन' छ है तिम्रो यही नै पढ्नु पर्दछ ।

निःशुल्क—फीस वा शुल्क नलगाइएको—'निःशुल्क' पढ्न पाउने व्यवस्था हुनु पर्दछ ।

प्रश्नावली—प्रश्नहरू समूह—'प्रश्नावली' बुझी राम्रो सही उत्तर देऊ है ।

प्रसारण—व्यापक रूपमा फिजाउनु वा प्रचार गर्नु—'प्रसारण' भयो ज्यादै काम भने छ शून्य नै ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राश्निक—प्रश्न तयार गर्ने व्यक्ति—योग्य 'प्राश्निक' नै छैनन् यो त भन्नु अनर्थ हो ।

पुनःपरीक्षा—असफल भएको विषयमा फेरि जाँच दिने व्यवस्था—हों यो 'पुनः परीक्षा' को चलन हाल सालको ।

बहुमुखी—धेरै विषय भएको वा रहने संस्था—'बहुमुखी' कलेजमा धेरै विषय हुन्छ नै ।

बहूद्देश्यीय—धेरै उद्देश्य भएको वा रहने संस्था—'बहूद्देश्यीय' को लक्ष्य सबैमा हुनु पर्दछ ।

मापन—तुलो, तौलने काम, एक किसिमको मूल्याङ्कन—तिम्रो 'मापन' मा ज्ञान रै न छ पछि नै हट ।

मूल्याङ्कन—योग्य र अयोग्य छुट्याउने विधि या तरिका—'मूल्याङ्कन' सही हुन्छ साँचो मानिस हो भने ।

(✓) १—मानविकी र सामाजिक शास्त्र क्षेत्रका शब्दहरू—

विशिष्ट प्राविधिक शब्द ↓	अर्थज्ञान ↓	वाक्यमा प्रयोग ↓
अधिमूल्यन—	मूल्य बढाएको	सुनको भाउमा ऐले ज्यादै भो 'अधिमूल्यन' ।
अनुमोदन—	सहमति, समर्थन जनाउँदा गरिने कार्य	'अनुमोदन' को कार्य गरी त्यो' काम शीघ्र होंस् ।
अनुसूची—	कोष्ठक या व्यवस्थित सूचीका रूपमा दिइएको त्यो नामावली, जुन प्रायः कुनै विवरण, नियमावली आदिका रूपमा परिशिष्ट जस्तो हुन्छ ।	अनुसूचीहरूमा नै कुरा त्यो प्रष्ट लेख्नुहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभिलेख–	सुर र तामाका पाता तथा ढुङ्गा आदिमा लेखिएका विविध महत्व का रिकार्ड, दैनिक कार्य विवरण	आदित्य मल्लको हाम्रो प्राचीन 'अभिलेख' हो ।
आवासीय–	खान र बस्नलाई सुविधा भएको शिक्षण संस्था आदि ।	छ 'आवासीय को राम्रो' व्यवस्था त्यस ठाउँमा ।
कार्यविधि–	काम गर्ने तरिका, कुनै सभा, गोष्ठी, कार्यालय आदिमा कार्य संचालन गर्ने व्यवस्था ।	'कार्यविधि' भए राम्रो कार्य सुन्दर बन्दछ ।
ध्वनि —	शब्द विशेष, साधारण शब्दहरूको प्रयोगबाट चमत्कारी अर्थ ध्वनि त हुनु ।	'ध्वनि' मर्मज्ञ विद्वान आनन्दवर्धनै न हुन् ।
निरस्त्रीकरण–	आणविक अस्त्रहरूलाई परिसीमन गर्न गरिने कार्य वा सन्धि	'निरस्त्रीकरणै' हुन्न होडमा कहिल्यै पनि ।
परिशिष्ट—	पूरक अंश, पुस्तक, लेख आदिमा छुट भएको कुरा उल्लेख भएको या विशेष अंश	छुटपुट भए केही लेख है 'परिशिष्ट 'मा' ।
प्रतीक—	त्यो जस्तै सोझै नभनी घुमाएर भनिएको वा लेखिएको साहित्य	प्रतीकात्मक पारामा लेखिन्छ काव्य सुन्दर ।
प्रस्तर —	कुनै भाँचिएको हात जोड्न हलचल नहोस् भनी लगाइने सिमेन्ट, ग्रन्थको भाग वा ढुङ्गा	हात त्यो भाँचिएकै छ प्रस्तर गर्नु पर्दछ वा हुन् 'प्रस्तर' कला जान्ने नेपालीहरू बुझ्नुहोस् ।
भाषिक—	भाषाद्वारा भएको, भाषामा हुने या सम्बन्धित	भाषिक क्षेत्रका केही ज्ञान त हुनुपर्दछ ।
भूप्रकृति—	पृथ्वीको बनावट, भुइको आकार प्रकार	यो 'भूप्रकृतिले' ले गर्दा देशको चाल यो भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूराजनीति–भूमिको आधारमा गरिने राज-नीति	'भूराजनीति' ले गर्दा को कहाँ के भई सक्यो।
मुद्रास्फीति–कुनै देशको मुद्रा विशेष कारणवश असाधारण रूपमा प्रचलनमा आउनु	'मुद्रास्फीति' भएमा त गरिन्छ अवमूल्यन।
रागिनी–जय श्री नामक लक्ष्मी, एक प्रकारको राग–जसको संख्या ३० बाट ३६ बताइन्छ	मै हुं भन्ने सबै मान्छे 'रागिनी' बाट मुग्ध छन्।
रेखाचित्र–रेखाद्वारा तयार भएको तस्वीर वा चित्र, वर्गाकार कागजमा कुनै वस्तुको आकार	त्यै रेखाचित्रको ऐले महिमा वढ्दै गयो।
विशिष्ट–सर्वोत्तम, माथिल्लो तहको	'विशिष्ट' भन्नु कसलाई जो राम्रो काम गर्दछ।
विस्थापित–विदेशी आक्रमण या स्वदेशी अधि-नायकवादी व्यवस्थाको कारणले शरणार्थी बनेको, नयाँ बस्ती बसाइएको	'विस्थापित' भए धेरै शासक छुद्र भै दिंदा।
वृत्तचित्र–एक प्रकारको चलचित्र, कुनै कथावस्तुमाथि तयार गरिएका चलचित्र, जस्तै–तस्वीर, जीवनीमा आधारित चित्र	त्यं नै परालको आगोमा 'वृत्तचित्र' लेखियो।
शक्ति—शक्ति पूजक, शक्ति उपासक, तन्त्र पद्धतिबाट शक्तिको पूजा गर्ने, शक्ति मतालम्बी	शक्ति पूजकको नाम 'शाक्त' बनेर फैलियो।
शिविर—क्याम्प, छाउनी, राजनैतिक वा अन्य संस्थाहरूका कार्यकर्तालाई प्रशिक्षण दिने ठाउँ	'शिविर' भो भने राम्रो क्वै न क्वै काम बन्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शीतयुद्ध—सेना या हातहतियार बिना नै परस्पर विरोधी प्रचार-प्रसारको माध्यमले युद्ध हुन सक्ने सम्भावनाको अवस्था।	अमेरीको र रूसीको हमेशा 'शीतयुद्ध' छ।
स्मारिका—स्मृतिपत्र, सानों पुस्तिका	यो तिम्रो चाल कस्तों हो 'स्मारिका' दिनु पर्छ के?
सन्दर्भ—विषय, प्रसङ्ग, सिलसिला मिलाउने प्रक्रिया	'सन्दर्भ' ग्रन्थ धेरै छन् यो पुस्तक तयारमा।
सहभागिता—सहभागी हुनाको अवस्था या भाव, कुनै विषयमा भाग लिनु	के 'सहभागिता' वन्नु नै काम हुन्न क्वै।

२—कानून क्षेत्रका शब्दहरू—

अधिकारपृच्छा—सर्वोच्च अदालतले कुनै मानिस वा संस्थालाई त्यसले वा मताधिकार दावी गरेको भनी सोध्न दिएको लिखित आदेश	त्यै 'अधिकारपृच्छा' को आदेश हुनु पर्दछ।
अधिवक्ता—अधिकृत तहको कानूनी व्यवसायी, वकिल	'अधिवक्ता'हरू मात्रै वहस गर्न सक्छन्?
अध्यादेश—विशेष समयको लागि राष्ट्रको सर्वोच्च सत्ताबाट जारी भएको कानून सरहको आज्ञापत्र	'अध्यादेश' भयो जारी अब के हुनु पर्छ र।
अभिवक्ता—एक प्रकारको वकिल, वहस गर्ने कानूनी व्यवसायी, प्लिडर	'अभिवक्ता'हरू राम्रै कानूनी व्यवसायी हुन्।
आज्ञप्ति—आज्ञा, आदेश, देवानी मुद्दामा न्यायालयद्वारा कसैको पक्षमा दिएको निर्णय	न्यायालयहरूले 'आज्ञप्ति' नै गर्न सक्तछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्प्रेषण—सर्वोच्च अदालतले आफ्ना मातहतमा अदालतहरूबाट मिसिल आदि झिकाउन दिइने आदेश — माथिबाटै बुझभित्र त्यो उत्प्रेषण जारी भो

तहकिकात—सर्जमिन, खोज, मौका, तैकात र अन्य सबूत, प्रमाण संकलन गर्ने काम समेत — 'तहकिकात' गर्नु नै न्यायको शुरूवात हो ?

परमादेश—तल्लोतहका अदालत, संस्था अधिकारी आदिलाई कुनै काम गर्न वा नगर्न लगाउन सर्वोच्च अदालतले दिने आदेश — 'परमादेश' भो जारी त्यो सर्वोच्चबाट भर्खर।

पुनरावलोकन—दोहोर्‍याएर हेर्ने काम, दण्ड सम्बन्धी निर्णयमा फेरि विचार गर्ने काम — न्यायको काम हो राम्रो त्यै 'पुनरावलोकन'।

रहजनी—बाटाघाटाको एकान्त ठाउँमा डकैती गर्ने काम, बाटो-घाटो या जंगलमा ढुकी जबर्जस्ती गरेको चोरी — 'रहजनी' भए ज्यादै यहाँ के शान्ति नै छ र ?

विधेयक—विधायिका पेश गरिने विधान या कानूनको प्रस्तावित रूप, ऐनको मस्यौदा — 'विधेयक' पास पछि त्यै ऐन बन्दछ।

समाह्वान—समन, फौजदारी मुद्दामा बोलाउने उर्दी — 'समाह्वान' त जारी भो सर्वोच्चबाट भर्खर

३—व्यापार, वाणिज्य र जनप्रशासन क्षेत्रका शब्दहरू

अन्तःशुल्क—आफ्नै देशमा बन्नेका वस्तुमा आफ्नै सरकारले लगाउने कर — 'अन्तःशुल्क' बढाएर नयाँ उद्योग बढ्छ र !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आपूर्ति—सापटी आदि लगेको धन पूरा गर्नु	'आपूर्ति' नगरी बस्ने कस्तो त्यो व्यवहार हो !
कार्यवाहक—साविक पदभन्दा माथिको पदमा केही समयको लागि त्यो पद सम्हाल्ने व्यक्तिलाई प्रयोग हुने शब्द	'कार्यवाहक' भै मैले त्यो काम अब गर्दछु ।
तदर्थ—विशेष कामलाई गठन भई काम सकिए पछि खारेज हुने	त्यै काम गर्नलाई नै 'तदर्थ' गठने गरौं ।
धनादेश—विमा आदिबाट आफ्नै देशभित्र र एक देशबाट अर्को देशमा पैसा पठाउन बैंक, हुलाक आदिले दिएको सुविधा	'धनादेश' हरूबाटै व्यापारी काम गर्दछन् ।
निगम—आधा जति सरकारी अनुदान पाएका व्यक्तिगत रूपमा सञ्चालित संस्था	'निगम' नबने सम्म खै त्यो के काम बन्छ र !
निलम्वन—भै रहेको पदबाट (कार्यवाहीको टुङ्गो नलागेसम्म) निकाल्ने काम, खोसुवा, खारेज	त्यसले घुस खाएछ 'निलम्वन' गरी दिए ।
निवृत्तिभरण—निश्चित अवधिसम्म काम गरी अवकाश लिने कर्मचारी लाई सरकार वा संस्थाले निजको जीवन भर दिन रकम	आधार कर्मचारीको 'निवृतिभरणै' न हो ।
निक्षेप—धरोट राख्नु, बन्धक राख्नु वा जम्मा गर्नु	'निक्षेप' कार्यको राम्रो व्यवस्था बैंकमा न छ ।
पदेन—साविक पदको आधारमा कुनै समितिहरूमा पदाधिकारी हुनु	छोरै संस्थाहरूमा त छन् सदस्य 'पदेन' नै ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पदोन्नति—भैं रहेको पदबाट त्यस भन्दा माथिको पदमा बढुवा हुनु	'पदोन्नति' भए चाँडो काम क्वै बन्न सक्तछ ।
परमाधिपति—श्री ५ लाई जनाउने शब्द, देशको सर्वोच्च व्यक्ति	सर्वोच्च व्यक्ति नै हुन्छन् 'परमाधिपति' हुने ।
परिवहन—सवारीको सुविधा, यातायात-को सुविधा	'परिवहन' को सन्धि भारतसँग गर्दछौं ।
प्रविष्टि—पुस्तक, खाता, आदिमा लेख्ने, टिप्ने वा दर्ता गर्ने काम, त्यो वस्तु जो यस प्रकार लेखिन्छ वा दर्ता गरिन्छ	बिसिन पनि सक्ने छ 'प्रविष्टि' गरिहाल है ।
पारपत्र—सम्बन्ध विच्छेद गर्दा लेखिने कागत, राहदानी	'पारपात्र' गरी हाल राम्रो सम्बन्ध छैन त ! 'पारपत्र' भए मात्र विदेशी घुम्न सक्तछन् ।
पारवहन—कुनै एक देशले एउटा देश हुँदै अर्को देशसँग गर्ने आयात-निर्यात	'पारवहन'को सन्धि बुझेर मात्र गर्नु है ।
विनियोजन—राजस्वको कति अंश कुन काम-मा खर्च गरिन्छ भन्ने विवरण	लेखाजोखा गरी राम्रो पास होस् 'विनियोजन' ।
संयोजक—कुनै संघ, संस्थामा शुरूमा स्थायी समिति गठन गर्न आव-श्यक व्यवस्था मिलाउन बनेका समितिको प्रधान	हो 'संयोजक'को काम स्थायी समिति तर्जुमा ।
ज्ञापन—सूचना दिने काम, स्मृति पत्र वा सम्झौटो, जसमा चाहिंदा सबै बुँदाहरू छोटकरीमा लेखिएको हुन्छ	जानु संघर्षमा भन्दा पैले 'ज्ञापन' नै दिऊँ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४--प्रविधि र विज्ञान क्षेत्रका शब्दहरू :--

ऋणात्मक कण–शून्यतिर प्रविष्ट गराउने ससानो धूलो	'ऋणात्मक कण' ले हो त्यो शून्यतिर लैदिने ।
चालक शक्ति–चालन सामर्थ्य भएको, चलाउने क्षमता भएको	'चालक शक्ति'को ऐले बढी नै महिमा छ हैं ।
जीवावशेष--भूमिको भित्री तहबाट निकालिएको प्राचीनकालको जीवको चिनो	'जीवावशेष' को राम्रो विज्ञानमा छ वर्णन ।
निर्जीवीकरण–प्राणीरहित पारिएको, जीव नभएको पारिएको	विषाक्त बमले ऐले 'निर्जीवीकरण' गऱ्यो ।
विकिरण—विभिन्न असाधारण किरणहरू, जस्तै क्ष-किरण, अल्फा किरण	'विकिरण' बुझे नानी महत्वपूर्ण यन्त्र हो ।
सापेक्षित आर्द्रता–अपेक्षित रूपमा रहेको तरल चिसोपन	रेडियोबाट भन्ने त्यै हो 'सापेक्षित आद्रता' ।
संवहन—राम्रोसँग प्रवाहित हुने क्रिया	'संवहन' भए मात्र त्यो काम बन्न सक्छ छ ।
क्षेप्यास्त्र—टाढा-टाढासम्म मार हान्न सक्ने क्षमता भएको शक्तिशाली रकेट	'क्षेप्यास्त्र'को प्रहारले शुद्ध झन् अब चकियो ।

५--कृषि, वन, चिकित्सा र इन्जिनियरिङ्ग क्षेत्रका शब्दहरू

अन्तरङ्ग—चिकित्सालयको भित्रीभाग	'अन्तरङ्ग' लगी हाल यो बिरामी सिकिस्त छ ।
उपकरण—कुनै वस्तुहरू नाप्ने, जाँच्ने, काट्ने आदि कामको लागि प्रयोग गरिने वस्तु वा साधन	'उपकरण' को राम्रो व्यवस्था गरिहाल है ।
ऐलानी—सरकारो तिरो नचलेको बाँझो पर्ति जग्गा	'ऐलानी' को गरे हुन्छ आवादी कर दवै तिरी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कार्यशाला—कुनै काम वा परीक्षण गर्ने घर, काम गर्ने ठाउँ	'कार्यशाला' भए मात्र काम बन्दछ सुन्दर।
खण्डवृष्टि–सबै ठाउँमा एकनाससँग वर्षा नभै कहीं-कहीं मात्र वर्षा हुनु	'खण्डवृष्टि' भएमा त अनिकाल छ निश्चय।
खण्डास्मित—ढुङ्गा गिट्टी आदि छापेको, तर कालोपत्र नलगाएको बाटो	'खण्डास्मित' गरी पैले कालोपत्र लगाउनू।
गणक—गणना गर्ने व्यक्ति, ज्योतिषी	'गणक नभएसम्म' काम के हुन्छ बैंकमा।
छत्र—छाता, घाम आदिको प्रकोप रोक्ने साधन विशेष	'छत्र'को काम नै मुख्य हो घाम आदि रोक्नु।
जिरायत—पूर्ण देखरेख नभएको धनीहरूको जग्गा, जमीनदारका खानकोमा तोकिएको वा जमीनदारले खेती गरेको जग्गा	भूमिसुधार भो लागु तर छ है 'जिरायत'।
तालिका—सूची, नामावली आदि उल्लेख गरिएको कार्यसूची	'तालिका' लौ गर पेश नत्र त्यो काम हुन्न है।
निदान—उपाय पत्ता लगाउने कार्य विशेष, कारण, परिणाम	'निदान' को खोज गर नत्र' त पछुताउला।
परागण—परागकोषबाट गर्भामुखमा परागग-हरूको स्थानान्तरण हुने प्रक्रिया	'परागण' हरूद्वारा हुन्छ र गर्भधारण ?
प्रजाति—विशेष हीन जातिको, काम गर्ने व्यक्ति	हो यो 'प्रजाति'को मान्छे भनेर हेर्न मिल्दछ !
प्रतिरोपण—रोप्ने काम विशेष	'प्रतिरोपण' को काम यै वर्ष गर्नु पर्दछ।
प्रशोधन—राम्रोसँग शुद्ध पारिएको वा गरिएको	भो 'प्रशोधन'को काम के ऋण मात्र खाइयो ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बहिरङ्ग—चिकित्सालयको बाहिरी भाग	त्यो 'बहिरङ्ग' मा आज कस्तो हूल भएछ ए !
भूक्षरण—जमीनको नाश हुने काम, माटो आदिको कटाइ	यो 'भूक्षरण' को काम ऐले त बहुतै भयो।
रक्तचाप—रगतको संचालन हुँदा धमनी या शिरमा दिने दबाव या चाप	'रक्तचाप' बढेमा त मान्छे विक्षिप्त बन्दछ ?
शल्यचिकित्सा—चिरफार गरी रोग निको पार्ने प्रक्रिया	गरौं 'शल्यचिकित्सा' नै अरू उपाय के छ र !
सर्वेक्षण—कुनै ठाउँ वा वस्तुलाई विशेष किसिमले निरीक्षण वा हेर्ने काम	'सर्वेक्षण' गरी पैले काम त्यो गर्नु पर्दछ।
सारिणीकरण—तालिकाबद्ध गरिएको एक प्रकारको सूची	'सारिणीकरणै' मात्र-बाट के काम हुन्छ र ?
स्थपति—कारिगरीको प्रकार विशेष वा भवन निर्माण कला शिल्पी	रोकियो घरको काम 'स्थपति' को अभावमा।
क्षेत्रीय-पुस्तिका–निश्चित ठाउँलाई आधार मानी लेखिएको सानो पुस्तक या नक्सा	'क्षेत्रीय-पुस्तिका' पैले पास नै गर्नु पर्दछ।

६—शिक्षा क्षेत्रका शब्दहरू :—

अभिप्रेरणा—सबैतिरबाट प्राप्त हुने उत्साह, कुनै विषयमा चाख उत्पन्न गराउने प्रक्रिया वा कुनै विषयप्रतिको झुकाव	त्यै 'अभिप्रेरणा' द्वारा को कहाँ के भई सके।
अभिवृत्ति—कुनै किसिमको जीविकाको मेलो, लगाव	त्यै 'अभिवृत्ति' द्वारा नै म यो जीवन धान्दछु।
अभिक्षमता—विशेष किसिमको दक्ष जनशक्ति वा निपुणता	त्यो 'अभिक्षमता' वृद्धि भए त शुभ चिह्न हो !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दीक्षान्त—कुनै निश्चित समयको अध्ययन वा तालिम सकेपछि गरिने समारोह — उपकुलपतिज्यूले गरे 'दीक्षान्त' भाषण।

परियोजना—कुनै नयाँ काम गरिने ठाउँ, कुनै विषयमा खोजी गरी लेख्ने प्रक्रिया — त्यो 'परियोजना' कस्तो हात मलाइमा हुने।

परीक्षा—कुनै निश्चित समयमा जाँच लिने प्रक्रिया — 'परीक्षा' लेउ है राम्रो नत्र त केन्द्र हट्‌त छ।

प्रत्यक्षीकरण—सामुन्नेमा देखिने वा देखिने बनाइएको — 'प्रत्यक्षीकरणै' द्वारा काम देखिन्छ के भयो ?

मध्यावधि—कुनै पनि कार्य योजना वा पद्धतिको बीचको समय — यो 'मध्याधि'मा ऐले काम त अधुरै भयो !

व्यक्तिवृत्त—व्यक्ति विशेषको विवरण या जीवनीचित्र — त्यो 'व्यक्तिवृत्त'हे साथी कस्तो सुन्दर देखियो।

सरलीकरण—सरल पारिएको पाठ्य सामाग्री सजिलो पारिएको — 'सरलीकरणै' गर्नु त मेरो मुख्य लक्ष्य हो।

समायोजना—राम्रोसंग आयोजना गरिएको, राम्रोसँग मिलाइएको — 'समायोजना' कस्तो छ ? त्यसैले काम बन्दछ।

संपरीक्षण—राम्रोसंग जाँचिको, एउटाले जाँचे पछि फेरि अर्कोले जाँच्ने काम — 'संपरीक्षण' को काम अन्तिम मान्नु पर्दछ।

सामान्यीकरण—साधारण बनाइएको वा सरल पारिएको — 'सामान्यीकरण' द्वारा सबैमा हुन्छ बोधक।

सावधिक—समयमा नै गरिएको वा (तोकिए-को समयमा निस्कने पत्रपत्रिका) आदि — आर्थिक नभए हुन्न 'सावधिक' प्रकाशन।

सुपरिवेक्षक—कुनै काम के-कस्तो भएको भनी जाँचबुझ गर्ने व्यक्ति — विवेकीपन नै त्याग्ने हुन्छ 'सुपरिवेक्षक' ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(✓) १५ | वाक्यका आधारभूत तत्त्वहरू

वाक्य के हो ?

भाषामा वाक्यको स्थान महत्वपूर्ण हुन्छ। भाषिक विश्लेषण गर्न लाग्दा विभिन्न भाषिक श्रेणीक्रम (हायरार्की) का सन्दर्भमा नै वाक्यको स्थान अथवा स्थिति प्रस्ट हुन सक्तछ। यसैले तल त्यसको चर्चा गरिदैछ।

१—रूप :—

"रूप भनेको न्यूनतम अर्थपूर्ण एकाइ हो, जुन वर्णहरूका संयोजनबाट निर्मित हुन्छ र त्यही आकारलाई नै रूप भनिन्छ"। जस्तै— घरेलु' मा 'घर+एलु' दुई अर्थपूर्ण एकाइहरू छन् र यी दुई रूपलाई अर्थपूर्ण एकाइका दृष्टिले यसभन्दा अगाडि अन्तर्विभाजित गर्न नसकिने हुँदा यिनै अर्थपूर्ण एकाइका उदाहरण हुन्। यसको अर्को उदाहरणमा रूपलाई अझ प्रस्ट पार्ने उद्देश्यले 'असम्भाव्य' शब्दको व्युत्पत्ति प्रस्तुत गरिन्छ। यसमा 'अ+सम्+भव्+य=असम्भाव्य' बनेको छ। यसरी यसको व्युत्पत्ति गर्दा चार अर्थपूर्ण एकाइहरू यसमा भएको प्रस्ट छ। यस्तो तरिकाबाट मिलेर बनेका कयौं शब्दहरूको उदाहरण दिन सकिन्छ। यसको अर्को नाम 'पद' पनि हो। वस्तुतः रूपतत्व शब्द निर्माण प्रक्रियासँग सम्वन्धित छ र रूप प्रकृति मात्र पनि हो, प्रत्यय वा विभक्ति मात्र पनि हो र उपसर्ग मात्र पनि हो।

२—शब्द :—

"शब्द भनेको रूपभन्दा माथिल्लो शब्दावली (पदावली) भन्दा तल्लो भाषिक खुड्किलो हो"। यसको निर्माण एक वा एकभन्दा वढी रूपबाट हुन्छ। त्यो रूप वद्ध या मुक्त दुवै हुन सक्तछ। जस्तै—'घरेलु' मा 'एलु' वद्ध रूप हो, किनभने यो स्वतन्त्र रूपमा प्रयोग हुन सक्तैन। 'घर'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुक्त रूप हो । यो अरू कसैको सहयोग बिना नै प्रयोग हुन सक्तछ । त्यसैले शब्द 'मुक्त रूप मात्र पनि हुन सक्तछ र बद्ध तथा मुक्त रूप दुवैको समुदाय (रूप समुदाय) पनि हुन सक्तछ'।

सामान्यतः रूप-रूपका बीचमा बन्द विराम हुन्छ भने शब्द-शब्दका बीचमा खुला विराम हुन्छ जसलाई लेख्दा र छाप्ता केही ठाउँ छोडी प्रकट गरिन्छ । जस्तै—घरेलु, असम्भाव्य (बन्द विराम)। राम र श्याम, कालो र सेतो (खुला विराम) इत्यादि ।

(√) ३—शब्दावली (पदावली) :—

"पदावली (शब्दावली) भनेको त्यो भाषिक खुड्किलो हो, जुन सबभन्दा माथिल्लो र वाक्यखण्ड भन्दा तल्लो हुन्छ" । रूप-रूप मिलेर शब्द बन्छ भने शब्द-शब्द मिलेर पदावलीको निर्माण हुन्छ । पदावलीमा एउटा प्रधान शब्द र एक वा एकभन्दा बढी सहायक शब्दहरू हुन पनि सक्तछन् र दुवै वा त्यसभन्दा बढी प्रधान शब्दहरू संयुक्त रूपमा रहन पनि सक्तछन् । जस्तै—

१ पदावली	**प्रधान शब्द**	**शब्द वा सहायक शब्द**
रामको घोडा	घोडा	रामको
रामका काला घोडाले	घोडाले	रामका काला
२—पदावली	**प्रधानशब्दहरू**	**संयोजक**
राम र श्याम	राम श्याम	र
दाजु र भाइ	दाजु भाइ	,,
३—पदावली	**संयुक्त या समानाधिकरण शब्दहरू**	

जुठे दमाई, काले घर्ती—क— जुठे, काले, ख—दमाई घर्ती, इत्यादि ।

यी पदावली सायान्यतः नाम, विशेषण, क्रिया र अव्ययको रूपमा प्रस्तुत गरिन्छन् । जस्तै—

१—नाम पदावली (नाम शब्दावली) :—रामको घोडा, मेरी आमा इत्यादि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२--विशेषण पदावली--ज्यादै सेतो, घेरै कालो इत्यादि ।

३--क्रियापदावली--गरिएको देखिएको छ, भनिएको पाइएको छ इत्यादि ।

४--अव्ययपदावली--अत्यन्तै सावधानीपूर्वक, अति होशियारी साथ इत्यादि ।

(√) ४—वाक्य खण्ड वा वाक्यांश ।—

"वाक्य खण्ड भनेको त्यो भाषिक खुड्किलो हो, जुन पदावलीभन्दा माथिल्लो वाक्यभन्दा तल्लो अवस्था हो" । वाक्यखण्डका लागि समापिका क्रिया बाहिरी संरचना दृष्टिले आवश्यक मानिन्छ । यसमा पूर्ण विराम नभए तापनि शब्द वा पदावलीभन्दा ठूलो अडान हुन्छ । अर्थका दृष्टिले वाक्य सामान्यतः आफैमा पूर्ण अर्थात् एक पूरा कुरा बुझाउने हुन्छ भने वाक्य खण्ड—संयुक्त, मिश्र वा मिलित वाक्य अन्तर्गत रहने एक खण्ड, अंश वा अंग हो । जसलाई तलका उदाहरणद्वारा प्रस्ट पार्न सकिन्छ । जस्तै--

संयुक्त वा मिश्र वाक्य	वाक्यखण्ड
जो राम्रो पढ्छ, त्यो पास हुन्छ ।	१--जो राम्रो पढ्छ, २--त्यो पास हुन्छ ।
रमेश आयो र सुरेश गयो ।	१--रमेश आयो २--सुरेश गयो इ० ।

५—वाक्य :—

"वाक्य भनेको भाषिक खुड्किलो रूपमा वाक्यखण्ड भन्दा माथिल्लो अवस्था हो" । सामान्य रूपले भाषिक विश्लेषणका दृष्टिमा वाक्य नै सबैभन्दा माथिल्लो एकाइ हो । यो कुरा संस्कृत व्याकरणकारहरूले पनि स्वीकारेका छन् । यसमा समापिका क्रिया आवश्यक हुन्छ ।

वाक्य अन्तर्गत वाक्यभन्दा तल्ला सबै भाषिक खुड्किलाहरू समावेश हुन जान्छन् । वाक्यका आधारभूत तत्वहरू यिनै हुन् । वाक्य बन्न, का लागि कर्ता र क्रिया नभई नहुने एकाइ हो । यसभन्दा अगाडि कर्ता र क्रिया भएर पनि कहीं वाक्य पूरा हुँदैन र त्यहाँ कुनै अर्को शब्दको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आवश्यकता पर्दछ। त्यो शब्द कर्म हो। यसरी वाक्य मोटामोटी दुई प्रकारको हुन्छ--एक अकर्मक वाक्य र दुई सकर्मक वाक्य। यसभन्दा अरू शब्दहरू यिनीहरूकै गुण, अवस्था आदिको बयान गर्नका लागि प्रयोग भएका हुन्छन्। यस प्रकारले वाक्य-वाक्य मिलाएर अनुच्छेद बन्छ। अनुच्छेद-अनुच्छेद मिलाएर कथ्यौं विशालकाय पुस्तक समेत तयार पार्न सकिन्छ।

माथिका विभिन्न भाषिक खुड्किलाहरूले सामान्यतः एकपछि अर्को माथिल्ला खुड्किलाका रूपमा कार्य गर्दछन् तापनि कतिपय वाक्यहरूमा बीचका खुड्किलाहरू छोडी माथिल्ला खुड्किलातिर फड्कन पनि सक्तछन्। माथिल्ला खुड्किलाहरूले पनि तल्ला खुड्किलाका रूपमा पनि कार्य गरिरहेको देखिन्छ। जस्तै :--

१—क्रमिक रूपमा माथिबाट तल :--

वाक्य--१—त्यो रातो घोडा अहिले ज्यादै फुर्तिलो छ, जुन गतवर्ष मात्रै किनिएको थियो।

वाक्यखण्ड---१---त्यों रातो घोडा अहिले ज्यादै फुर्तिलो छ
२---जुन गतवर्ष मात्रै किनिएको थियो।

पदावली--१. त्यो रातो घोडा, २. अहिले ज्यादै फुर्तिलो छ, ३. जुन गतवर्ष मात्रै, ४. किनिएको थियो।

शब्द---त्यो, रातो, घोडा, अहिले, ज्यादै, फुर्तिलो, छ, जुन, गतवर्ष, मात्रै, किनिएको थियो।

२. फट्कने क्रममा माथिबाट :--

वाक्य--राम आयो। शब्द---राम, आयो।

यही क्रमलाई उल्टो गराएमा तलबाट माथिका उदाहरण बन्न सक्तछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(+) अध्याय १६ | वाक्यमा उद्‌देश्य र विधेय

उद्देश्य र विधेय भनेको के हो ?

भाषिक अध्ययन र अभ्यासका क्रममा सामान्यतः सरलवाक्यलाई नै मानकका रूपमा स्वीकारिन्छ र उद्देश्य र विधेयको पहिचान पनि सरल वाक्य अन्तर्गत नै गर्न सकिन्छ ।

सरल वाक्यमा निर्णयकारी केन्द्रीय घटकका रूपमा भन्न खोजेको कुरा पूरा हुने प्रत्येक वाक्यमा दुई खण्ड हुन्छन्–१. उद्देश्य र २. विधेय । सरल वाक्यका अन्य घटक तत्वहरूले यिनै दुई उद्देश्य र विधेय खण्डको विस्तार गर्छन् । त्यसैले सरल वाक्यमा उद्देश्य र विधेय केन्द्रीय घटक र अरू घटक भने अपरिहार्य होइनन्, तिनै केन्द्रीय घटकका विस्तारक रूप मात्र हुन् ।

१. उद्‌देश्य :

"कसैको बारेमा केही कुरा भन्ने वा व्यक्ताउने शब्दलाई उद्देश्य भनिन्छ" । त्यसोहुंदा उद्देश्य भन्नाले कुनै सरल वाक्यको त्यो भाग (खण्ड) बुझिन्छ, जुन नाम वा नामस्थानिक हुन्छ र जसले प्रायः कर्ताका रूपमा कार्य गर्छ । जस्तै :—

राम गयो । ऊ आयो । डुल्नु राम्रो हो । यी वाक्यमा पहिलो 'राम' नाम र दोस्रो र तेस्रोमा 'उ, डुल्नु' नामस्थानिक उद्देश्य हुन् ।

२. विधेय :

"उद्देश्यका बारेमा भनिने कुरालाई बुझाउने शब्दहरू विधेय कहिन्छन्" । त्यसो हुंदा विधेय भन्नाले कुनै सरल वाक्यको त्यो खण्ड बुझिन्छ, जुन क्रियापदका रूपमा रहेको हुन्छ र जसले नाम वा नामस्थानिक (प्रायः कर्ता) का बारेमा केही कुरा भन्ने गर्दछ, त्यही नै विधेय हो । जस्तै :—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूर्य उदायो। फूल फुल्यो। भात पाक्यो। यी वाक्यहरूमा 'उदायो, फुल्यो र पाक्यो' क्रियापदले 'सूर्य, फूल र भात'को बारेमा केही कुरा भनिएकाले उद्देश्य हुन्।

यसरी अतिसामान्य सरल वाक्यमा त केही अप्ठेरो पर्दैन, त्यसमा पनि अकर्मकवाक्य होस्, किनभने यसमा कर्ता र क्रिया मात्र हुने हुँदा कर्ताको रूपमा प्रयोग हुने शब्द उद्देश्य क्रियाको रूपमा प्रयोग हुने शब्द 'विधेय' हुन्छ। हिसाब सोझो छ, तर कर्ता र क्रिया वाहेकका अरू शब्द प्रयोग भएका वाक्यहरूमा केही अप्ठेरो आइपर्छ। यो अप्ठेरोपनलाई हटाउन 'उद्देश्य र विधेय'लाई केन्द्रीय घटक मानी 'उद्देश्य विस्तार र विधेय विस्तारक'को रूपमा अरू शब्दहरूलाई राख्न सकिन्छ। जस्तै :–

१—सूर्य उदायो। २—देश सबैको साझा हो। ३—असल मानिसले अरूको उपकार गर्नुपर्छ। ४—बुद्धिमान विद्यार्थी आफ्नो शिक्षकलाई ज्यादै मान्दछ। यी वाक्यमा पहिलो वाक्य अति सामान्य सरल वाक्य र अरू तीन वाक्यहरू सरल वाक्यहरू हुन्। यिनीहरूलाई तलको तालिकावाट यसरी देखाउन सकिन्छ।

उद्देश्य	उद्देश्य विस्तार	विधेय	विधेय विस्तार
१—सूर्य	×	उदायो	×
२—देश	×	हो	सबैको साझा
३—मानिस	असल	गर्नुपर्छ	अरूको, उपकार
४---विद्यार्थी	बुद्धिमान	मान्दछ	आफ्नो, शिक्षकलाई

माथिका उदाहरणवाट के प्रस्ट भयो भने 'उद्देश्यखण्ड' कर्तासँग सम्बन्धित छ र 'विधेय खंड' क्रियासँग। यसरी सरल वाक्यमा उद्देश्य-सँग सिधै सम्बन्धित उद्देश्य विशेषण या त्यसका सट्टामा शब्दहरू र यिनीहरूसँग परम्परागत रूपमा सम्बन्धित हुने सबै घटकहरू (शब्दहरू) उद्देश्य विस्तार अन्तर्गत पर्छन् भने विधेयसँग क्रियायोगी अव्यय (क्रिया

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशेषण) र यससित परम्पराद्वारा सम्बन्धित हुन आउने अन्य सबै घटकहरू विधेय विस्तार हुन्। भाववाच्य प्रयोग भएको वाक्यमा भने उद्देश्य अदृश्य रहन्छ र विधेय मात्र प्रयोगमा आएको हुन्छ। जस्तै :— नहेरे देखिन्न। भेटिए खाइएला इत्यादि।

टिप्पणी :—

सरल वाक्यका उद्देश्य, विधेय र तिनको विस्तार सम्बन्धी मान्यता वाक्यको विश्लेषणात्मक अध्ययक गर्ने एक तरिका हो। यसबाट वाक्य' का घटकहरू र तिनको पारस्परिक सम्बन्धका बारेमा प्रशस्त जानकारी हुंदा-हुँदै पनि यसका उद्‌देश्य र विधेय सम्बन्धी स्थापना र केन्द्रीय अपरिहार्य तथा परिधीय (परिहार्य) घटक सम्बन्धी वर्गीकरण एवं विस्तारक्रमका सन्दर्भमा साक्षात् तथा परम्परागत अन्वय आदिका पर्याप्त कठिनाइ समेत छन् भन्ने कुरा नकार्न सकिदैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(+) १७ | वाक्यको वर्गीकरण

"भाषिक क्षेत्रमा दुई वा दुईभन्दा बढी पूरा कुराको सार्थक पद-समूह नै वाक्य हो"। यसमा उद्देश्य भाग एवं विधेय भाग गरी दुई पाटा हुन्छन्। यसरी बनेका वाक्यहरू लामा पनि हुन सक्तछन् र छोटा पनि। यही आधारमा नेपाली भाषाका तीन भेद छन्।

१. सरल वाक्य—

"एउटा उद्देश्य (कर्ता) र एउटा विधेय (क्रिया) मिलेर बनेको वाक्यलाई 'सरल वाक्य' भनिने चलन छ। यस किसिमको वाक्यमा उद्देश्य विस्तार एवं विधेय विस्तारलाई पर्गेल्न सकिंदैन र क्रिया सरल मात्र होइन संयुक्त पनि हुन सक्तछ। जस्तै--

भाइ आयो। दाइ आउनुहुन्छ। दिदी आउन् हुन्छ। घोडा दौडन्छ। पानी पर्छ। नानीहरू हो राम्रोसँग पढ। मेरा मन आज ज्यादै प्रसन्न भएको छ। मेरो भाइ दुई दिनको लागि बाहिर जाँदैछ। मेरो बुबा बाहिरबाट आउँदै हुनुहुन्छ। तिमी छँदा छँदै म यो अपमान कसरी सहूँ! तिमी जाने कि? इत्यादि।

२. मिश्रवाक्य–

"यस प्रकारका वाक्यमा एउटा मुख्य र 'यो, जो' शब्दबाट बन्ने रूप 'भनेको, कि, किनकि' संयोजकले जोडिएका एक या त्यो भन्दा बढी अंग वाक्य (आश्रित वा उपवाक्य) मिलेर बनेको वाक्यलाई मिश्रवाक्य भनिन्छ'। मिश्रवाक्य भित्र रहेको वाक्यले आफ्नो अर्थ बुझाउन अर्को वाक्यको अपेक्षा नराख्ने (निरपेक्ष) वाक्यलाई मुख्य उपवाक्य, र आफ्नो अर्थ बुझाउन अर्को वाक्यको अपेक्षा राख्ने (सापेक्ष) वाक्यलाई आश्रित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपवाक्य भन्दछन् । केही व्याकरणकारहरूले मुख्य उपवाक्यलाई 'अङ्गी उपवाक्य, स्वाधिन उपवाक्य र प्रधान उपवाक्य' पनि भन्दछन् भने त्यस्तै आश्रित उपवाक्यलाई 'अङ्ग उपवाक्य, अधिन उपवाक्य र अप्रधान उपवाक्य' भन्ने गर्छन् । जस्तै--

म खाऊँ मै लाऊँ, यसले सबैलाई स्वार्थी बनाएको छ । जो अरूको उपकारको लागि सदा तयार रहन्छ, त्यो सच्चा मनुष्य हो । जसले यो पुस्तक ल्याएको हो, उसलाई देऊ । जसले सोझो चितायो, उसको भलो हुन्छ । तपाइंले जुन काम अह्राउनु भयो, त्यो काम म गर्दछु । जसले बेसरी इलम गरेको छ, जो बुद्धि पुऱ्याई काम गर्दछ, जसमा आलस्य छैन, त्यही परिणाममा सुखी हुन्छ इत्यादि । यी वाक्यहरूमा अगाडिका सबै आश्रित उपवाक्यहरू हुन् र प्रत्येक वाक्यका अन्त्यमा रहेका एकेक मुख्य उपवाक्यको मेलले नै मिश्रवाक्य बन्न पुगेका छन् । आश्रित उपवाक्यले मात्र भन्न खोजेको कुरा पूरा हुँदैन र मुख्य उपवाक्यको आवश्यकता पर्दछ, तर यो कुरा मुख्य उपवाक्यलाई नपर्ने कुरा माथिका उदाहरणबाट पनि प्रस्ट हुन्छ ।

माथि देखाइएका उदाहरणमा सामान्य रूपको मिश्र वाक्यलाई संकेत गरेको छ, जुन मुख्य उपवाक्यमा अगाडि आश्रित उपवाक्य लागेका छन् । यसका अतिरिक्त आश्रित उपवाक्य मुख्य उपवाक्यको अगाडि मात्र होइन पछाडि र बीचमा संमेत रहन्छ । जस्तै--

आश्रित उपवाक्य पछाडि रहेको--त्यो व्यक्तिले बेइमानी कहिल्यै गर्दैन, जसको मानवतामा विश्वास छ । त्यो देशको गद्दार होइन, जसको हृदय राष्ट्रिय भावनाले भरिएको छ इत्यादि ।

आश्रित उपवाक्य बीचमा रहेको---

दाजुले 'एकैछिन पर्खी भन्नुभयो, भाइ 'यसपाला त म अवश्य पास हुन्छु भन्ने ढुक्क छ' इत्यादि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१. नाम उपवाक्य—

यस महलका आश्रित उपवाक्यहरू-उद्‌देश्य (कर्ता), उद्‌देश्य-पूरक, समानाधिकरण, कर्म, कर्मपूरक, करण र आधारको काम गर्ने रूपमा देखा पर्छन्, जस्तै—

मखाऊँ मैलाऊँ (आ० उ०), यसले मानिसलाई अन्धो बनाइएको छ (मु० उ०)। सुक्खाको परिणाम यो हुन्छ (मु० उ०) कि मानिसहरू खान पाउँदैनन् (आ० उ०)। मेरो कामना (मु० उ०) कि देशको चौतर्फी विकासगरूं (आ० उ०)। मैले भर्खर सुनें (मु० उ०), तिमी आज बिहान आयौं (आ० उ०)। पर्यटकहरू काठमाण्डौंलाई (मु० उ०), यो मन्दिरै मन्दिरको शहर हो, भन्छन् (आ० उ०)। भाइको तीखो बुद्धि छ (आ० उ०), त्यसैले त ऊ गहिरो कुरा विचार गर्छ (मु० उ०)। यस्तो भयो (आ०उ०), यसमा ध्यान देऊ (मु०उ०) इत्यादि।

२. विशेषण उपवाक्य—

"मुख्य उपवाक्य भित्रको कुनै नाम वा सर्वनामको विशेषता, जुन आश्रित उपवाक्यले, बुझाउँछ त्यसलाई विशेषण उपवाक्य भन्दछन्"। यसमा मुख्य उपवाक्य भित्र नाम वा सर्वनाम, जुन ठाउँमा रहेको हुन्छ, त्यहीं र कहीं अरू ठाउँमा पनि विशेषण उपवाक्य जोडिन्छ। त्यसले मुख्य उपवाक्य भित्रका नामहरू-कर्ता, कर्तृपूरक कर्म, कर्मपूरक, सम्प्रदान, अपादान, अधिकरण आदिको विशेषता देखाउँछ। यो उपवाक्य जोडिंदा प्रायः 'जो' शब्दवाट शुरू भई दर्शक सर्वनाम 'यो, त्यो, ऊ' बाट बनेका शब्दद्वारा आफ्नो विशेष्य (नाम) सँग जोडिन्छ। जस्तै—

जसले पढ्यो (आ० उ०), त्यसले जान्यो (मु० उ०)। सिंहदरबार नेपालको त्यो भवन थियो (मु० उ०), जो यस अधिराज्यमा सबैभन्दा ठूलो थियो (वि० उ०)। मैले देशलाई जुन सेवा गर्न खोजेको थिएँ (आ० उ०), त्यही सेवा गरे (मु०उ०) चन्द्रप्रभाले श्री५ पृथ्वीनारायण शाहलाई जस्तो आफूले तुल्याउन चाहेकी थिइन्, त्यस्तो तुल्याइन् (कर्म० पु०)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपवाक्य भन्दछन् । केही व्याकरणकारहरूले मुख्य उपवाक्यलाई 'अङ्गी उपवाक्य, स्वाधिन उपवाक्य र प्रधान उपवाक्य' पनि भन्दछन् भने त्यस्तै आश्रित उपवाक्यलाई 'अङ्ग उपवाक्य, अधिन उपवाक्य र अप्रधान उपवाक्य' भन्ने गर्छन् । जस्तै--

म खाऊँ मै लाऊँ, यसले सबैलाई स्वार्थी बनाएको छ । जो अरूको उपकारको लागि सदा तयार रहन्छ, त्यो सच्चा मनुष्य हो । जसले यो पुस्तक ल्याएको हो, उसलाई देऊ । जसले सोझो चितायो, उसको भलो हुन्छ । तपाइंले जुन काम अह्राउनु भयो, त्यो काम म गर्दछु । जसले वेसरी इलम गरेको छ, जो बुद्धि पुऱ्याई काम गर्दछ, जसमा आलस्य छैन, त्यही परिणाममा सुखी हुन्छ इत्यादि । यी वाक्यहरूमा अगाडिका सबै आश्रित उपवाक्यहरू हुन् र प्रत्येक वाक्यका अन्त्यमा रहेका एकेक मुख्य उपवाक्यको मेलले नै मिश्रवाक्य बन्न पुगेका छन् । आश्रित उपवाक्यले मात्र भन्न खोजेको कुरा पूरा हुँदैन र मुख्य उपवाक्यको आवश्यकता पर्दछ, तर यो कुरा मुख्य उपवाक्यलाई नपर्ने कुरा माथिका उदाहरणबाट पनि प्रस्ट हुन्छ ।

माथि देखाइएका उदाहरणमा सामान्य रूपको मिश्र वाक्यलाई संकेत गरेको छ, जुन मुख्य उपवाक्यमा अगाडि आश्रित उपवाक्य लागेका छन् । यसका अतिरिक्त आश्रित उपवाक्य मुख्य उपवाक्यको अगाडि मात्र होइन पछाडि र बीचमा संमेत रहन्छ । जस्तै--

आश्रित उपवाक्य पछाडि रहेको--त्यो व्यक्तिले बेइमानी कहिल्यै गर्दैन, जसको मानवतामा विश्वास छ । त्यो देशको गद्दार होइन, जसको हृदय राष्ट्रिय भावनाले भरिएको छ इत्यादि ।

आश्रित उपवाक्य बीचमा रहेको---

दाजुले 'एकैछिन पर्खी भन्नुभयो, भाइ 'यसपाला त म अवश्य पास हुन्छु भन्ने ढुक्क छ' इत्यादि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१. नाम उपवाक्य—

यस महलका आश्रित उपवाक्यहरू-उद्‌देश्य (कर्ता), उद्‌देश्य-पूरक, समानाधिकरण, कर्म, कर्मपूरक, करण र आधारको काम गर्ने रूपमा देखा पर्छन्, जस्तै—

मखाऊँ मैलाऊँ (आ० उ०), यसले मानिसलाई अन्धो बनाइएको छ (मु० उ०)। सुक्खाको परिणाम यो हुन्छ (मु० उ०) कि मानिसहरू खान पाउँदैनन् (आ० उ०)। मेरो कामना (मु० उ०) कि देशको चौतर्फी विकासगरूं (आ० उ०)। मैले भर्खर सुनें (मु० उ०), तिमी आज बिहान आयौं (आ० उ०)। पर्यटकहरू काठमाण्डौंलाई (मु० उ०), यो मन्दिरै मन्दिरको शहर हो, भन्छन् (आ० उ०)। भाइको तीखो बुद्धि छ (आ० उ०), त्यसैले त ऊ गहिरो कुरा विचार गर्छ (मु० उ०)। यस्तो भयो (आ०उ०), यसमा ध्यान देऊ (मु०उ०) इत्यादि।

२. विशेषण उपवाक्य—

"मुख्य उपवाक्य भित्रको कुनै नाम वा सर्वनामको विशेषता, जुन आश्रित उपवाक्यले, बुझाउँछ त्यसलाई विशेषण उपवाक्य भन्दछन्"। यसमा मुख्य उपवाक्य भित्र नाम वा सर्वनाम, जुन ठाउँमा रहेको हुन्छ, त्यहीं र कहीं अरू ठाउँमा पनि विशेषण उपवाक्य जोडिन्छ। त्यसले मुख्य उपवाक्य भित्रका नामहरू-कर्ता, कर्तृपूरक कर्म, कर्मपूरक, सम्प्रदान, अपादान, अधिकरण आदिको विशेषता देखाउँछ। यो उपवाक्य जोडिदा प्रायः 'जो' शब्दबाट शुरू भई दर्शक सर्वनाम 'यो, त्यो, ऊ' बाट बनेका शब्दद्वारा आफ्नो विशेष्य (नाम) सँग जोडिन्छ। जस्तै—

जसले पढ्यो (आ० उ०), त्यसले जान्यो (मु० उ०)। सिंहदरबार नेपालको त्यो भवन थियो (मु० उ०), जो यस अधिराज्यमा सबैभन्दा ठूलो थियो (वि० उ०)। मैले देशलाई जुन सेवा गर्न खोजेको थिएँ (आ० उ०), त्यही सेवा गरे (मु०उ०) चन्द्रप्रभाले श्री५ पृथ्वीनारायण शाहलाई जस्तो आफूले तुल्याउन चाहेकी थिइन्, त्यस्तो तुल्याइन् (कर्म० पु०)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जसलाई चौबर बनाउनु छ, त्यसलाई बनाऊ (कर्मं०)। जो व्यक्ति चौथो छ, त्यसलाई देऊ। जसमा दोब्बर छ, त्यसबाट झिक। जति राम्रा तस्वीरहरू छन्, ती बाकसमै रहुन् इत्यादि।

३. अव्यय उपवाक्य—

यसमा उपवाक्यले मुख्य उपवाक्यको क्रियाको काल, स्थान, रीति आदि बुझाउने अव्ययको विशेषता बुझाउँछ। यो पाँच प्रकारको छ।

क—कालवाचक—

यसमा निश्चित, अवधि र पौन–पुन्य कालको रूपमा काम हुन्छ। जस्तै—

जब सूर्य अस्ताए, तब त्यो आइपुग्यो। जबसम्म मानिस यो सोच्तथ्यो कि सबैको आत्मा एउटै हो, तबसम्म संसारमा अन्याय, अत्याचार त्यत्ति बढेको थिएन इत्यादि।

ख—स्थानवाचक—

स्थानवाचक अव्यय उपवाक्यले स्थान, गतिको आरम्भ र गतिको समाप्ति बुझाउँछन्। जस्तै—

जहाँ अहिले काठमाण्डौं उपत्यका छ, त्यहाँ पहिले ठूलो दह थियो। जहिलेदेखि अन्याय र अत्याचारको वृद्धि भयो, त्यसै बेलादेखि त्यसको प्रतिकारको भावना पनि उत्पन्न भयो। जहाँसम्म चन्द्रसूर्य रहनेछन्, त्यहींसम्म नेपाली राष्ट्रिय झण्डा पनि फरफराइरहेछ इत्यादि।

ग--रीतिवाचक--

रीतिवाचक अव्यय उपवाक्यबाट समता र विषमता आदि बुझिन्छ र त्यो रीतिबोधक सार्वनामिक अव्ययद्वारा जोडिन्छ। जस्तै--

जसरी तिमी दगुर्छौ, त्यसै गरी भाइ पनि दगुर्छ। जसरी त्यो पढ्छ, त्यसरी राम पढ्दैन इत्यादि।

घ-परिमाणवाचक—

परिमाणवाचक अव्यय उपवाक्यबाट आधिक्य, न्यूनता, समता,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मात्रा आदि बुझिन्छ। यो उपवाक्य सार्वनामिक सम्बन्धी र दर्शक शब्द-द्वारा जोडिन्छ। जस्तै—

बाँस जति-जति बढ्यो; उति-उति निहुरिन्छ। दिन जति जति बढ्दै जान्छ; रात त्यति-त्यति घट्दै जान्छ। जति-जति दिन घट्तै जान्छ, त्यति-त्यति गर्मी पनि घट्दै जान्छ। जति सक्छौ, त्यति लैजाऊ इत्यादि।

ङ—कार्यकारण बोधक—

कार्यकारण बोधक अव्यय उपवाक्यबाट हेतु, संकेत, वैषम्य, निमित्त कार्य आदि अर्थ बुझिन्छन्। जस्तो—

म आमाको धेरै माया गर्छु, किनभने वहाँले मेरा लागि धेरै कष्ट सहनुभएको छ। यदि उनको कुरा कसैले मानेनन् भने उनी खुब झोंकिन्छन्। हुन त मलाई लाभ छैन, तैपनि मैले आफ्नो काम छोडेको छैन। म छाता यस निम्ति लिएर हिंड्छु कि पानीले नरूझुं। म तिम्रो पछि लाग्दिन, किनकि मलाई बुद्धु बन्नु छैन इत्यादि।

३. संयुक्त वाक्य—

"जहाँ दुई वा त्यसभन्दा बढी सरल वाक्यहरू 'र, अनि, पनि, नत्र, तर' आदि संयोजकले जोडी बन्दछ, त्यस्ता वाक्यलाई संयुक्त वाक्य भन्दछन्। जस्तो—

तिमीहरू पोखरा जाउ र त्यहाँ पन्ध्र दिन बस। राम बाठो छ, तर श्याम लाटो (छ)। धन भए पढ्न सकिन्छ, अनि सुख पनि हुन्छ र देश सेवा पनि। श्याम गरीब छ, तर ऊ मेहनती छ, नत्र त अहिलेसम्म ऊ यस धर्तीबाट बिदा लिइसकेको हुन्थ्यो इत्यादि।

संयुक्त वाक्यमा सम प्रधान उपवाक्यहरू—समुच्चय, विकल्प, विशेषता, क्रम, कार्यकारण, विरोध र पक्षान्तर गरी सात कुराको आधारमा संयुक्त हुन्छन्। जस्तै—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राम घरमा बस्छ र दिनभरि परिश्रम गरेर लेख्छ। मैले भनेको कुरा तिमीले सम्झेका छौ कि बिर्स्यौ ? कातरहरू विघ्नबाधाहरूसँग भिडिन डराउँछन्, तर कर्मठहरू विघ्न-बाधाहरूसँग भिडिन आनन्द मान्छन्। पहिले फूल फुल्छ अनि फल फल्छ। मलाई रगत देऊ, किनभने म तिमीलाई स्वतन्त्रता दिनेछु। गरीबहरूलाई धनीहरूले सहायता दिनुपर्छ, उल्टो धनीहरूले पो त गरीबलाई शोषण गर्छन्। राम्ररी मन दिएर पढ, नत्र भने फेल हौला इत्यादि।

टिप्पणी—नेपाली भाषाका अधिकांश व्याकरणकारहरूले मिलित वाक्यको अस्तित्व स्वीकारेका छैनन्, तर वार्षिक प्रणालीको स्नातकको पाठ्यक्रममा 'वाक्यका प्रकार' शीर्षकमा कोष्ठक भित्र--'सरल, संयुक्त, मिश्र र मीलत वाक्यहरू' भन्ने उल्लेख भएबाट यस वारे केही लेख्नु प्रासङ्गिक नै देखिएकाले यहाँ केही लेखिदै छ। यथार्थमा यसको कुन अवस्था हो यो कसरी बन्छ भन्ने कुरा विवादास्पद नै छ। त्यसैले त्यो झमेलातिर नलागी यसको सामान्य अवस्थाका दिग्दर्शन मात्र गरिने प्रयास भएको छ। जस अनुसार संयुक्त र मिश्र वाक्य मिसिएका खंडमा दुई अवस्था देखा पर्छन्---संयुक्त वाक्य प्रधान भई त्यो अन्तर्गतका खंड-वाक्यका अधीन वाक्यका रूपमा मिश्रवाक्य आउनु पहिलो स्थिति हो भने मिश्र वाक्य प्रधान भई त्यसका अधीन वाक्यसँग संयुक्त भएर संयुक्त वाक्यखण्डहरू आउनु दोस्रो अवस्था हो। यसरी यी दुई स्थिति मध्ये पहिलो अवस्था मिलित वाक्यको अवस्था मान्न सकिन्छ भने दोस्रो अवस्थामा मिश्र वाक्यको मुख्य वाक्य खण्डका अधीन वाक्यखण्डसँग संयुक्त वाक्यखण्ड आएकाले परस्पर स्वाधीन र समान अवस्था नहुनाले संयुक्त वाक्यको अधीन नहुँदा मिलित वाक्य बन्न नसकेको ठानिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस सन्दर्भमा अध्ययन गर्दा मिलित वाक्य भनेको संयुक्त वाक्य अन्तर्गत मिश्र वाक्य आउनु हो" । जस्तो--

हाम्रा कृषकहरू परिश्रम गर्छन् । तापनि त्यो सम्पन्नता उनीहरूलाई प्राप्त छैन, जुन विकसित मुलुकका किसानहरूले प्राप्त गरिसकेका छन् । जो परिश्रम गरेर पढ्छ, त्यो पास हुन्छ, तर कहिलेकाहीं यस्तो पनि हुन्छ, परिश्रम गरेर पढ्ने समेत पास हुँदैन । हामी नेपालीहरू परिश्रम गर्छौं, तर सफलता भने त्यत्ति पाउदैनौं, जति पाउनु पर्थ्यो । रामले विद्यार्थीहरू राम्ररी नै पढाउँछ, तैपनि त्यत्ति धेरै विद्यार्थी पास हुँदैनन्, जति हुनु पर्थ्यो इत्यादि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(√) अध्याय १८ | नेपाली भाषामा पदक्रम

वाक्यमा शब्दहरू यथाक्रम (मिलाएर) राख्नु वाक्य विन्यास हो। वाक्य विन्यास सबै भाषाहरूमा एकै नासको हुंदैन। संस्कृत भाषामा वाक्य विन्यास ज्यादै स्वतन्त्र देखिन्छ। अंग्रेजी र हिन्दी भाषामा भने त्यत्तिको स्वतन्त्र छैन। चीनिया भाषामा भने वाक्य विन्यास एकैनासको मात्र हुन्छ। नेपाली भाषामा वाक्यविन्यास (वाक्यमा पदक्रम) प्रायः सरलै छ। नेपाली भाषामा वाक्यविन्यास कृत्रिम नभई स्वाभाविकै देखिन्छ।

भाषामा पदक्रम भन्नाले वाक्य अन्तर्गतका विभिन्न पदहरू (नाम, विशेषण, क्रिया र अव्यय) के-कस्ता क्रममा परस्पर आन्वित (एक अर्कामा सम्बन्धित) हुन आउँछन् भन्ने कुरा बुझिन्छ। त्यसैले पदक्रम भन्नाले "वाक्यमा हरेक पद (शब्द) लाई उचित स्थानमा राख्नु पदक्रम हो"। नेपाली भाषामा पदक्रम आफ्नै किसिमको छ। नेपाली भाषाका पदक्रम मुख्यतः दुई प्रकारका छन् (१) सामान्य पदक्रम र (२) विशिष्ट पदक्रम। यी दुई पदक्रमलाई परम्परागत नेपाली व्याकरणमा व्याकरणिक र आलङ्कारिक पदक्रम भन्ने नाम पनि दिइएको पाइन्छ।

१. सामान्य पदक्रम–

"सामान्य पदक्रम भन्नाले नेपाली भाषाका सन्दर्भमा सामान्य अभिव्यक्ति, बोलचाल र लेखापढीमा एकपछि अर्का पदहरू वाक्यमा आउने क्रम भन्ने बुझिन्छ"। यो स्वाभाविक पदक्रममा सामान्य रूपले पहिले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्ता, त्यसपछि कर्म र अन्त्यमा क्रियापद राखिन्छन्। सामान्य पदक्रमलाई तल तालिकामा यसरी देखाइन्छ। जस्तै—

वाक्य	उद्देश्य अगाडि आउने पदहरू (उद्देश्य विस्तार)	उद्देश्य	विधेय अगाडि आउने पदहरू (विधेय विस्तार)	विधेय
म उपन्यास लेख्छु।	×	म	उपन्यास	लेख्छु
रामले पुस्तक दियो।	×	रामले	पुस्तक	दियो
मेरो सानो बालक रून्छ।	मेरो, सानो	बालक	×	रून्छ
रामको ठूलो छोरो धनी छ।	रामको, ठूलो	छोरो	धनी	छ
महेशको दाजु हरि घर गयो।	महेशको, दाजु	हरि	घर	गयो
भाइले सानो भाइलाई नीलो कलम दियो इत्यादि।	×	भाइले	सानो, भाइलाई नीलो, कलम	दियो

माथिका उदाहरण सरसरती हेर्दा कर्ता, कर्म र क्रियाको गुण या विशेषता प्रकट गर्ने पदहरू ती-ती पदका अगाडि आउँदा रहेछन्। यस कुरालाई अझ प्रस्टसँग हेर्ने हो भने उद्देश्यसँग सम्बन्धित पद उद्देश्यभन्दा अगाडि र विधेयसँग सम्बन्धित पदहरू (जुन कर्म, पूरक, क्रिया, विशेषण, अव्यय आदि) विधेयभन्दा अगाडि आएको प्रस्ट संकेत माथिकै उदाहरणबाट हुन्छ।

टिप्पणी :—

माथि सामान्यतः पदक्रमका चर्चाका सिलसिलामा उद्देश्य (कर्ता) विस्तार उद्देश्य (कर्ता) का अगाडि आउँछन् भनी देखाइएको छ। यो, देखाइ सामान्यतः ठीकै पनि हो, तर पूरै वाक्यलाई प्रभाव पार्ने वा अघिल्ला वाक्यसँग सम्बन्ध राख्ने खालका 'अव्यय' भने उद्देश्य विस्तारभन्दा पनि अगाडि आउन सक्तछन्। जस्तै :—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शायद राम आउँदै होला। ऊ बिरामी छ। त्यसैले ऊ आज आउँदैन इत्यादि रेखाङ्कित शब्दहरू अव्यय हुन्।

२. विशिष्ट पदक्रम---

"विशिष्ट पदक्रम भन्नाले 'कर्ता, कर्म र क्रिया' को सामान्य पदक्रम-मा वक्ताको विशेष विवक्षानुसार व्यतिक्रम भई विशेष तात्पर्य बुझाउने खालको पदक्रम भन्ने बुझिन्छ"। यसमा विशेष अवस्था अर्थात् कुनै कुरामा जोड दिनु परेमा, पद्यलेखमा छन्द मिलाउनु परेमा वा साहित्यि-कता झल्काउनु परेमा आलङ्कारिक क्रमले विशेष रूपमा पदहरू राखिए-का हुन्छन्। जस्तै :---

सामान्य पदक्रम	विशिष्ट पदक्रम	व्यतिक्रम	विशेष तात्पर्य
तँ जान्छस् ? म जान्छु।	जान्छस् तँ ? जान्छु म।	क्रियाको स्थितिमा	विशेष जोड
ए लाटा, खालास् !	खालास्, लाटा !	क्रियाको स्थितिमा	खान नपाउने सम्भावना
म तँलाई पुस्तक दिन्न।	तँलाई म पुस्तक दिन्न	अकथित कर्मको स्थितिमा	तँलाईमा जोड
म तँलाई पुस्तक दिन्न।	दिन्न म तँलाई पुस्तक	क्रियाको स्थितिमा	अकरण क्रियामा जोड

साहित्यिक रूपमा वा पद्यमा :---

बनाऔं हामी आफ्नो देश। छैन त्रास अबलाई मलाई। छ जो सारा छाती निहित मुटुको स्पन्दन सरी इत्यादि। यो श्लोकको रचयिता हुनुहुन्छ श्री लक्ष्मी प्रसाद देवकोटाज्यू।

टिप्पणी :---

१. विशिष्ट पदक्रममा केवल पदक्रममा व्यतिक्रम (सिलसिला नाघ्नु) आउने मात्र होइन, यसका साथमा वाक्य स्वर, लय, बलाघात-मा समेत भिन्नता आउन सक्तछ।

२. विशेष तात्पर्य र विशिष्ट लय समेतका प्रयोजनका लागि निम्न-लिखित साहित्यिक अभिव्यक्तिमा विशिष्ट पदक्रम अँगालिन्छ। जस्तै :---

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(क) पद्य :---

विशिष्ट पदक्रम	तात्पर्य
जान्छिन् आज शकुन्तला घर भनी उठ्‌तो छ चिन्ता अति । प्रीतिको मनमा प्रवाह बहँदा रोकिन्न आँसु रति ॥	विशिष्ट लय (छन्द) र अन्त्यानुप्रास साथै अन्य शब्दालंकारका लागि ।

(ख) गद्य कविता :---

यस्तै-यस्तै छ जीवन ! चल्छ ठेलागाड़ी समयको गल्लीहरूमा रूढ़िग्रस्त ।	विशिष्ट लय र भाव वैशिष्ट्यका लागि ।

(ग) गद्य :---

बेचिन्छन् यहाँ सभ्यताका प्रमाणपत्रहरू	विशिष्ट लय र भाव वैशिष्ट्यका लागि ।

३. भाषामा पदव्यतिक्रमको पनि सीमा हुन्छ, सो नाघेपछि भने पदहरूका बीच अन्वय हुन नसकी अर्थबोध असम्भवप्राय: हुन जान्छ । यो स्थिति पदहरूका बीच अन्वय हुनु हो । हालसालको विशेष गरी कविताको प्रयोगवादी लेखनमा यस खालको पदहरूमा चर्को व्यतिक्रम पर्याप्त पाइन्छ, जसले गर्दा तिनीहरू सामान्य बोलाइ-लेखाइका दृष्टिले त्यस्ता वाक्यहरूमा पदक्रम अस्त-व्यस्त हुनुका साथै संगति र शासन समेत टुटी अस्वीकार्य अव्याकरणात्मक समेत हुन जान्छन् । जस्तै :--

'कोर्रा जेरूसेलुमले छानोबाट तरवारको तरवारमा

अखबारलाई मेरो हिकाई-हिकाई मुकँट्टादेखि' इत्यादि वाक्यहरूको कुनै मान्यता मात्र होइन, कुनै अर्थ नै हुँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(✓) १९ | वाक्यान्तरण प्रक्रिया

(+) वाक्यान्तरण भनेको के हो ?

"एक प्रकारका खास वाक्यहरूलाई आधार वाक्य मानी तिनलाई अर्को प्रकारका वाक्यमा परिणत गर्ने (बदल्ने) प्रक्रियालाई नै वाक्यान्तरण भनिन्छ। यस प्रक्रियामा एक प्रकारका वाक्य वाक्यान्तरण भई अर्कोथरिका वाक्यमा परिणत हुने क्रममा वाक्यान्तरित वाक्यका बाहिरी बनावटमा भने कतिपय तत्वहरू थपिने र काटिने पनि हुन सक्तछन्। यसैले यहाँ पाठ्यांशमा समावेश त्यस सम्बन्धी विषय वस्तुतिर प्रविष्ट हुने जमर्को गरिंदै छ।

+ २, सरल वाक्यबाट प्रश्नार्थक वाक्यमा परिवर्तन :--

'यस प्रक्रियामा सरल वाक्यलाई प्रश्न वाचक सर्वनाम र प्रश्नवाचक चिह्न राखेर वाक्यान्तरण गरिन्छ'। जस्तै :---

सरल वाक्य	प्रश्नार्थक वाक्य
देवकोटाले मुनामदन लेखेका हुन्	के देवकोटाले मुनामदन लेखेका हुन् ?
तिमी जस्ता देशघातीको पछि लाग्छु।	तिमी जस्ता देशघातीको पछि लाग्छु त ?
आजभोलि केही मूर्ख विद्यार्थीहरू कक्षामा हल्ला गर्छन्।	आजभोलि केही मूर्ख विद्यार्थीहरू कक्षामा हल्ला गर्छन् ? इत्यादि।

माथिका वाक्यहरू मध्ये पहिलोमा प्रश्नवाचक सर्वनाम 'के' लगाएर, दोस्रोमा निपातको 'त' लगाएर र तेस्रोमा प्रश्न चिह्न मात्र लगाएर प्रश्नार्थक वाक्यमा परिवर्तन गरिएको छ। यसरी नै माथिको प्रक्रियाबाट अन्य कैयौं सरलवाक्यबाट प्रश्नार्थक वाक्य बनाउन सकिन्छ।

+ २. सरलवाक्यबाट आज्ञार्थक वाक्यमा परिवर्तन :---

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'यस किसिमको वाक्यान्तरणमा केवल सरल वाक्यको क्रियापद आज्ञा (अह्रोट) जनाउने क्रियापदमा मात्र वदलेर परिवर्तन गर्नुपर्दछ'। जस्तै :---

सरल वाक्य	आज्ञार्थक वाक्य
तिमीहरूले राम्रो काम गर्दछौ।	तिमीहरूले राम्रो काम गर।
हामीहरू भानुभक्तका कविता पढ्छौं।	हामीहरू भानुभक्तका कविता पढौं।
त्यो सरासर गल्ती गर्दो रहेछ।	त्यो सरासर गल्ती गरोस्।
सीताहरूले पढ्न थाले।	सीताहरूले पढ्न थालून्।
श्यामले पुस्तक ल्यायो।	श्यामले पुस्तक ल्याओस् इत्यादि।

+ ३. सरल वाक्यबाट विध्यर्थक वाक्यमा परिवर्तन :—

यसको वर्णन विध्यार्थक भावका प्रसङ्गमा चर्चा गरिएको हुनाले यहाँ चर्चा गरिएन। त्यहींबाट अध्ययन गर्नु आवश्यक छ।

+ ४. सरलवाक्यबाट अनिश्चयार्थक वाक्यमा परिवर्तन :—

'निश्चायर्थक, सरलवाक्यलाई अनिश्चयार्थक वाक्यमा परिवर्तन गर्दा क्रियापदमा त्यत्ति फरक नपरे पनि सम्भावनलाई संकेत गर्ने खालका शब्दहरू राखिन्छन्। जस्तै :

सरल वाक्य	अनिश्चयार्थक वाक्य
पानी पर्दा शीतल हुन्छ।	पानी पर्‍यो भने शीतल हुन्छ।
राम्ररी पढ पास हुनेछौ।	राम्ररी पढे पास हुन्छौ वा राम्ररी-पढ्यौ भने पास हुनेछौ।
त्यो आउँदै छ नफर्काउनु।	त्यो आउँदै भए नफर्काउनु।
तँ गए म पनि जाउँला।	तँ गइस् भने म पनि जाउँला।
पाकेको भात खाऊँ।	भात पाकेको भए खाऊँ इत्यादि।

+५. सरल वाक्यबाट प्रेरणार्थक वाक्यमा परिवर्तन :--

अप्रेरणार्थक वा सरलबाट प्रेरणार्थक वाक्यमा परिवर्तन गर्दा मुख्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धातुमा 'आउ, याउ' प्रेरणार्थक प्रत्यय (जसलाई प्रेरणार्थक धातु भन्ने समेत चलन छ) लगाएर गरिन्छ।' यसो गर्दा अप्रेरणार्थक वाक्यको क्रिया अकर्मक भए वाक्यान्तरण गरे पछि सकर्मक क्रिया सरह हुन जान्छ। यदि क्रिया सकर्मक भए वाक्यान्तरित वाक्यको क्रिया द्विकर्मकमा परिवर्तन हुन्छ। जस्तै :—

सरलवाक्य (अप्रेरणार्थकवाक्य)	प्रेरणार्थक वाक्य
वालक रून्छ	गीता बालकलाई रूवाउँछे।
वालक भात खान्छ	गीता वालकलाई भात खुवाउँछे इत्यादि।

माथिका पहिलो वाक्यको कर्ता 'वालक' प्रेरणार्थक वाक्यमा कर्ममा परिणत भई क्रियाले प्रेरक कर्तानुसार लिङ्ग, वचन र पुरुष लिएको यसरी नै दोस्रो वाक्यको कर्ता 'वालक' प्रेरणार्थक वाक्यमा परिवर्तन भएपछि अकथित कर्म वा प्रयोज्य कर्तामा परिणत भएको छ र प्रेरक कर्तानुसार नै क्रियाको लिङ्ग, वचन र पुरुषको संगति (मेल) भएको छ।

सबै प्रकारका अप्रेरणार्थक क्रियालाई उपर्युक्त किसिमले प्रेरणा-क्रियामा परिवर्तन गर्न सकिदैन। धातुमा 'आउ, याउ लागेका व 'हु, सक' जस्ता अप्रेरणार्थक क्रियाबाट पनि प्रेरणार्थक वाक्य बनाउन सकिदैन जस्तै :—

राम धनी हुन्छ। राम भात पकाउँछ इत्यादिलाई 'श्याम रामलाई धनी हुंवाउंछ। श्याम रामलाई भात पकाउँछ' इत्यादि हुंदैन।

उपर्युक्त किसिमले प्रेरणार्थक बनाउन सकिने र नसकिने क्रिया भएका वाक्यलाई वाक्यान्तरण गर्दा वाक्यमा कृदन्त मुख्य क्रियाका साथमा 'लगाउ' सहयोगी क्रिया लगाएर वाक्यान्तर गर्न सकिन्छ। त्यस्तै केही क्रियालाई प्रेरणार्थकमा परिवर्तन गर्दा पूरा रूप नै बदल्नु पर्ने पनि हुन्छ। जस्तै :—सीता भात पकाउँछे। राम सीतालाई भात पकाउँन लगाउंछ। म धनी हुन्छु। राम मलाई धनी बनाउँछ इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६—नेपाली भाषामा पहिलो प्रेरणार्थक वाक्यबाट दोस्रो प्रेरणार्थक वाक्यमा पनि 'लगाउनु' का सहायताले वा खास खास क्रियामा 'लाई' प्रत्यय लगाई वाक्यान्तर गर्न सकिन्छ, तर सकर्मकबाट दोस्रो प्रेरणार्थक बनाउने यो विधि त्यत्ति प्रचलित छैन। जस्तै—

अप्रेरणार्थक वाक्य (सरल वाक्य)	पैलो प्रेरणार्थक वाक्य	दोस्रो प्रेरणार्थक वाक्य
मोहन मर्छ।	राम मोहनलाई मार्छ	कृष्ण रामद्वारा मोहनलाई मराउँछ।
कृष्ण काम गर्छ।	हरि कृष्णलाई काम गराउँछ।	हरि कृष्णद्वारा रामलाई काम गराउँन लगाउँछ इत्यादि।

७–सरल वाक्यबाट मिश्र वाक्या परिवर्तन–

सरल वाक्यलाई मिश्र वाक्यमा परिवर्तन गर्दा सरल वाक्य भित्रका कुनै शब्दलाई अर्थ मिल्ने हिसाबले अङ्ग वाक्य वा अधिन वाक्य बनाई मुख्य वाक्यको नाम, विशेषण र अव्ययमध्येलाई सर्वनाममा बदल्नु पर्छ। जस्तै—

सरल वाक्य	मिश्र वाक्य
घाम डुब्यो।	जहिले घाम डुब्यो, तहिले साँझ पर्‍यो।
म नाचेर गीत गाउँला।	म नाचे भने गीत गाउँला।
त्यहाँ जान पाएको छैन।	जहाँ जान मन लागेको थियो, त्यहाँ जान पाएको छैन।
सोझालाई सबै हेप्छन्।	जो सोझो छ, उसैलाई सबै हेप्छन्।
गरीवलाई हेला नगर।	जुन व्यक्ति गरीब छ, त्यसलाई हेला नगर।
सामन्तीको पेटमा दया हुँदैन।	जसको पेटमा दया हुँदैन, त्यो सामन्ती हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिश्रमी विद्यार्थी सजिलै पास हुन्छ।	जुन विद्यार्थी परिश्रम गर्दछ, त्यो सजिलै पास हुन्छ।
मह काड्नेले हात चाट्छ।	जो मह काड्छ, त्यो हात चाट्छ।
मुनामदन लेख्ने देवकोटा हुन्।	जसले मुनामदन लेख्यो, ती देवकोटा हुन् इत्यादि।

८—सरल वाक्यबाट संयुक्त वाक्यमा परिवर्तन :—

सरल वाक्यलाई संयुक्त वाक्यमा परिवर्तन गर्दा सरल वाक्यकै अर्थलाई पछ्याउने खालका वा मिल्दो-जुल्दो अर्थभएका समानाधिकरण वाक्य थप गर्नुपर्छ। कहीं समान स्तरका स्वतन्त्र वाक्यलाई 'र' पनि आदि संयोजकले जोड्ने र कुनै अवस्थामा सरल वाक्यमा भएको उद्देश्य विस्तारलाई नै अर्को समानाधिकरण वाक्यको रूपमा खडा गर्नुपर्छ। जस्तै—

सरलवाक्य	संयुक्त वाक्य
घाम डुब्यो।	घाम पनि डुब्यो, साँझ पनि पऱ्यो।
म नाचेर गीत गाउँला।	म नाचुँला अनि पछि गीत गाउँला।
त्यहाँ जान पाएको छैन।	त्यहाँ जान मन लागे तापनि जान पाएको छैन।
सोझालाई सबै हेप्छन्।	ऊ सोझो छ, यसैले सबै हेप्छन्।
ग्रह उपग्रहहरू सूर्यको वरिपरि घुम्दछन्।	सूर्यको वरिपरि ग्रह पनि घुम्दछन् र उपग्रह पनि घुम्दछन्।
म क्याम्पस पुगेपछि ऊ घर फर्कियो।	म क्याम्पस पुगें अनि ऊ फर्कियो।
पढेर भन्दा परेर जानिन्छ।	कि पढेर जानिन्छ कि परेर जानिन्छ इत्यादि।

९—मिश्र वाक्यबाट सरल वाक्यमा परिवर्तन :—

मिश्र वाक्यबाट सरल वाक्य बनाउँदा अङ्ग वाक्यमा अधिन वाक्यलाई वाक्यांश वा एक शब्द बनाउनु पर्छ। जस्तै—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मिश्र वाक्य	सरल वाक्य
१–जहाँ जो देख्नु थियो, ती तो मैले देखि सकेँ।	१–मैले देख्नु पर्ने जति कुरा देखि सकेँ।
२–जो म खाऊँ मै लाऊँ भन्छ, त्यो पशु भन्दा थोरै माथिल्लो तहको व्यक्ति हो।	२–म खाऊँ मैं लाऊँ भन्ने पशु थोरै माथिल्लो तहको व्यक्ति हो।
३–महङ्गीले गर्दा देशभरि जुन हाहाकार फैलिएको छ, त्यस प्रति कसैको ध्यान जाँदैन।	३–महङ्गीले देशभरि हाहाकार फैलिएकोमा कसैको ध्यान जाँदैन इत्यादि।

१०—संयुक्त वाक्यबाट सरल वाक्यमा परिवर्तन :—

संयुक्त वाक्यबाट सरल वाक्य बनाउँदा बीचका वाक्य संयोजक-हरूलाई झिकी दिनुपर्छ। संयुक्त वाक्य भित्रका समानाधिकरण वाक्य-हरू मध्ये एकलाई छोडेर अरूलाई विशेषण वाक्यांशमा बदल्नु पर्दछ। एक संयुक्त वाक्यमा दुईटा मात्रै समाधिकरण उपवाक्यहरू छन् भने तिन मध्ये एउटालाई सकभर एक शब्दमा नभए वाक्यांशका बदल्नु पर्छ जस्तै---

संयुक्त वाक्य	सरल वाक्य
१. गाई घर लाने बेला पनि भयो मेलो पनि छोडियो।	१. गाई घर लाने बेला हुने बित्ति-मेलो छोडियो।
२. चौरालीमा भारी बिसाऊ अनि खाजा खान थाल।	२. चौरालीमा भारी बिसाई खाजा खान थाल।
३. रूखमा फूलहरू फुले, अब फल-हरू फल्छन्।	३. रूखमा फूलहरू फुलेकाले फल-हरू लाग्छन् वा फल्छन्।
४. आबाल ब्रह्मचारी षडानन्दले देव-देवीको स्थापना गरे, पाठ-शालाको स्थापना गरे र	४. आवाल ब्रह्मचारी षडानन्दले देवदेवीको र पाठशालाको स्थापना गरी दिङ्गाली जन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिङ्गाली जनजीवनलाई आदर्श-को बाटो देखाइदिए ।	जीवनलाई आदर्शको बाटो देखाइदिए इत्यादि ।

११. मिश्र वाक्यबाट संयुक्त वाक्यमा परिवर्तन :—

मिश्र वाक्यबाट संयुक्त वाक्यमा परिवर्तन गर्दा आश्रित उपवाक्य-लाई समानाधिकरण उपवाक्यमा परिवर्तन गर्नुपर्छ । जस्तै—

मिश्र वाक्य	संयुक्त वाक्य
१. जुन देशमा तिमी जन्म्यौ, म पनि त्यसै देशमा जन्मिएँ ।	१. यही देशमा तिमी पनि जन्म्यौ र म पनि जन्मिएँ ।
२. जस्तो तिमी नेपाली हौ उस्तै म पनि नेपाली हुँ ।	२. तिमी पनि नेपाली हौ म पनि नेपाली हुँ ।
३. जब तिमी क्याम्पस आइपुग्यौ, म पनि आइपुगें ।	३. तिमी क्याम्पस आइपुग्यौ र म पनि आइपुगें ।
४. जसले नेपाली साहित्यको लागि जीवन अर्प्यो, उसैले दाल-भात डुकु पनि पेटभरी खान पाएन ।	४. उसले नेपाली साहित्यको लागि जीवन अर्प्यो, तर पनि पेटभरि दाल-भात डुकु खान पाएन इत्यादि ।

१२. संयुक्त वाक्यबाट मिश्रवाक्यमा परिवर्तन—

संयुक्त वाक्यलाई मिश्र वाक्यमा परिवर्तन गर्दा संयुक्त वाक्यका समाधिकरण उपवाक्यहरू मध्ये एउटालाई बाँकी राखेर अरू आश्रित उपवाक्यमा बदल्नु पर्छ र बीचका संयोजकलाई हटाइदिनु पर्छ । जस्तै–

संयुक्त वाक्य	मिश्र वाक्य
१. त्यो दिन पानी पर्‍यो, हावा पनि चल्यो ।	१. जुन दिन पानी पर्‍यो, त्यही दिन हावा चल्यो ।
२. नेपाल रत्नको खानी हो र प्रकृतिको भण्डार (या पनि) ।	२. नेपाल जस्तो रत्नको खानी हो, त्यस्तो प्रकृतिको भंडार हो (या पनि)।
३. साँझको आगमन हुँदै गए पछि	३. जब जब साँझको आगमन हुँदै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विरहिणीको मुटु पनि ढुकढुकाउन थाल्छ, त्यसर्थ हे विरहिणीका प्राणश्वर ! जहाँ बसेका भए पनि एक चोटि घरको सम्झना राख ।	जान्छ, तब तब विरहिणोको मुटु ढुकढुकाउन थाल्छ, त्यसर्थ हे विरहिणीका प्राणेश्वर ! तिमी जहाँ छौ एकचोटि घरको सम्झना राख ।
४. संसारमा जन्मे पछि हाँस्नु पनि पर्छ, रूनु पनि पर्दछ ।	४. संसारमा जन्मीएर जसरी हाँस्नु पर्छ, त्यसरी रूनु पर्दछ इत्यादि ।

१३. सामान्य वाक्यबाट आलङ्कारिक वा लाक्षणिक वाक्यमा परिवर्तन

शब्दहरूको हेरफेर गरी अर्थ भने जिउँका तिउँ रहने हिसाबले पनि वाक्यहरू परिवर्तन गर्न सकिन्छ ।' यस प्रक्रियामा पर्यायवाची शब्द वाक्यांश आदिको प्रयोग हुन्छ । जस्तो--

सामान्य वाक्य	आलङ्कारिक वा लाक्षणिक वाक्य
१. आज तिम्रो मन उदास छ ।	१. आज तिम्रो मनमा घाम अस्ताएका छन् ।
२. अब घाम अस्ताउने आँटेका हुनु छन् ।	२. सूर्यले पृथ्वीलाई विरहिणी बनाउन थालेछन् ।
३. किसान काम गरेर पेट पाल्छन् ।	३. किसानहरू पसिनाको भरमा जीवन धान्छन् ।
४. क्याम्पसमा विद्यार्थीहरूको चहल-पहल छ ।	४. विद्याको बगैंचामा भँमराहरू गुनगुनाइरहेका छन् ।
५. साहित्य जनताले बुझ्न सक्ने पर्छ ।	५. साहित्यले जनताको मुटु रसाउन सक्नु पर्छ ।
६. जीवन क्षण भंगुर छ, त्यसर्थ मानवताको सेवा गर ।	६. जीवन त पानीको फोको हो तसर्थ मानवलाई जीवन सुम्पिदेऊ इत्यादि ।

+ १४. करणबाट अकरणमा परिवर्तन --

वाक्य दुई प्रकारका हुन्छन् 'हो र होइन' जनाउने । यसैलाई व्याकरणमा करण र अकरण भनिन्छ । "क्रियापदमा केही सकारिएकोमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यस्ता क्रियालाई 'करण' र 'नसकारिएको अर्थात् निषेध गरिएकोलाई' 'अकरण' भनिन्छ। यस आधारमा सबै प्रकारका वाक्यहरू अकरणमा परिवर्तन या वाक्यान्तरण हुन्छन्। जस्तै—

करण वाक्य	अकरण वाक्य
१. राम भात खान्छ।	१. राम भात खाँदैन।
२. बालक भात खान्छ।	२. बालक खात खाँदैन।
३. सीताहरू पढ्न थाल्छन्।	३. सीताहरू पढ्न नथालुन्।
४. तँ गइस् भनेर म पनि जानेछु।	४. तँ गइस् भने पनि म जान्न इ०।

मोटामोटी रूपमा करणबाट अकरण निम्न तरिकाले हुन्छ।

१. क्रियापदका अगाडि 'न' थपेर—

करण वाक्य	अकरण वाक्य
१. तिमी बजार गए।	१. तिमी बजार नगए।
२. श्यामले चुरोट खाओस्।	२. श्यामले चुरोट नखाओस्।
३. मैले भनें त्यहाँ जाऊ।	३. मैले भनें त्यहाँ नजाऊ।
४. म घर जाऊँ।	४. म घर नजाऊँ! इत्यादि।

२. 'न' बीचमा थपेर :—

१. विद्यार्थीहरूले पाठ पढ्छन्।	१. विद्यार्थीहरूले पाठ पढेनछन्।
२. उनीहरू आज्ञा पाए बोल्थे।	२. उनीहरू आज्ञा पाए पनि बोल्दैनथे।
३. भाइ सधैं क्याम्पस जान्थ्यो।	३. भाइ सधैं क्यापम्पस जाँदैनन्थ्यो।
४. म सधैं कविता लेख्थें।	४. म सधैं कविता लेख्दैनथें इ०।

३. 'न' पछाडि थपेर :—

१. असल केटो कक्षामा चल्छ ?	१. असल केटो कक्षामा चल्दैन।
२. हरि मैले भनेको ठाउँमा बस।	२. हरि मैले भनेको ठाउँमा बसेन।
३. रामले यो कुरा श्यामलाई भन्छ ?	३. रामले यो कुरा श्यामलाई भनोइन।
४. विद्या भन्दा धन ठूलो हो।	४. विद्या भन्दा धन ठूलो होइन इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वास्तवमा भन्ने हो सबै प्रकारका क्रियापदहरूमा विभिन्न प्रकारले 'नकार' थपेर 'अकरण' अर्थात् क्रियाको अभाव बुझिन्छ। सामान्य अर्थका भूत, वर्तमान र भविष्यत्-कालका विभिन्न आकारहरू, विध्यर्थक तथा अनिश्चयार्थकका विभिन्न उपभेदहरू, साधारण क्रिया, मिलित क्रिया, नामधातु, प्रेरणार्थक क्रिया आदि र विभिन्न वाच्यहरूमा पनि करणबाट अकरण बनाउन सकिने कुरा बिर्सन हुँदैन। अर्को कुरा जसरी करणबाट अकरण बनाइन्छ, त्यसरी नै अकरणबाट यसरी बनाउन सकिन्छ।

(+) १५. नेपाली भाषामा वाच्य परिवर्तन—

वाक्यमा क्रियाको कर्ता, कर्म एवं भावसित हुने सम्बन्धका आधारमा नै क्रियालाई 'कर्तृवाच्य, कर्मवाच्य र भाववाच्य'मा वर्गीकरण गर्न सकिन्छ। यहाँ वाच्यको अभिधार्थ हो 'भनिनु' र यसको खास तात्पर्य भने कर्ता, कर्म र भाव मध्ये कुनै एक वाच्य प्रधान हुनु हो। कुन वाक्य कुन वाच्य हो भन्ने कुरा जान्नका लागि प्रस्तुत वाक्य अन्तर्गतका—कर्ता, कर्म र भावमा जुन कुरो प्रधान हुन्छ, सोही वाच्य हुन्छ अर्थात् कर्ता प्रधान भए भाववाच्य हुन्छ। प्रस्तुत प्रसङ्ग 'यिनै वाच्यहरूलाई एकबाट अर्कोमा वाक्यान्तरण गरिने प्रक्रिया नै वाच्य परिवर्तन हो'।

माथि कर्मवाच्य भनिएका वाच्यहरू परिवर्तन गर्दा यदि 'कर्तृवाच्य' छ र त्यसले सकर्मक क्रिया लिएकोमा 'कर्मवाच्यमा परिवर्तन 'कर्तृवाच्य'को कर्तामा 'ले, बाट, द्वारा (करण बुझाउने) आदि थपी अप्रधान बनाइन्छ। 'कर्मवाच्य' बनाउँदा भन्दा पहिलेको 'लाई' झिकी क्रियाको कर्मलाई नै उद्देश्यको रूपमा प्रस्तुत गरेर प्रधान बनाइन्छ। यहाँ पहिलेको कर्म अनुसार नै लिङ्ग, वचन, पुरुष आदि क्रियामा हुनुपर्छ। क्रियामा 'कर्मवाच्य' बनाउँदा प्रायः 'इ' थपिन्छ जस्तै—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यस्ता क्रियालाई 'करण' र 'नसकारिएको अर्थात् निषेध गरिएकालाई' 'अकरण' भनिन्छ। यस आधारमा सबै प्रकारका वाक्यहरू अकरणमा परिवर्तन या वाक्यान्तरण हुन्छन् । जस्तो—

करण वाक्य	अकरण वाक्य
१. राम भात खान्छ ।	१. राम भात खाँदैन ।
२. बालक भात खान्छ ।	२. बालक खात खाँदैन ।
३. सीताहरू पढ्न थाल्छन् ।	३. सीताहरू पढ्न नथालुन् ।
४. ताँ गइस् भनेर म पनि जानेछु ।	४. ताँ गइस् भने पनि म जान्न इ० ।

मोटामोटी रूपमा करणबाट अकरण निम्न तरिकाले हुन्छ।

१. क्रियापदका अगाडि 'न' थपेर—

करण वाक्य	अकरण वाक्य
१. तिमी बजार गए ।	१. तिमी बजार नगए ।
२. श्यामले चुरोट खाओस् ।	२. श्यामले चुरोट नखाओस् ।
३. मैले भनें त्यहाँ जाऊ ।	३. मैले भनें त्यहाँ नजाऊ ।
४. म घर जाऊँ ।	४. म घर नजाऊँ ! इत्यादि ।

२. 'न' बीचमा थपेर :—

१. विद्यार्थीहरूले पाठ पढ्छन् ।	१. विद्यार्थीहरूले पाठ पढ्दैनथ्थन् ।
२. उनीहरू आज्ञा पाए बोल्थे ।	२. उनीहरू आज्ञा पाए पनि बोल्दैनथे ।
३. भाइ सधैं क्याम्पस जान्थ्यो ।	३. भाइ सधैं क्यापम्पस जाँदैनन्थ्यो ।
४. म सधैं कविता लेख्थें ।	४. म सधैं कविता लेख्दैनथें इ० ।

३. 'न' पछाडि थपेर :—

१. असल केटो कक्षामा चल्छ ?	१. असल केटो कक्षामा चल्दैन ।
२. हरि मैले भनेको ठाउँमा बस ।	२. हरि मैले भनेको ठाउँमा बसेन ।
३. रामले यो कुरा श्यामलाई भन्छ ?	३. रामले यो कुरा श्यामलाई भनोइन ।
४. विद्या भन्दा धन ठूलो हो ।	४. विद्या भन्दा धन ठूलो होइन इत्यादि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वास्तवमा भन्ने हो सबै प्रकारका क्रियापदहरूमा विभिन्न प्रकारले 'नकार' थपेर 'अकरण' अर्थात् क्रियाको अभाव बुझिन्छ। सामान्य अर्थका भूत, वर्तमान र भविष्यत्-कालका विभिन्न आकारहरू, विध्यर्थक तथा अनिश्चयार्थकका विभिन्न उपभेदहरू, साधारण क्रिया, मिलित क्रिया, नामधातु, प्रेरणार्थक क्रिया आदि र विभिन्न वाच्यहरूमा पनि करणबाट अकरण बनाउन सकिने कुरा बिर्सन हुँदैन। अर्को कुरा जसरी करणबाट अकरण बनाइन्छ, त्यसरी नै अकरणबाट यसरी बनाउन सकिन्छ।

(+) १५. नेपाली भाषामा वाच्य परिवर्तन—

वाक्यमा क्रियाको कर्ता, कर्म एवं भावसित हुने सम्बन्धका आधारमा नै क्रियालाई 'कर्तृवाच्य, कर्मवाच्य र भाववाच्य'मा वर्गीकरण गर्न सकिन्छ। यहाँ वाच्यको अभिधार्थ हो 'भनिनु' र यसको खास तात्पर्य भने कर्ता, कर्म र भाव मध्ये कुनै एक वाच्य प्रधान हुनु हो। कुन वाक्य कुन वाच्य हो भन्ने कुरा जान्नका लागि प्रस्तुत वाक्य अन्तर्गतका—कर्ता, कर्म र भावमा जुन कुरो प्रधान हुन्छ, सोही वाच्य हुन्छ अर्थात् कर्ता प्रधान भए भाववाच्य हुन्छ। प्रस्तुत प्रसङ्ग 'यिनै वाच्यहरूलाई एकबाट अर्कोमा वाक्यान्तरण गरिने प्रक्रिया नै वाच्य परिवर्तन हो'।

माथि कर्मवाच्य भनिएका वाच्यहरू परिवर्तन गर्दा यदि 'कर्तृवाच्य' छ र त्यसले सकर्मक क्रिया लिएकोमा 'कर्मवाच्यमा परिवर्तन 'कर्तृवाच्य'को कर्तामा 'ले, बाट, द्वारा (करण बुझाउने) आदि थपी अप्रधान बनाइन्छ। 'कर्मवाच्य' बनाउँदा भन्दा पहिलेको 'लाई' झिकी क्रियाको कर्मलाई नै उद्देश्यको रूपमा प्रस्तुत गरेर प्रधान बनाइन्छ। यहाँ पहिलेको कर्म अनुसार नै लिङ्ग, वचन, पुरुष आदि क्रियामा हुनुपर्छ। क्रियामा 'कर्मवाच्य' बनाउँदा प्रायः 'इ' थपिन्छ जस्तै—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्तृवाच्य	कर्मवाच्य
१. म तिमीलाई कुट्छु।	१. मद्वारा तिमो कुटिन्छौ। मबाट तिमी कुटिन्छौ।
२. प्रहरीले चोरहरूलाई पक्रचो।	२. प्रहरीद्वारा (बाट) चोरहरू पक्रिए।
३. उसलाई यहाँ आऊ भन।	३. उसलाई यहाँ आऊ भनियोस्।
४. बिहान पाँच बजे म पाठ पढ्छु।	४. बिहान पाँच बजे मद्वारा (बाट) पाठ पढिन्छ।
५. तपाईंले भान्सा गर्नु भयो ?	५. तपाईंबाट (द्वारा) भान्सा गरियो।
६. म त नेपाली पढ्छु।	६. आफू त या मद्वारा (बाट) नेपाली पढिन्छ इत्यादि।

'कर्तृवाच्य' लाई 'कर्मवाच्य'मा परिवर्तन गर्दा कर्ता प्रायः लोप वा अप्रधान बन्छ र क्रियाको रूपमा 'इ' थपेर अदलाबदली गरिन्छ।

भाववाच्य—

यदि 'कर्तृवाच्य'को क्रिया अकर्मक छ भने क्रियामा नकर्ता नकर्म उद्देश्य भई केवल भाव प्रधान भएमा कसैको लिङ्ग, वचन र पुरुष क्रियापद रहँदैन। अकर्मक क्रियामा पनि सकर्मक क्रियामा झैं 'इकार' थपेर 'भाववाच्य' बनाइन्छ। भाववाच्यका क्रियाहरू सबै पुरुषमा एउटै किसिमका हुन्छन्—एकवचनका मात्र। जस्तै :—

कर्तृवाच्य	भाववाच्य
१. म घर जान्छु।	१. आफू त या मद्वारा वा बाट घर गइन्छ।
२. म अस्तपताल जान्छु।	२. ,, ,, ,, ,, ,, , अस्पताल गइन्छ।
३. तपाईं घर जानुहोस्।	३. तपाईंद्वारा (बाट) घर गइयोस्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. तिमी भोलि क्याम्पस जानेछौ।	४. तिमीद्वारा (बाट) भोलि क्याम्पस गइनेछ।
५. ताँ हाँस्छस्।	५. ताँद्वारा (बाट) हाँसिन्छ।
६. त्यो हाँस्छ।	६. त्योद्वारा (बाट) हाँसिन्छ।
७. म बस्छु।	७. आफू त या मद्वारा (बाट) बसिन्छ।
८. तिमी बस्छौ।	८. तिमीद्वारा (बाट) बसिन्छ इत्यादि।

तल ज्यादै चलन चल्तीमा आएका 'कर्तृवाच्य' क्रिया 'कर्मवाच्य' र 'भाववाच्य' क्रियामा परिवर्तन भएका केही क्रियाहरू दिइन्छन्।

सकर्मक---

कर्तृवाच्य	कर्मवाच्य	कर्तृवाच्य	कर्मवाच्य	कर्तृवाच्य	कर्मवाच्य
गर्छु	गरिन्छ	दिन्छु	दिइन्छ	खान्छ	खाइन्छ
जान्छु	गइन्छ	मुड्छु	मुडिन्छ	पढ्छु	पढिन्छ।
लेख्छ	लेखिन्छ	पिउँछ	पिइन्छ	गाउँछ	गाइन्छ
सिउँछ	सिइन्छ	सुन्छ	सुनिन्छ	हेर्छ	हेरिन्छ।
देख्छ	देखिन्छ	मार्छ	मरिन्छ	काट्छ	काटिन्छ इत्यादि।

अकर्मक —

अर्तृवाच्य	भाववाच्य	कर्तृवाच्य	भाववाच्य	कर्तृवाच्य	भाववाच्य
रून्छ	रोइन्छ	हाँस्छ	हाँसिन्छ	बस्छ	बसिन्छ
थाल्छ	थालिन्छ	दगुर्छ	दगुरिन्छ	मर्छ	मरिन्छ
बाँच्छ	बाँचिन्छ	घट्छ	घटिन्छ	नुहुन्छ	नुहिन्छ
पोख्छ	पोखिन्छ	बहन्छ	बहिन्छ	जिस्किन्छ	जिस्किइन्छ
लत्रन्छ	लत्रिन्छ	धाउँछ	धाइन्छ	दौडन्छ	दौडिन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुत्छ	सुतिन्छ	थाप्छ	थापिन्छ	जान्छ	जाइन्छ वा गइन्छ
हुन्छ	होइन्छ या भइन्छ	हिँड्छ	हिँडिन्छ	पुग्छ	पुगिन्छ इत्यादि

टिप्पणी—

माथिका उदाहरणबाट के प्रस्ट हुन्छ भने 'कर्तृवाच्य'बाट 'कर्मवाच्य र भाववाच्य'का वाक्यमा परिवर्तन गरिंदो रहेछ। यही नियमलाई उल्टो गरेमा दुवै वाक्यबाट 'कर्तृवाच्य' बन्ने कुरा बिर्सनु हुँदैन। मोटा-मोटी रूपमा वाच्य परिवर्तन सामान्य रूपका अनेक वाक्यहरूमा (करण, अकरण इत्यादिमा) हुन सक्तछ।

प्रस्टताका लागि वाच्य परिवर्तनलाई यसरी पनि देखाउन सकिन्छ।

कर्तृवाच्य

↓ ↓

कर्मवाच्य भाववाच्य

कर्मवाच्य भाववाच्य

↓ ↓

कर्तृवाच्य

माथिको विश्लेषगबाट के प्रस्ट हुन्छ भने कर्तृवाच्यबाट कर्मवाच्य र भाववाच्यमा परिवर्तन र कर्तृवाच्य एवं भाववाच्यबाट कर्तृवाच्यमा मात्र वाक्यहरू परिवर्तन हुन्छन्। कर्मवाच्यबाट भाववाच्यमा र भाव-वाच्यबाट कर्मवाच्यमा परिवर्तन हुंदैनन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

+ २० | वाक्य संश्लेषण

"वाक्य संश्लेषण भनेको एकभन्दा बढी सरलवाक्यलाई एकै वाक्यमा परिगत तरिका हो"। यस प्रक्रिया अन्तर्गत एकभन्दा बढी सरल वाक्यहरू एउटै सरल वाक्यमा, एउटै मिश्र वाक्यमा र एउटै संयुक्त वाक्यमा परिणत हुन्छन्। जस्तै :—

(√) १. एउटै सरल वाक्यमा :—

विभिन्न सरल वाक्यहरू	संश्लेषित सरल वाक्य
(१) शान्ती श्यामकी छोरी हुन्। उनी सानो छोरी हुन्। उनी आफ्नो पाठ तयार पार्छिन्।	(१) श्यामकी सानो छोरी शान्ती आफ्नो पाठ तयार पार्छिन्।
(२) श्याम गयो। म आएं। तुरून्तै नाटक शुरू भयो।	(२) श्याम गएपछि म आउनासाथ नाटक शुरू भयो इत्यादि।

वाक्यहरू संश्लेषित हुंदा संश्लेषित वाक्यको वाहिरी बनावटमा एउटै मात्र समापिका क्रिया भएकोले माथि देखाइएका संश्लेषित वाक्यलाई सरल वाक्य भनिएको हो। भित्री वनावटमा भने तीन-तीन वाक्यहरू छन्।

(+) २. एउटै मिश्र वाक्य :—

विभिन्न सरल वाक्यहरू	संश्लेषित मिश्र वाक्य
(१) मैले कृष्णलाई भनें। तिमी चांडै आऊ। घरमा भान्सा तयार भयो।	(१) घरमा भान्सा तयार भएकोले तिमी चांडै आऊ भनी मैले कृष्णलाई भनें।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२) मैले एउटा मानिस देखें। उ ज्यादै गम्भीर थियो। उसका आँखा तेजिला थिए।	(२) मैले एउटा यस्तो मानिस देखें; जो ज्यादै गम्भीर थियो र जसका आँखा तेजिला थिए इत्यादि।

माथि देखाइएका संश्लेषित पहिलो वाक्यमा 'मैले कृष्णलाई भनें' मुख्य उपवाक्य हो र त्यसका अधिन वाक्य भई 'भनें' क्रियाका कर्ताका रूपमा 'घरमा भान्सा तयार भएकोले तिमी चाँडै आऊ' भन्ने वाक्य खण्ड आएकोले यस वाक्यलाई मिश्र वाक्य भनिएको हो। यो वाक्यमा प्रत्यक्ष कथनबाट अप्रत्यक्ष कथनमा समेत परिवर्तन भएको छ। दोस्रो वाक्यमा 'मैले एउटा मानिस देखें' मुख्य उपवाक्य हो र त्यसका विशेषण उपवाक्यका रूपमा 'जो ज्यादै गम्भीर थियो र 'जसको आँखा तेजिला थिए' भन्ने दुई खण्ड उपवाक्यले मुख्य वाक्यखण्डको कर्म (नामपद) 'मानिस' को विशेषता उल्लेख गरेको छ र यो मिश्र वाक्य हो।

(+) ३. एउटै संयुक्त वाक्यमा :—

विभिन्न सरल वाक्य	संश्लेषित संयुक्त वाक्य
(१) कृष्णले पुस्तक किन्यो। उसले यसको पढाइ राम्ररी गऱ्यो।	(१) कृष्णले पुस्तक किन्यो र यसको पढाई राम्ररी गऱ्यो।
(२) श्याम उत्तीर्ण भएन। राम उत्तीर्ण भएन।	(२) नश्याम नराम उत्तीर्ण भयो।
(३) हरि आयो। भात खायो। उसले एक छिन पढ्यो। ऊ सुत्यो।	(३) हरि आई। भात खायो अनि एक छिन पढ्यो र सुत्यो इ०।

वाक्य संश्लेषण प्रक्रिया कथ्य र लेख्य दुबै प्रकारका भाषामा, विशेषतः लेख्य भाषामा निकै महत्वपूर्ण छ। यसबाट शृंखलित धेरै वाक्य-हरूलाई जोडी एक वाक्य बनाउंदा केही हेरफेर भए तापनि ती धेरै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाक्यका साराका सारा कुराको समावेश गरी मितव्ययिता पूर्वक अभिव्यक्ति गर्न सकिन्छ, किनभने धेरै वाक्यका सिलसिलामा दोहोरिइरहने कुराहरू (कर्ता, क्रिया आदि) हटाई वा लोप गरी यथासंभव आवश्यक संयोजक आदिद्वारा संश्लेषित वाक्यमा ४रितो तरिकाले साराका सारा कुरा कम शब्द भएको कसिलो वाक्यद्वारा व्यक्त गर्न सकिन्छ। यसरी यस प्रक्रियालाई एक प्रकारले कला निपुणताको कसी मान्न सकिन्छ। यो सीप वस्तुतः अभ्यासबाट विकसित हुन्छ तापनि यो सीप प्राप्तिका लागि सरल, मिश्र र संयुक्त वाक्य गठन प्रक्रियाको सैद्धान्तिक ज्ञान हुन अत्यावश्यक छ। यो संश्लेषण प्रक्रियाको ज्ञानले संक्षेपीकरण गर्न ज्यादै सजिलो छ र लामा लामा अनुच्छेद पनि वाक्य संश्लेषणका विषय हुन सक्तछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

+ २१ वाक्य विश्लेषण

"वाक्य संश्लेषणको उल्टो प्रक्रिया नै वाक्य विश्लेषण हो" अर्थात् मिलेर अर्थ पूरा गर्दा या गर्ने एकाइ बनाउँदा वाक्य बन्छ। तिनै वाक्य-हरू मिलाएर संश्लेषित वाक्य बन्दछ। वाक्य भित्रका अंगहरू (अवयव-हरू) र ती अङ्गहरूको परस्पर सम्बन्ध बताउनु वाच्य विश्लेषण हो। यसको अर्थ छुटयाउनु हो। यसैले वाक्यका अङ्गहरू छुटयाएर ती अङ्ग-हरूको परस्पर सम्ब्रन्ध देखाउनु नै वाक्य विश्लेषण हो।

पूर्ण वाक्यलाई दुई भागमा वाड्न सकिन्छ—सरल र जटिल। बाहिरी बनावटमा एकमात्र समापिका क्रिया लिएको वाक्य सरल वाक्य हो भने एक भन्दा बढी समापिका क्रिया भएको पूर्णवाक्य जटिल वाक्य हो। यसलाई पनि वाक्य अन्तर्गतका समापिका क्रिया लिने वाक्यखण्ड-का पारस्परिक सम्बन्ध (निरपेक्ष र सापेक्ष) का आधारमा दुई उपभेद मा बाँडिएको छ—मिश्र र संयुक्त।

(√) सरल वाक्यको विश्लेषण—

यसमा सबैभन्दा पहिले ध्यान दिनु पर्ने कुरा के छ भने दिइएको वाक्यमा कुन उद्‌देश्य र कुन विधेय हो छुटयाउनु पर्छ। त्यसपछि उद्‌देश्य विस्तार (बर्धक) र विधेय विस्तारको ज्ञान हुनु नितान्त आवश्यक छ' जस्तै—

(१) फूल फुल्यो। (२) कमलको फूल फुल्यो (३) राम दान दिन्छ। (४) राम बाहुनलाई दान दिन्छ। (५) चोरको सरदारले पुलिसलाई सजिलै बौलाहा तुल्यायो। (६) रिसाएको गोठालो गाईलाई घास

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिँदैन। यी वाक्यहरू मध्ये पहिलो वाक्यलाई विश्लेषण गर्दा 'फूल' उद्देश्य र 'फुल्यो' विधेय हो। दोस्रोमा 'फूल' उद्देश्य, 'कमलको' उद्देश्य विस्तार र फुल्यो विधेय हो, तेस्रो वाक्यमा राम 'उद्देश्य' 'दान' विधेय विस्तारको रूपमा प्रयोग भएको कर्म र 'दिन्छ' विधेय हो। चौथो वाक्यको विश्लेषण गर्दा 'राम' उद्देश्य, 'बाहुनलाई' विधेय विस्तारको रूपमा प्रयोग भएको गौण कर्म, 'दान' विधेय विस्तारको रूपमा प्रयोग भएको कर्म र 'दिन्छ' विधेय हो। पाँचौं वाक्यमा 'चोरको' उद्देश्य विस्तार 'सरदारले' उद्देश्य, 'पुलिसलाई, सजिलै, बोलाहा' तीनौटै शब्द विधेय विस्तारका रूप हुन् 'तुल्यायो' विधेय हो। छैटौं वाक्यलाई विश्लेषण गर्दा रिसाएको' उद्देश्य विस्तार, 'गोठालो' उद्देश्य, 'गाईलाई, घास' विधेय विस्तारको रूप र 'दिँदैन' विधेय हो। यही आधारमा कैयौं सरल वाक्यलाई विश्लेषण गर्न सकिन्छ।

(+) २. मिश्र वाक्यको विश्लेषण—

मिश्र वाक्यमा साधारणतया दुई प्रकारका वाक्यहरू रहन्छन्—मुख्य उपवाक्य र एक वा एकभन्दा बढी आश्रित उपवाक्य। आश्रित उपवाक्य मुख्य उपवाक्य संज्ञाको रूपमा, विशेषणको रूपमा र अव्ययको रूपमा प्रयोग हुन्छ। जस्तै :—

खुशीको कुरा के छ भने, यस्ता महानुभावहरूका अगाडि मलाई दुई चार कुरा बोल्ने समय प्राप्य भयो। मैले त्यही व्यक्तिलाई काम दिएँ, जसले यो गर्न सक्थ्यो। जहाँ भन्छौं, त्यहीं जान्छु। यी वाक्यहरू मिश्र वाक्य भनिन्छ। यिनीहरूमा—'खुशीका कुरो छ, मैले त्यही व्यक्तिलाई काम दिएँ, त्यहीं जान्छु' मुख्य वाक्यखण्ड हुन् भने अरू सबै आश्रित वाक्यखण्डको महलमा पर्दछन्। यसरी छुट्याइसकेका यी सबै वाक्यहरूको विश्लेषण सरल वाक्यको विश्लेषण जसरी गरिन्छ, त्यसरी गर्ने बानी बसाल्नु बेस हो।

माथिका पहिलो वाक्यमा 'कुरो, समय' उद्देश्य, 'खुशोको, यस्ता,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महानुभावहरूका, अगाडि, दुई चार, कुरा, बोल्ने' उद्देश्य विस्तारका शब्द हुन् भने 'छ, हो' 'विधेय हुन्' 'के मलाई, प्राप्त' शब्दहरू विधेय विस्तारका प्रकार हुन् । दं.स्रो वाक्यमा 'मैले यो' उद्देश्य, 'जसले' उद्देश्य विस्तार, 'दिए, सक्थ्यो' विधेय र 'त्यही, व्यक्तिलाई, काम गर्न' विधेय विस्तारका रूपहरू हुन् । तेस्रो वाक्यलाई विश्लेषण गर्दा 'भन्छौं, जान्छौं' विधेय, 'जहाँ त्यही' विधेय विस्तारकै रूप हुन् । यो वाक्यमा उद्देश्य (म, तिमी) को लोप भएको छ र यिनलाई लोप गर्दा पनि कुनै अन्तर वाक्यमा हुंदैन ।

(+) ३. संयुक्त वाक्यको विश्लेषण—

संयुक्त वाक्य भनेको दुई वा 'दुई भन्दा बढी स्वतन्त्र मुख्य वाक्यहरू मिली बन्ने प्रक्रिया हो' । यिनलाई (स्वतन्त्र मुख्य वाक्यलाई) संयोजक आदि शब्दले जोडेको हुन्छ । जस्तै—

श्याम कलम किन्छ र उसको सदुपयोग गर्छ । यो वाक्यलाई यसरी विश्लेषण गर्न सकिन्छ—श्याम कलम किन्छ । ऊ यसको सदुपयोग गर्छ । यी दुई स्वतन्त्र वाक्यहरू हुन् । यिनीहरूलाई 'र' भन्ने संयोजकले जोडेको छ । यो त हो पैलो किसिमको विश्लेषण जुन ज्यादै सरल छ ।

दोस्रो प्रकारको विश्लेषण माथिकै वाक्यलाई झैं यसरी गर्न सकिन्छ । जस अनुसार पहिले वाक्यलाई माथिकै तरिकाले छुटट्याए पछि सरल वाक्यको झैं विश्लेषण गर्नुपर्छ । अर्थात्—'श्याम, ऊ' उद्देश्य, 'कलम, यसको सदुपयोग' विधेय विस्तारका रूपमा आएका शब्दहरू हुन् र 'किन्छ, गर्छ' विधेय हुन् ।

संयुक्त वाक्य सम्बन्धी वाक्यखण्डलाई जोड्ने संयोजकहरू विविध रूपले पुकारिन्छन् । जस्तै—वैकल्पिक—कि, क्रमबोधक—अनि, पनि इत्यादि ।

सयुक्त वाक्यलाई जोड्दा संयोजकले जोड्ने गरे तापनि कुनै कुनै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाक्यमा तिनका सट्टामा कथ्य भाषाको विश्राम वा अडान र लेख्य भाषामा विराम चिन्हले संयोजकको प्रतिनिधित्व गर्न सक्तछ । जस्तै— श्याम पोखरा गयो, घुम्यो अनि फर्क्यो इत्यादि ।

निष्कर्षमा संयुक्त वाक्यको विश्लेपण गर्दा सजिलोका लागि तवका तरिकाले गर्न र सबैभन्दा पहिले स्वाधिन (स्वतन्त्र) वाक्यखण्डहरू छुट्याई, सकिन्छ भने अलग अलग के कस्ता संयोजकद्वारा जोडिएका छन्, त्यो समेत उल्लेख गर्नु पर्छ । जस्तै—

श्याम आज क्याम्पस आएन, किनभने उसलाई ज्वरो आएको छ । यो संयुक्त वाक्य हो । यसमा परस्पर स्वाधिन समान दुई वाक्यखंडहरू छन् । १—श्याम आज क्याम्पस आएन । २—उसलाई ज्वरो आएको छ । 'किनभने' कारणवोधक संयोजकले यिनीहरूलाई जोडेको छ । यसरी कथ्यौं संयुक्त वाक्यको विश्लेषणगर्न सकिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(+) २२ | उक्ति परिवर्तनको सामान्य ज्ञान

नेपाली भाषामा उक्ति परिवर्तनका सम्वन्धमा प्रारम्भिक अध्ययन मात्र भएको छ। त्यसैले उक्ति परिवर्तन प्रथमतः कथ्य भाषासित सम्वन्धित छ। र यसले मूलतः प्रत्यक्ष कथनलाई अप्रत्यक्ष कथनमा बदल्ने प्रक्रियाको ज्ञान गराउँछ। यस प्रक्रियालाई उल्टाएर पनि अभ्यास गराउन सकिन्छ र यो आवश्यक समेत छ।

अरू कसैले भनेको कुरा आफूले भन्नु पर्दा दुई प्रकारले प्रस्तुत गर्न सकिन्छ "भन्नेले उक्ति (कथन) जस्ताको तस्तै राखेर भनिने प्रक्रिया-लाई प्रत्यक्ष कथन भनिन्छ"। अर्को "भन्नेको उक्तिलाई अर्को व्यक्तिले या त्यसैले दोहोराएर भनेमा त्यसलाई अप्रत्यक्ष उक्ति भनिन्छ"। अप्रत्यक्ष उक्तिलाई अपरोक्ष कथन पनि भनिन्छ। प्रत्यक्ष कथन सामान्य बोलचाल र नाटक, उपन्यास, कथा आदिका संवादमा बढी चल्छ भने अप्रत्यक्ष कथन विशेष गरी औपचारिक अवसरका कथ्य भाषामा र संचार क्षेत्रका साथै नाटक, उपन्यास र कथाका लेख्य वर्णन अंशमा प्रयुक्त हुन्छ।

कसै कसैले प्रत्यक्ष कथनलाई 'शब्दानुवाद' र अप्रत्यक्ष कथनलाई 'अर्थानुवाद' भनेको पनि पाइएको छ। जुन शब्दद्वारा पुकारिए पनि 'उक्ति परिवर्तनको प्रक्रिया, उक्ति या कथनसित सम्वन्धित भएको कुरा प्रस्ट छ। वास्तवमा "उक्ति परिवर्तन' भनेको "कुनै वक्ता वा कथयिता-ले कसैसँग भनेको कुनै कुरा नै बुझिन्छ"। यसरी कुनै पनि उक्ति वा कथनका क्रममा 'भन्ने र सुन्ने' दुई व्यक्ति हुन्छन्। जसलाई अर्को शब्दमा वक्ता (कथयिता) र श्रोता भनिन्छ। यसरी भनिएको र सुनिएको कुरा जब अर्कै समयमा फेरि प्रस्तुत गरिन्छ, त्यसरी प्रस्तुत गरिएको उक्ति वा कथनसितै वास्तवमा उक्ति परिवर्तन प्रक्रिया जोडिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माथिको सानो चर्चाबाट के कुरा प्रस्ट भयो भने मूल कथनको कथयिताले भनेको कथनलाई उसैका शब्दमा द्वितीय कथायिताद्वारा प्रस्तुत गर्दा त्यस कथनलाई उद्धरण चिह्न भित्र राखिन्छ। यो प्रक्रिया प्रत्यक्ष कथनमा अपनाइन्छ। मूल कथनलाई अप्रत्यक्ष कथनद्वारा भन्नु पर्दा उद्धरण चिह्न झिकी 'भनी, भने-भन्ने' अव्ययले जोडी द्वितीय कथियिताले आफ्ना पारामा प्रयोग गर्दछ। कहीं कहीं 'रे' पनि आउँछ। यति यहाँ, यसो र यो को ठाउँमा क्रमैले त्यति, त्यहाँ, त्यसो र त्यो पनि भएको पाउँछौं। जस्तै—

अप्रत्यक्ष कथन	प्रत्यक्ष कथन।
१. श्याम भन्छ "म काठमाडौं जान्छु"।	१. श्याम भन्छ उ काठमाण्डौं जान्छ रे।
२. मेरा बुबाले भन्नु हुन्थ्यो 'पढेर भन्दा परेर जानिन्छ"।	२. मेरा बुबाले पढेर भन्दा परेर जानिन्छ भनी भन्नुहुन्थ्यो।
३. गीता भन्थी 'यो चरा राम्रोछ'।	३. गीता भन्थी त्यो चरा राम्रो छ।
४. मैले भनें "म मुक्तिनाथ गएको छु"	४. मैले म मुक्तिनाथ गएको छु भनें।
५. मेरो भनाइ थियो "जीवन-संघर्षमय छ"।	५. मेरो भनाइ जीवन संघर्षमय छ भन्ने थियो।
६. कृष्ण भन्छ "म जान्छु"।	६. म जान्छु भनी कृष्णले भन्यो।
७ रमेशले भने "सुरेश तपाइँ आधा घंटा ढिलो आउनु भयो"।	७. रमेशले सुरेशलाई तपाइँ आधा घंटा ढिलो आउनु भयो भनी भने।
८. सुरेशले जबाफ दिए "म ढिलो आए माफ गर्नोस्। बाटामा एक जनाले रोकेर अलमल्याइदिए"।	८. म ढिलो आए माफ गर्नोस्। बाटामा एक जनाले रोकेर अलमल्याइदिए भनी सुरेशले जबाफ दिए इत्यादि।

माथिको प्रक्रियालाई उल्टो गराएर अभ्यास गराउँदा अप्रत्यक्ष कथनबाट प्रत्यक्ष कथनमा वाक्यलाई परिवर्तन गर्नसकिने कुरा शिक्षार्थीले भुल्नु हुँदैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२३ + नेपाली भाषामा निपात

निपात के हो ?

निपात भनेको अव्यय अन्तर्गत पर्ने त्यस्ता शब्दहरूको समूह हो जसले पूरै वाक्यलाई वा वाक्य अन्तर्गतका अन्य विभिन्न पद, पदावली र वाक्यांशलाई विभिन्न प्रकारले प्रभावित पार्छन्। अर्थका दृष्टिले यिनीहरूको खास अर्थ प्रस्ट रूपमा परिभाषित गर्न मुश्किल पर्छ तापनि यिनको खुद आफ्नै अर्थ नहुने भने होइन। 'यसैले शब्द निर्माण गर्ने खास आधारहरू नभई बेनियमसँग बनेका शब्दहरू नै निपात हुन्'। अरू खाले जम्मै शब्द निर्माण गर्ने निश्चित आधारहरू हुन्छन् र एक नियमको आधारमा अनेकौं शब्दहरू बन्दछन्। निपात शब्द बनेको गोरेटो पत्तो लाउने कामको कुनै ठोस आधार छैन। त्यसैले यसै आधारमा यिनलाई स्वत निर्मित शब्द भन्नेहरू पनि छन्।

निपात शब्दको शाब्दिक अर्थ हो–खसेको, झरेको, घोटिएको इत्यादि। यसबाट के प्रस्ट भयो भने पहिलेको अवस्थाबाट 'निपात' केही परिवर्तित भएछ। उपसर्ग र परसर्गको वैदिक भाषामा स्वतन्त्र अस्तित्व थियो। त्यस पछि सुस्त सुस्तै तिनो स्वतन्त्र अस्तित्व हराउँदै गएर यिनीहरू अरूको आश्रय बिना भाषामा प्रयोग हुनै नसक्ने अवस्थामा पुगेका छन्। उपसर्ग र परसर्ग जत्तिकै पराश्रयी त 'निपात'हरू भइसकेको छैनन्। अलग्गै रहँदा पनि केही न केही आफ्नो पुर्खोलीलाई हराएर अनियमित ढंगबाट शब्दका यताउति रहँदै आफ्ना प्रयोगगत शक्तिको प्रकाश पार्दछन्। यसैले आफ्नो पुर्ख्यौली अस्तित्वबाट खसेका र झरेका एवं अनियमित तरिकासँग उत्पत्ति भएका शब्दहरू नै वास्तवमा 'निपात' हुन्। यिनको आकारलाई हेर्दा धेरै जसो एकाक्षरी र दुई अक्षरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखिन्छन्, तर अन्यवर्गका केही शब्द निपात झैं प्रयोग भएर विशेष अर्थ ग्रहण गरी रूढ बनेका पनि छन् र ती भने बह्वक्षरी एवं निकै प्रस्ट अर्थ भएका समेत देखिन्छन्।

नेपाली निपात प्रशस्त छन् र तिनको निर्माण स्रोत अनेकौं छन्। यसको कारण नेपाली भाषाको आधार एउटै भाषा नभएर अनेकौं हुनु हो। निपातले के कुरा छलंङ्ग पार्छ भने यसको पहिलो विशेषता 'आहाने' प्रयोग हो। यही 'आहाने' प्रयोगमा सरलता हुन्छ, सरलतामै निकटता आउँछ, निकटतामा आकर्षण बढ्छ र त्यही आकर्षणभित्र सुन्दरता वा सौन्दर्य लुकेको हुन्छ। यसै आधारमा निपातको चमक र मधुरता समेत वाक्यले ग्रहण गर्छ। यसरी वाक्यमा प्रयोग हुंदा 'निपात' शब्दको वास्तविक विशेषताको राम्रो झलक यहाँ लाग्दछ।

केही निपातको अर्थसहित वाक्यमा प्रयोग

अरे—हेप्ने अर्थको सम्बोधनमा---'अरे' पाजी! निहु खोजेको होस् तैंले। 'अरे' आइपुग्यो।

ई—अस्वीकृति, अरूचि आदि--'ई', दिन्छु! 'ई', कस्तो मानिस रहेछ ए।

ए—सम्बोधन, आश्चर्य आदि---'ए' कान्छा यता आइजा? ए बिचराको हुनुसम्म भए छ!

कि—वैकल्पिक अनुरोध आदि---खान्छस् 'कि' खाँदैनस्? गइदिनु हुन्छ कि!

के--प्रश्न---तिमीले 'के' भन्दैछौ?

क्यारे—नबुझेको भूत अर्थमा—त्यो कुरा मलाई कहाँ छैन 'क्यारे'!

खै—प्रश्न, विस्मात आदि---'खै' मलाई त थहा छैन? 'खै' त्यसको चाला त ठीक छैन!

खोइ—अनुरोध, जिज्ञासा,,---'खोइ' दाइ म अघि जाऊं। 'खोइ' हेरौं त के रहेछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चाहिँ—थेगो, कुनै एक भन्ने अर्थमा—तँ 'चाहिँ' अचम्भको भइछस्।
तिमीहरूमा राम 'चाहिँ' पढाउनु।

त—सम्भावना, प्रश्न आदि—जान 'त' जान्थे नै। देखिस् 'त' हं 'त' !

न—नकारात्मक, संयोजक „—उता 'न'जाऊ। चिन्नु 'न' घचेडी माग्नु।

नि—निश्चय, अवस्था „—गोर्खालीको बहादुरी ठूलो हो 'नि'। के भनूँ
'नि' दिदी मत पीरले मरें।

नै—निश्चय, आग्रह „—तिम्रो काम अहिले 'नै' हुन्छ। तपाइं 'नै'
आउनुपर्छ।

पो—अनिश्चय, रीति „—को 'पो' जाने हो, थहा छैन। त्यसरी 'पो'
खानुपर्छ।

ब्यारे—लाडेभावमा निषेध—त्यसो त गर्नु भएन 'ब्यारे'।

र—परोक्ष, उदेक आदि—भोलि बिहान आउँछ 'र'। राजाको सवारी
हुने भो 'र' !

रे—सम्बोधन प्रश्न „—'रे मूर्ख ! कहाँ गएको थिइस्। कहाँ गएको 'रे' ?

ल—स्वीकारात्मक, आश्चर्य „—'ल' चौरालीमा पर्खिरहु नि। 'ल' !
उही पो आए छ।

ला—लाने, पुऱ्याउने अर्थमा „—'ला' यो पनि लिएर जा ! 'ला', मेरो
पुस्तक घर पुऱ्याएर आइजा।

लौं—स्वीकार, उदेक आदि—'लौ' म छिटै आउँला। 'लौ' मारो।

हगि—थेगो, समर्थनमा—तिमीले एम. ए. पास गऱ्यौ 'हगि'। मत जाऊ
'हगि' !

हँ—स्मृति, स्वीकार—'हँ' ! तिमीको कुरा बल्ल सम्झें। अरूको कुरामा
'हँ' गरी सही थाप्ने धेरै हुन्छन् !

हे—सम्बोधन—'हे' राम यता आऊ !

है—आग्रह, सतर्क गराउँदा—दाजु तपाइं जसरी पनि आउनु पर्छ 'है',
जमाना ज्यादै खराब छ है !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अरू केही निपात शब्दहरू :—

अँ—स्मृति आदि—'अँ' साच्ची त, अस्तिको कुरा के भयो हँ ?

अ—भर्त्सना ,,—'अ', कति कराइरहन्छ !

आ— ,, —'आ कति कराइरहन्छ।

ऊ—अपत्यार ,,—हेरन कति कुरा बनाउँछ, 'ऊ' !

उस्—व्यर्थता बुझाउनु—'उस्', हेरन रिसाएको !

केरें—न सहने अर्थमा—'केरें', त्यसरी भनेको म सहन्न !

क्या—जिस्काइको अर्थमा—मैले ख्याल-ख्याल गरेको 'क्या'।

चाहिने--निश्चित अर्थमा—जेहोस् 'चाहिने' म जान्छु !

नाईं—सम्भावना आदि—गरो 'नाईं' त्यति पनि।

निपातको बारेमा यसभन्दा अगाडि त्यत्ति विस्तृत जाने जमर्को गरिएन। यी खास गरी नेपालीमा विशेष प्रचलित मात्र हुन्।

टिप्पणी—पहिलो योजक चिह्नभन्दा अगाडि 'निपात' त्यसपछि अर्थज्ञान र दोस्रो योजक चिह्न पछि वाक्यमा प्रयोग गरिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

+ २४ उखानको अभिप्राय र वाक्यमा प्रयोग

"युगौंदेखि मानवजातिले भोगेका तीता मीठा अनुभवलाई लाक्षणिक रूपमा छोटा-छोटा वाक्यद्वारा अभिव्यक्ति गरिने माध्यमलाई उखान भनिन्छ" उखान भाषारूपी औंठीमा जडान गरिने अमूल्य रत्न हुन्। यसको प्रयोगले भाषाको स्वरूप नै चमत्कारपूर्ण भई 'सत्यं शिवं र सुन्दरम्' बन्न पुग्दछ। संस्कृतमा उखानलाई लोकोक्ति भन्दन्। लोकोक्ति भनेको लोकले बोलिने उक्ति या बोली हो। प्रत्येक जाति या समाजको भाषिक समुदायले युगौंदेखि अनुभव गरेका र व्यवहारद्वारा खारिएका 'उखान' भनेका खँदिला पोका हुन्। यी पोका खोल्ना साथ वाक्यका अर्थमा रमाइलो र गहिरो चालको छनक (लाक्षणिकता) उत्पन्न हुन्छ। यसैले 'उखान' को शाब्दिक अर्थ हुन्न, विशेष र लाक्षणिक अर्थ हुन्छ। 'उखान' एकाकिसिमको वाक्यांश नै भए पनि यो छोछोटा वाक्यका रूपमा वाक्यांश झैं नै प्रयोग गरिन्छ भन्ने कुरा यसको स्वरूप हेरेमा प्रस्ट हुन्छ।

नेपाली भाषा उखानहरूका दृष्टिले सशक्त र समृद्धशाली छ। यसले कथ्य नेपाली भाषालाई प्राणवान् या सजीव तुल्याउनका साथै स्वतः स्फूर्त पनि तुल्याएको छ। शिष्ट कथ्य भाषामा पनि यसबाट सुन्दरताका साथै रोचकता समेत थपिन्छ। 'उखान'मा शब्द विन्यासको वैशिष्ट समेत हुन्छ। त्यहाँ अनुप्रासको छटा समेत व्यक्तिएको हुन्छ। त्यसैले अभिव्यक्तिका क्रममा 'उखान' चटनी हो। शिष्ट कथ्य र लेख्य भाषामा ठाउँ पारेर ठीक अनुपातमा यसको प्रयोग गरे अभिव्यक्ति चुटकिलो र प्रभावकारी हुन सक्तछ। प्राविधिक र वस्तुगत लेखनमा 'उखान' को भूमिका कम देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वास्तवमा भन्ने हो भने 'उखान ले आफ्ना भित्री तात्पर्य बुझाउँदा यो ठीक, यो बेठीक छ, यसो गर्नुहुन्छ, यसो गर्नुहुन्न, अनि यसो गर्नु असल र यसो गर्नु खराब हुन्छ आदि सूक्ष्म या प्रभावकारी शिक्षा या अति 'उखान' द्वारा कथित प्रसङ्गबाट हामीलाई प्रस्ट गरो हामीलाई नै नीति र चेतना समेत प्रदान गर्ने उखान'ले नेपाली भाषामा ठाउँ ओगटेको छ भन्ने कुरामा विवाद छैन। यो नेपाली भाषाको लागि एक उज्ज्वल पक्ष हो।

अभिप्राय (अर्थ) सहित वाक्यमा प्रयोग गरिएको केही 'उखान'हरू—

+ उखान	अभिप्राय	वाक्यमा प्रयोग
"अखबरी सुनलाई कसी लाउनु पर्दैन"।	असल चीजलाई यस्तो हो भनी रहनु पर्दैन	असल व्यक्ति जहीं तहीं पूजनीय हुन्छ, किनभने "अखबरी···पर्दैन"।
"अगुल्टोले हानेको कुकुर बिजुलीदेखि तर्सिन्छ'।	एक पटक धोका पाएको व्यक्ति सँधै डराउँछ	रामले भनेको कुरा सुन्दा त म 'अगुल्टोले······तर्सिन्छ" भने जस्तो भएँ।
"अड्को पड्को तेलको धूप"।	अभावको अवस्थामा काम टार्नु या जसो तसो काम चलाउनु	तिम्रो कुराले त "अड्को··· धूप' को काम गरो।
"आकाशको फल आँखा तरी मर"।	हुन नसक्ने कुराको कल्पना।	असम्भव कुराको परिकल्पना गर्ने व्यक्तिको लागि "आकाशको·····मर" भन्ने उखान चरितार्थ हुन्छ।
'आफू नमरी स्वर्ग देखिन्न।"	आफूले नभोगेको कुरा यहाँ हुन सक्तैन।	गरीबी कस्तो हुन्छ भन्ने धनीलाई के थहा छ? त्यसैले त "आफू·····देखिन्न" भनिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"इन्द्रको अगाडि स्वर्गको बयान ।'	छोरै जान्नेका अगाडि नजान्नेको बखान ।	जसलाई सबै कुरा थहा छ, त्यसलाई यो कुरा यसो हो भन्नु 'इन्द्र·· बयान" गर्नु जस्तै हो ।
"एक हातले ताली बज्दैन ।"	एकहोरो कुनै काम हुन सक्तैन ।	दण्डदिनेले माफी पनि दिन सक्नुपर्छ, किनभने 'एक··· बज्दैन" भन्ने कुरा ठीकै हो ।
"ओरालो लागेको मृगलाई बाच्छाले खेद्छ।"	तल परेकोलाई सबैले हेप्छन्	दिन सकिएको वा पालो नआएको बेला सबैले दुःख पाउनु स्वाभाविकै हो "ओरालो···खेद्छ" भनेको यही हो ।
कहिले सासूको पालो कहिले बुहारीको पालो ।"	एक फेरा पालो सबैको आउँछ ।	जिन्दगी सधैं एकनाश रहँदैन "कहिले···पालो" न हो ।
"काग कराउदैछ पिना सुक्तै छ ।"	भन्नेले भन्दै गर्छन् आफ्नो सुर छोड्नु हुन्न ।	तैंले पढेर के गर्छस् भन्दा श्यामले पढ्न छोडेको भए, उसले एम० ए० प्रथम श्रेणीमा पास गर्न सक्तैनथ्यो । त्यसैले त भनिन्छ "काग···सुक्तैछ" ।
"कानो गोरूलाई औंसी न पूर्ने" ।	कोही मतलब नहुनु ।	जसलाई कुनै कुराको वास्ता छैन, त्यसलाई जनसेवासँग के मतलव 'कानो··पूर्ने' जस्तै ।
"कुरो र कुलो जता	कुनै कुरा राम्रोसँग	कुशल व्यक्तिले नराम्रोलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लग्यो उतै (त्यतै) लाग्छ' ।	भन्न भन्न खुबी चाहिन्छ ।	राम्रो पारी भन्न सक्तछ— त्यसैले त हाम्रो उखानै छ "कुरो···लाग्छ" भन्ने ।
खाने मुखलाई जुँघाले छेक्तैन ।"	गर्ने मान्छेलाई कुनै छेकबार हुंदैन ।	संसारमा केही मान्छे यस्ता हुन्छन् जसलाई कुनै वाधा-अड्चनले रोक्न सक्तैन— हाम्रो कहावर्त छ "खाने··· छेक्तैन" भनेर ।
"छन् गेडी सबै मेरी छँनन् गेडी सबै टेढी ।	दिन सके सबै आफ्ना हुन्छन् ।	हुति नभएकालाई कसैले टेर्दैन "छ। गेडी···टेढो" भनेको यही हो ।
"जति जोगी आए कानै चिरेका" ।	सबै एउटै खाले हुन् ।	विचारमा परिवर्तन नआए-सम्म देश विकासको कल्पनै नगरे हुन्छ किनभने "जति चिरेका" भनेको ठीकै हो ।
"जसले मह काट्छ, उसले हात चाट्छ" ।	सेवा गर्नेले मेवा पाउँछ ।	खेती गर्ने खाना विना मर्दैन "जसले···चाट्छ" नै ।
"जो होचो उसका मुखमा घोचो ।"	सानालाई सबैले हेप्छन् ।	हाकिमको गल्तीले बहिदार-को जागिर गयो । त्यसैले त भनिन्छ 'जो...घोचो" ।
"ताक परे तिवारी गोतामे" ।	अवसरवादी हुनु	अहिले नेपालमा "ताक··· गोतामे" खालका व्यक्तिहरू को बढी जगजगी छ ।
"ते रानी मैं रानीको	बडप्पन मात्र देखाउनु	जबसम्म "ते रानी···पानी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भर्ला कुवाको पानी"।	तर काम केही नगर्नु।	भन्ने भावना रहन्छ, तबसम्म देश विकास हुँदैन।
"देख्नेका आँखा फुटे सुनेको सही।"	नभएको कुरा हो भनी भन्नु।	मेरे अगाडि भएका कुरा श्यामले होइन भन्छ "देख्ने-का…सही' भनेको यही हो।
"नपत्याउने खोलाले बगाउँछ"।	कुनै पनि कुरालाई हेप्न हुँदैन।	त्यसै अरूलाई प्याच्च भन्न हुँदैन "नपत्याउने…बगाउँछ" बुझ्यौ।
"नाच्न नजान्ने आगन टेडो'।	ढंग छैन अरूलाई दोष।	आफूले बिगारेको काम अरूलाई दोष दिने धेरै हुन्छन् "नाच्न…टेढो" भनेको यही हो।
"बोल्नेको पीठो बिक्छ नबोल्नेको चामल पनि बिक्दैन"।	यो जमाना टाठाबाठाको मात्र हो।	सोझालाई बाच्न धौ धौ भयो, किनभने "बोल्ने…बिक्दैन" भनेको ठीकै हो।
"मरे पछि डुमै राजा'।	सबैले आपनो स्वार्थ मात्र हेर्छन्।	आपनो जिम्मेदारीबाट सबै पन्छिन खोज्छन्, किनभने "मरे पछि डुमै राजा' भन्नेले त देश डुबाए।

तल केही प्रसिद्ध उखान र तिनको अर्थ मात्र दिइएको छ। जस्तै :—

अचनाको मार खुकुरीले जान्दैन वा खुकुरीको मार अचनाले बिर्संदैन— भोग्नेले मात्र थाहा पाउँछ।

आफू ताक्छ मूढो, बंचरो ताक्छ घुँडो—आफूले एउटा कुरा आँट्दा अर्कै हुनु।

आलु खाएर पेडाको धाक— केही नभए पनि फोस्रो धाक देखाउनु।

इलमीका भागमा माछा र मासु—इलम गर्नेलाई सुख हुन्छै।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एक पन्थ दुई काज—एक प्रयत्नबाट दुईटा लाभ ।
एक हातमा चुल्ठो एक हातमा टुपी—लोग्ने-स्वास्नीका बीचमा ठूलो झगडा ।
औंलो दिंदा डुँडुल्लो निल्ने—एक थोक दिएपछि पनि सबै लिऊं भन्ने ।
कुकुरको पुच्छर बाह्र वर्ष ढुङ्ग्रोमा हाले पनि बाङ्गाको बाङ्गै—नसुध्रिने मान्छेलाई जे गरे पनि हुन्न ।
काला अक्षर भैंसी बराबर—लेखपढ गर्न नजान्नु ।
खाने पिउने रामे चोट पाउने चामे—बिराम गर्ने एउटा छ, सजाय अर्कोले पाउँछ ।
गाई मारो गधा पोस्नु—असललाई छोडेर नजातीलाई खुवाउनु ।
घिउ केमा पोखियो ? भागैमा !—पर्ने ठाउँमा पर्नु, उचित ठाउँमा पर्नु ।
घाँटी हेरी हाड निल्नु—अवस्था हेरी काम गर्नु ।
घोडा चढ्ने लड्छ—काम गर्दा बिग्रन पनि सक्छ ।
चटपटे साँढेका तीन ठाउँमा डाम—छोरै मार्तिदा खेरि दुःख पाउँछ ।
जसको सिङ छैन उसको नाउँ तीखे—गुण र योग्यता बिना नै लायकी ठान्नु ।
जीउको सार घाँटी, कुराको सार गाँठी—खास टुङ्गो जान्नु वा लाउनु ।
जून थालमा खानु त्यही थालमा चुठ्नु--गुनको बदला अवगुन गर्नु, कृतघ्न बन्नु ।
जोगीको घरमा सन्यासी पाहुना—जोसित छैन उसै कहाँ माग्न आउने ।
दुवै हातमा लड्डू--दुवैतिरबाट लाभ ।
देश गुनाको भेष-जुन ठाउँमा बस्यो त्यहींको चालचलन-अनुसार चल्नु ।
धनको पखेटा हुन्छ—धन आफूसित बचिरहन्न, हत पर्‍यो कि खर्च पनि हुन्छ ।
धोबीको कुकुर घरको न घाटको—ठाउं ठेगाना नभएको, कहींको पनि नहुनु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नमच्चिने पीङ्कों सय झड्का—जो केही गर्न सक्तैन ऊ गुड्डी हाक्छ ।
नाच्न जान्दैन आँगन टेढो—आफ्नो ढंग नभइकन अर्कामाथि दोष थोपर्ने ।
फूलको वास्ना वरिपरि, मानिसको वास्ना डाँडापरि—मानिसको कीर्ति टाढा-टाढासम्म फैलिन्छ ।
बाँदरको हातमा नरिवल—मूर्खका हातमा कुनै वस्तु पर्न जानु ।
मामाकी घोडी मेरी हिहो—अरूको धन सम्पत्तिमा आनन्द दिनु ।
मुखमा राम राम बगलीमा छुरा—कपटी, बाहिरबाट हेर्दा राम्रो भित्रको खराब, कैंची काट्ने ।
मेरा गोरूको बाह्रै टक्का—आफ्नै कुरो उँभो पार्न चाहनु ।
रातभरि करायो दक्षिणा हरायो—परिश्रमको फल चाख्न नपाउनु ।
रोटी चिल्ला मीठा, कुरा खस्रा मीठा—भएको कुरा खसोखास गर्नाले परिणाम राम्रो निस्कन्छ ।
लंका जित्ने हनुमान जस पाउने ढेंडु—काम गर्ने एउटा जस पाउने अर्को ।
लहरो तान्दा पहरो गर्जन्छ—सानो कुराले ठूलो कुरा उम्कन्छ ।
लूटको धन फुपूको श्राद्ध—सित्तंमा पाए भनेर जथाभावीसित फुक्नु ।
साँढेको जुधाइ बाछाको मिचाइ—ठूलठूलाको झगडा पर्दा सानातिना मर्छन् ।
हातीको मुखमा जीरा—आवश्यकभन्दा साह्रै सानो चीज पाउनु ।
हिस्स बूढी खिस्स दाँत—चाहे झैं नभई हिस्सिनु ।
हुने बिरूवाको चिल्लो पात—सप्रने लक्षण पहिले नै थहा हुन्छ इत्यादि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२५ + 'टुक्का' को अभिप्राय र वाक्यमा प्रयोग

टुक्का भनेको के हो ?

"टुक्का भनेको खास खास क्रियासँग खास खास शब्द मिली विशेष अर्थ धारण (बोक्ने वा लिने) गर्ने अभिव्यक्ति हो।" यो क्रियामेल र शब्दमेलको रूपमा व्यवहृत हुन्छ। क्रियामेलमा एउटै क्रियामा अनेकौं शब्दलागी 'टुक्का' को स्वरूप निर्धारण हुन्छ भने शब्दमेलमा एउटै शब्दमा अनेकौं क्रिया मिली 'टुक्का' निर्माण गरिन्छ। यो प्रक्रियामा चाहे शब्दमेल होस् दुवैमा मिल्दा शब्द वा क्रिया हुनु अत्यावश्यक छ। त्यसैले 'टुक्का' को निर्माण खास खास शब्दहरू वा क्रियाहरूसँग मिली बन्ने कुरा बिर्सनु हुँदैन। जस्तै :—

क्रियामेल :—

कटाउनु—डाँडो कटाउनु, छाप कटाउनु, नाम कटाउनु, बाटो कटाउनु, रात कटाउनु इत्यादि।

काट्नु—अड्कल काट्नु, कुरा काट्नु, दुःख काट्नु, नाक काट्नु, हात काट्नु इत्यादि।

खानु—कुरा खानु, गोता खानु, घर खानु, माटो खानु, हावा खानु इत्यादि।

लाग्नु—आँखा लाग्नु, दिन लाग्नु, नून लाग्नु, बाव लाग्नु, भात लाग्नु, हावा लाग्नु इत्यादि।

हेर्नु—काम हेर्नु, तमाशा हर्नु, संसार हेर्नु, हात हेर्नु इत्यादि।

शब्दमेल :—

आँखा—आँखा खानु, आँखा खोल्नु, आँखा गाड्नु, आँखा छल्नु, आँखा तर्नु, आँखा-लडाउनु इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कान—कानको कीरा खानु, कान तान्नु, कान थुन्नु, कान फुक्नु, कान समाउनु इत्यादि ।

नाक—नाक काट्नु, नाक खुम्च्याउनु, नाक जानु, नाक रगड्नु, नाक राख्नु इत्यादि ।

मुख—मुख छाड्नु, मुख टाल्नु, मुख पर्नु, मुख लाग्नु, मुख हेर्नु इत्यादि ।

हात—लामो हात गर्नु, हात काट्नु, हात गोडा लाग्नु, हात थाप्नु, हात हाल्नु इत्यादि ।

माथिका क्रियामेल र शब्दमेलको सानो टिपोटबाट के प्रस्ट भयो भने मिल्दो शब्द वा क्रिया नभई 'टुक्का' बन सक्तैन । जस्तै रूख तर्नु, नाक तर्नु, जस्ता क्रियामेल या शब्दले 'टुक्का हुन सक्तैनन्, यसबाट के प्रस्ट भयो भने 'टुक्का' का लागि खास खास क्रिय, र शब्दको मेल भई तिनीहरू पहिले आ-आफ्नै स्वतन्त्र अर्थ दिने भए पनि ती दुई एक अर्काका साथमा आउँदा विशेष छुट्टै अर्थ ग्रहण गर्छन् । झट्ट बाहिर हेर्दा यिनको अस्तित्व बेग्ला बेग्लै दुई शब्दको रूपमा देखिए पनि अर्थका दृष्टिले यी दुवै एकै एकाइका रूपमा देखापर्छन् । जस्तै :—

सामान्य अर्थ		टुक्कागत अर्थ
खास शब्द	खास क्रिया	
आँखा=बाह्य संसार का वस्तुलाई देख्ने इन्द्रिय	तर्नु=पार गर्नु बचाउनु=बचाउने काम गर्नु	आँखा तर्नु=कसैमाथि बेखुशीको भावले आँखा च्यातेर हेर्नु । आँखा बचाउनु=नदेखाउनु ।

अहिलेसम्म कतिपय प्रसिद्ध विद्वान्हरूले 'उखान र टुक्का' को वर्णन गर्न लाग्दा 'वाग्पद्धति र उखान-टुक्का' गरी 'उखान टुक्कालाई एउटै एकाइमा वर्णन गरेको पाइएको छ, तर यो गलत धारणा हो । यो धारणा राख्नेहरूले 'टुक्का'लाई वाग्पद्धतिको रूपमा वर्णन गरी 'उखान-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टुक्का'लाई एउटै महलमा राख्छन् । यसो गर्नु गलत धारणा हो, किनभने 'टुक्का'को प्रयोग आफूखुशी स्वतन्त्र रूपले हुँदैन—केवल वाक्यमा हुन्छ, तर 'उखान' मा स्वतन्त्र वाक्य जस्ता भई स्वतन्त्र रूपमा प्रयोग हुँदै अर्थ प्रस्ट गर्ने सामर्थ्य हुन्छ । यसरी यी दुई एक अर्कामा अलग भएको कुरा प्रस्ट छ ।

कुनै पनि भाषामा उखानका जस्तै 'टुक्का' को पनि महत्वपूर्ण स्थान छ । यो लक्षण वा सूत्रका रूपमा प्रयोग भई भाषालाई प्रभावपूर्ण र ज्यानदार बनाइदिन्छ । त्यसैले यो पद्धतिको जुन भाषामा प्रचूरता छैन, त्यो भाषा कहिल्यै पनि मौलाउन र फष्टाउन सक्तैन । यही स्थान 'उखान' को पनि छ । खुशीको कुरो त के छ भने यी दुवै महत्वपूर्ण पद्धतिका दृष्टिले नेपाली भाषा ज्यादै धनी र समृद्धशाली छ । यो नेपाली भाषाको चोखो विशेषता हो, किनभने 'उखान र टुक्का' सदियौंदेखि व्यवहारद्वारा खारिएर प्रचलित हुँदै आएका अनुभवका अमूल्य पोका हुन् ।

'टुक्का' लाक्षणिक रूपमा प्रायः प्रयोग हुन्छ । अब केही 'टुक्का'को मात्र अभिप्राय र वाक्यमा प्रयोग गराइएको देखाइँदै छ ।

क्रिया	टुक्का	अभिप्राय	वाक्यमा प्रयोग
काट्नु	हात काट्नु	अधिकार छोड्नु	रामले त्यो काम गरेर आफ्नो हात काट्यो ।
खानु	कुरा खानु	भनेको मान्नु	श्यामले मेरो कुरा खान्छ ।
खेल्नु	जुवा खेल्नु	अडकलबाजीमा काम गर्नु	यस पालिको परीक्षामा त मैले जुवा खेलेको हुँ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चोर्नु	मन चोर्नु	मन हर्नु	उसले मेरा मन चोर्छ ।
छाड्नु	हात छाड्नु	कुट्नु	श्यामले राममाथि हात छोड्यो ।
टार्नु	छाक टार्नु	जेनतेन निर्बाह गर्नु	नेपालीलाई छाकटार्न पनि मुस्किल भैसक्यो ।
तान्नु	मन तान्नु	चित्त खैंच्चनु	राम्रो देख्तैमा मन तान्नु हुँदैन ।
थाप्नु	सही थाप्नु	ठीक पार्नु, होमा हो मिलाउनु	कुनै कुरामा नबुझी सही थाप्नु राम्रो होइन ।
दिनु	कान दिनु	ध्यान दिएर सुन्नु	राम्रो कुरामा कान दिनुपर्छ ।
देख्नु	तोरीको फूल देख्नु	रिसले आँखा नदेख्नु	त्यसको कुराले त मैले तोरीको फूल देखें ।
पर्नु	भर पर्नु	विश्वास गर्नु	मानवतावादीमा भर पर्नु राम्रो कुरा हो ।
पाक्नु	मन पाक्नु	मन आत्तिनु, के गरूँ कसो गरूँ भन्ने हुनु	देशको यो अवस्था देखेर पाक्नु स्वाभाविकै हो सपूतहरूका लागि ।
फाट्नु	मन फाट्नु	अमेल हुनु	यस पालि त मनै फाट्यो केले सिउने केले टाल्ने हो ?
बुझ्नु	मन बुझ्नु	चित्त बुझ्नु	सबैले खान लाउन पाए भने मेरो मन बुझ्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मार्नु	मेख मार्नु	साटो फेर्नु	नमरी बाँचे कालले साँचे। मेख मार्न पाइन्छ।
मिल्नु	मन मिल्नु	एक हुनु	त्योसँग मन मिल्नु त गाह्रै भयो।
राख्नु	नाक राख्नु	इज्जत बचाउनु	तिमो देशभक्त हौ भने देशको नाक राख्नुपर्छ।
लगाउनु	हात लगाउनु	आफ्नो पार्नु	हात लगाउनु भनेको कम गाह्रो होइन।
लाग्नु	दिन लाग्नु	दशा लाग्नु	त्यो त्यस्तो अवस्थामा पुग्नु त दिन लाग्नु नै हो।
हार्नु	बाजी हार्नु	काम असफल हुनु	नेपालले धेरै चोटी बाजी हार्नु परेको छ।
हाल्नु	हात हाल्नु	कुट्नु, हातछोड्नु	यसरी हात हाल्नु राम्रो होइन।
हेर्नु	संसार हेर्न	विचार गर्नु	मान्छे बन्न संसार हेर्नु पर्छ

माथि देखाइएको क्रियाबाट कैयौं 'टुक्का' को निर्माण हुन्छ भन्ने कुरा क्रियामेल र शब्द मेलको बारेमा देखाइएको 'टुक्का'ले पनि प्रस्ट पार्छन्। यसरी नेपाली भाषामा धेरै 'टुक्का'को निर्माण र प्रयोग हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

+ २६ अनिवार्य नेपालीका सम्भाव्य प्रश्नहरू (स्नातक तह)

१—कुनै दुईको उदाहरग सहित उत्तर दिनुहोस् १५ (समय-२७ मिनेट)

क—नेपाली विशेषणको परिचय के हो र यसका के कति प्रकार छन् ? (वा पदहरूको वर्गीकरग गर्नुहोस् ।) वा-नामको परिचय दिंदै यसका प्रकारहरूको पनि चर्चा गर्नुहोस् । वा-नेपाली सर्वनाम (यस्तै-क्रिया र अव्यय पनि) को परिचय के हो र यसका के कति प्रकार छन् ? वा-क्रियाको काल भन्नाले के बुझिन्छ ? वा भूतकालिक (यस्तै वर्तमान र भविष्यत्) पक्ष भनेको के हो ? वा-भाव भनेको के हो र नेपालीमा कति प्रकारको छ ? वा-विद्यर्थक भाव भनेको के हो) ।

ख—समास भनेको के हो र यसका के कति प्रकार छन् ? (वा-शब्द निर्माण गर्ने काममा उपसर्गको के कस्तो स्थान छ ? वा-कृदन्त भनेको के हो ? वा-शब्द निर्माण प्रक्रियामा तद्धित्प्रत्ययको के कस्तो महत्व छ ? वा नाम धातुबाट शब्द निर्माण कसरी गर्न सकिन्छ ?) ।

ग—वाक्य भनेको के हो र यसका कति प्रकार छन् ? (वा-उद्देश्य र विधेय (यस्तै-पदसंगति, शासन (कारक), पदक्रम, पदावली, उपवाक्य र वाच्य) भनेको के हो ? वा-सरल र तिर्यक कारकमा भनेको के हो ?)।

२—शुद्ध गर्नुहोस्—१० (समय १८ मिनेट) ।

(पदसंगति सम्वन्धी गल्ती—३, कारक सम्वन्धी गल्ती—३,

पदक्रम	,,	,,	२, तत्सम ह्रस्वदीर्घ	,,	,,	१६,
तत्सम श, ष, स	,,	,,	८,	,,	ब, व	,, ,,	४,
,, अन्य वर्णविन्यास	,,	,,	४ गरी जम्मा गल्ती ४०				

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क—एक दिन दैव संयोज सानी माया वीरामी परि। त्यसको केही दिन पश्यातैन उसको म्रित्यु भई। साने र ठूले सानी थियो। उनीहरू वनमा कास्ठ लिन जान सक्ने भएका त्रिएन्। घरमा काम पनि राम्रो-संग गर्न सक्ने भएका थिएन्न। तर के आमा गरेको हुनाले घरका जावत काम साने र ठूलेले नै गद्थो। वावुचाहि सधैं वनमा गई दाउरा काटेर शहर लगी वेच्तथ्यो।

ख·—गए त्यसलाई जान्छ, मलाई के जान्छ। मेरो पुस्तकको आवश्यक छ छ। 'सवै जोगि मरून, मेरै तूम्बा भरून' भन्नेले त नेपाल डुवाए।

३—तात्पर्य स्पष्ट हुनें गरी वाक्यमा प्रयोग गर्नुहोस्—५ (स.–९ मि.)

(प्राविधिक शब्द—छ, अनुकरणात्मक शब्द—२,
द्वित्व ,, १, नाम धातुवाट वनेका ,, १ गरी जम्मा १०)

अभिलेख, मुद्रास्फीति, शीतयुद्ध, अधिकारपृच्छा, परमादेश, टहटह, मुसुमुसु, मौलाउंछ, खादाखादा।

४—तलका प्रत्ययहरू लगाई चारचार शब्द वनाउनु होस्। आन, अनीय, इयाँ, इयार, वान्।

वा-निम्नलिखित शब्दहरूको प्रकृति-प्रत्यय छुट्याउनुहोस्—हनक्कड मगन्ते, चल्ती, पाठक, उक्त, गंजेडी, सँझिया, अफिमची, पश्चिम, क्षेत्रीय ।

ख—"कार" आधारपदमा कुनै पाँच उपसर्ग लगाई तिनका अर्थहरू बताउँदै अर्थभिन्न झल्किने किसिमले वाक्यमा प्रयोग गर्नुहोस्।

(वा-निम्नलिखित उपसर्ग लगाई चार-चार शब्द बनाउनुहोस्)।

ग—समासको नाम बताउंदै समास वा विग्रह गर्नुहोस्-विद्याकुशल, महान् राजा, बाघमुखे, तीनवटा रत्न, यथाशक्ति।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(वा—क समाज, लघु, भित्र, उज्यालो कस्ता शब्द हुन् 1½

ख—उपर्युक्त शब्दहरूमा कस्ता-कस्ता प्रत्यय थप्न सकिन्छ 1½

ग—ती प्रत्यय थपे पछि ती शब्दहरू कस्ता खाले बन्न पुग्छन् ?

सूचना--'ग' का दुबै प्रश्न प्रस्तुत (४ नं०) प्रश्नमा दुबै (ख, ग) सोध्न पनि सकिन्छ।

५. वाच्य परिवर्तन गर्नुहोस् ... ... ५ (समय ६ मि०)

क---आज त खूब सुतियो। ख--म त चार बजे नै उठ्छु।

ग--गरीबहरू माथि दया गरियोस्। घ-गाँजा खानाले मातिन्छ।

ङ--रामबाट मीठो गीत गाइयो।

वा—उक्ति परिवर्तन गर्नुहोस्--

"लौ त्यसले नेपालको सेवा नगरोस्त कसरी नगर्दो रहेछ" आँलो ठड्याउँदै एकजना नेपाल र नेपालीको भलाई चाहने भलाद्मीले "हेरूँ त म पनि' भनेर खूब्रै गर्जिए।

६. मिश्र संयुक्त र मिलित गरी जम्मा चार वाक्यको प्रयोग गर्दै "नेपाल र नेपालीको भलाई कसरी गर्न सकिन्छ" भन्ने कुराको वर्णन गर्नुहोस् ... ... ५ (समय ६ मि०)

(वा–एउटै वाक्यमा संश्लेषण गर्नुहोस्।

एउटा बूढाका दुईटा छोरा थिए। जेठा छोराको नाम नेपाल दत्त थियो। कान्छाको नाम नेपाल भक्त थियो। जेठा छोराको विवाह भइसकेको थियो। कान्छा छोराको अझै विवाह भएको थिएन।

वा—वाक्यखण्डका बीचको पारस्परिक सम्बन्ध बताउँदै वाक्य विश्लेषण गर्नुहोस्।

भोलि कि घाम लाग्ला कि पानी पर्ला भनेर जसले भन्यो त्यो निकै बाठो मान्छे हो।

७. निम्नलिखित अनुच्छेद पढी त्यसका मुख्य पाँच (चार) बुँदाहरू छिटो र छरितो रूपमा टिप्नुहोस्—५ (समय ९ मिनेट)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूचना—यसका लागि १--नेपाली कथा संग्रह भाग २--सं. तारा प्र. जोशी

२. मन ··· ··· ··· ··· लीलाध्वज थापा

३. गलबन्दी ··· ··· ··· भैरव अर्याल

४. बेलाइततिर बरालिदा ··· ··· तारानाथ शर्मा

५. अमरसिंह ··· ··· ··· बालकृष्ण सम्म

६. संक्षिप्त भारत ··· ··· ··· चक्रपाणि चालिसे

७. गोरखापत्र (वर्ष भरिका विशिष्ट सम्पादकीय, टिप्पणी र लेखहरू)।

८. उच्चस्तरीय ज्ञानविज्ञानका पुस्तक र पत्र-पत्रिकाहरूका उच्चस्तरीय लेख (अंश) निबन्धहरू शैक्षिक सामग्रीहरू-बाट लगभग १५० शब्दसम्मको अनुच्छेद छानिएको हुन्छ।

वा--निम्नलिखित अनुच्छेद पढी संक्षेपीकरण गर्नुहोस्। संक्षेपीकरणका लागि बुंदाटिपोटकै सामग्रीबाट लगभग १०० शब्दसम्मको अनुच्छेद छानिएको हुन्छ।

८. निम्नलिखित अनुच्छेद पढी अनुच्छेदका अन्त्यमा सोधिएका प्रश्नहरूको छोटो-छरितो उत्तर दिनुहोस् १० (समय १० मिनेट (यो प्रश्नका लागि निम्नलिखित सामग्रीहरूबाट पाठ्यक्रमले तोकेको छ।

१. साझा निम्बन्ध·········साझा प्रकाशन।

२. लक्ष्मी निबन्ध संग्रह·········लक्ष्मी प्रसाद देवकोटा।

३. नियमित आकस्मिकता (मनुष्य र मनुष्य शक्तिको विकास) ·········बालकृष्ण सम।

४. श्री महेन्द्रका अमर भाषण·········सं० तारा प्रसाद जोशी।

५. आफ्नो बाँसुरी आफ्नै गीत·········माधव घिमिरे।

६. गोरखापत्र (वर्ष भरिका विशिष्ट सम्पादकीय, टिप्पणी र लेख।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७. विभिन्न सामग्री भएका स्तरीय पत्रिकाका लेख-निबन्धहरू ।

यी सामग्रीहरूबाटै लगभग २०० शब्दसम्मको अनुच्छेद छानिएको हुन्छ) ।

९. "वसन्त ऋतु" शीर्षकमा आलंकारिक अभिव्यक्ति प्रस्तुत गर्दै लगभग ४० शब्दको एक अनुच्छेद लेख्नुहोस् १० (समय १८ मिनेट)

वा— विश्लेषणात्मक अभिव्यक्ति, तार्किक अभिव्यक्ति, भावमय अभिव्यक्ति र आत्मपरक अभिव्यक्तिहरू मध्ये कुनै एकमा मिल्दा शीर्षकहरू दिई लगभग ४० शब्दको अनुच्छेद लेखन पर्नेछ माथि सोधे अनुसार ।

(वा--"शैक्षिक बेरोजगारी" शीर्षकमा १०० शब्दसम्मको टिप्पणी लेख्नुहोस् ।

वा—निम्नलिखित कुनै एक विषयम लगभग २०० शब्दसम्मको निबन्ध लेख्नुहोस्---

क–शान्तिक्षेत्र नेपाल । ख--नेपालमा पर्यटक उद्योग, ग–पहाडी क्षेत्रमा खाद्यान्न अभाव) ।

१०. निम्नलिखित अनुच्छेद पढी अनुच्छेदका अन्त्यमा सोधिए अनुसारको उत्तर दिनुहोस्·········१० (समय १० मिनेट)

(यो प्रश्नमा निर्धारित पाठ्य-सामग्री (साझा निवन्ध, नियमित आकस्मिकता (मनुष्यशक्तिको विकास-मात्र), गोरखापत्र (वर्ष भरिका विभिन्न विषयका-विशिष्ट सम्पादकीय, टिप्पणी र लेखहरू) र विभिन्न पुस्तक र पत्रिकाबाट विशिष्ट र स्तरीय लेख र निवन्धहरूबाट लगभग २५० शब्दसम्लको अनुच्छेदमा पैलो प्रश्न प्रावाधिक र विशिष्ट किसिमका शब्दहरू (रेखाङ्कित) को तात्पर्य के हो ? भनी सोधिन्छ र अरू चार प्रश्नहरू वोधात्मक खालका हुन्छन् ।

माथि जस्तै प्रश्न सोधी अनुच्छेद दिएर (२५० शब्दसम्मको) पैलो प्रश्नमा तात्पर्य सोधी (२ अंकको) दोस्रो प्रश्नमा चार मुख्य बुंदाटिप्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लगाइने (८ अंकको) एक किसिमको सोधाई हो भने अर्को किसिमको प्रश्नमा पहिलो माथि जस्तै र दोस्रो बाँको पूरै अंशको संक्षेपीकरण गर्न लगाइन्छ ।

वा--निम्नलिखित शोषंक र त्यसका बुंदाहरूमा केन्द्रित रही १५० शब्दसम्मको एक अनुच्छेद (टिप्पणी वा एक सानो लेख) लेख्नुहोस् ।

शीर्षक--"शैक्षिक वेरोजगारी'

बुंदाहरू-क. शिक्षितहरूको संख्या बढ्दै गएको । ख. यो एक राष्ट्रीय चुनौतिको रूपमा खडा भएको । ग. शैक्षिक रोजगारमूलक उद्योगहरूको स्थापना हुन नसक्नु । घ. जिम्मेदार क्षेत्रबाट उचित समाधानको बाटो देखाउन् नसक्नु वा तदनुकूलको व्यवस्था गर्न नसक्नु । ङ. देश सुहाउँदो रोजगार मूलक शिक्षाको कमी ।

सूचना-माथिका आधारमा यो प्रश्न छ प्रकारले सोधिन्छ भन्ने कुरा बुझ्नुपर्छ ।

११. "अमरसिंह" नाटकका खासखास विशेषताहरू के हुन् ?

विवेचना गर्नुहोस्······१० (समय १८ मिनेट)

अथवा

"दोषी चस्मा" कथाको शीर्षकको सार्थकता देखाउँदै यस कथाले समाजलाई दिन खोजेको सन्देश स्पष्ट पार्नुहोस् ।

१२. "भलाद्मी" निबन्धको केन्द्रीयभाव के हो प्रस्ट पार्नुहोस्--

५ (समय ९ मिनेट)

अथवा

तल दिएका अनुच्छेदको व्याख्या गर्नुहोस् ।

कवि बोलोस्-जसरी चराहरू बोल्छन् न कि जसरी वस्तादहरू कसरत गर्दछन्, हृदयले हृदयलाई बोलाओस् न कि आडम्बरमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रवीणता प्रमाणपत्र प्र० व०

१. कुनै दुई प्रश्नको उदाहरण सहित उत्तर दिनुहोस् ।

(क) समास भनेको के हो र यसका के कस्ता भेदहरू छन् ?

(ख) मिश्र वाक्य भनेको के हो र यसका के कति किसिम हुन्छन् ?

(ग) विभक्तिनियम भनेको के हो र कारक तथा विभक्तिमा के फरक छ ?

२. (क) तात्पर्य स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् । प्रवक्ता, मुचुल्का, राजस्व, बोलपत्र, मूल्यांकन, तापक्रम, सेनानी, खचाखच, मुसुक्क, लौ ।

(ख) तलका वाक्यहरू सारी छपाई शुद्धिका चिह्नहरूको प्रयोग गर्दै शुद्ध गर्नुहोस् : ४

हिजो शाँझवाट पार्न थालेको पनि अझै थामियेको छैनन् । यस्तो उत्पात देखेर मेरो दाजु भन्यो 'कस्तो अचम्म भयो एक पल्ट त रूकनु पर्छ ? खाली परेको पर्नै छन् । यस्तो भयो भने कसरी राम्रा हुन्छ त भनेर हाम्रो दिदिले वनी भन्यो । दाजूरदिदीका कुरा सुन्दा मलाई पनि के भए छन् मत त्यसै टोलाए छु । पछि दाजुले वोलाउँदा यो थाहा पाएँ । उहाँ भन्नु भयो राम त के भयो । तँलाई त वोलाएको पनि सुन्दैनन् ।

३. निम्नलिखित प्रत्यय लगाई चार-चार शब्द वनाउनुहोस्ः ४

उवा, अक, इयार, इका, इ ।

अथवा

समास वा विग्रह गर्नुहोस्ः

विद्यारूपी धन, दाजुभाइ, सप्तरत्न, कलजिभ्रे, रातमा अन्धो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. कुनै दुईको उतर दिनुहोस्ः ४×२=८

(क) कारण भए अकरण र अकरण भए कारणमा बदल्नुहोस्ः
तपाइँले नडाकेको भए म आउँदैनथेँ। इमानदारलाई जसले पनि रूचाउँछ। घोकेको भए आइहाल्थ्यो पनि। ती रमाइला पहाडहरूलाई तैंले कहिल्यै देखिनछस्।

(ख) एकै वाक्यमा संश्लेषण गर्नुहोस्ः
श्यामकृष्ण मेरा साथी हुन्। मैले श्यामकृष्णलाई बालककाल देखि नै चिनेको छु। श्यामकृष्ण निकै चलाख छन्। श्यामकृष्ण निकै मिहिनेत पनि गर्दैछन्। मैले श्यामकृष्णलाई हिजो पुस्तकालयमा भेटेको थिएँ।

(ग) आउनु, ल्याउनु, दिनु, बस्नु र भन्नु क्रियामा सामान्य वर्तमानकालको प्रयोग गर्दै आफ्नो दिदीको वर्णन गर्नुहोस्।

५. संक्षेपीकरण गर्नुहोस्ः

'वेद' आर्यहरूको सब भन्दा प्राचीन ग्रन्थ हुनाका साथै हिन्दू धर्मको मूल आधार पनि हो। हिन्दू धर्म मान्नेहरूको धार्मिक आस्थाको मूल आधार अथवा श्रोत वेद नै हो। वेदलाई प्राचीन महर्षिहरूद्वारा गरिएको अनुभूति र ज्ञानको संकलन पनि भन्ने गरिन्छ। वेद वृक्षका शाखा-प्रशाखाका रूपमा नै स्मृति तथा पुराणहरूको पनि महत्व रहन गएको हो। वेद नै सबभन्दा ठूलो प्रमाण हो भन्ने उक्ति अनुसार वैदिक धर्म अर्थात् वैदिक सनातन धर्मको आधारशीला वेद हो। वैदिक धर्मको मूल श्रोत वेद भएको हुनाले यसको ठूलो महत्व रहन गएको छ। सामान्यतः हिन्दू धर्मको परिभाषा गर्दा वेदद्वारा बताइएको जीवनमार्गका साधनामा सहायक हुनु नै धर्मको मुख्य कार्य मानिन्छ। अन्य दृष्टिकोणबाट पनि हामी वेदको विशेष महत्व रहेको पाउन सक्त छौं। विद्वानहरूका भनाईमा वेद संसारकै प्राचीनतम ग्रन्थ हो। आर्य सभ्यता,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृति, समाज, धर्म आदिको गहिरो ज्ञान गर्ने सर्वमान्य प्राचीन ग्रन्थ पनि वेद नै हो। यसरी वेदलाई हिन्दू सभ्यतामा मात्र नभई विश्वका प्राचीन समाजशास्त्रका अध्ययनमा पनि एक अनमोल ग्रन्थ मानिन्छ।

६. कुनै एक विषयमा २०० शब्द सम्मको निबन्ध लेख्नुहोस्: ८
(क) जीवनमा खेलकूदको महत्व (ख) उर्जाका वैकल्पिक स्रोतहरू
(ग) नेपाल सुन्दर शान्त विशाल।

७. निम्नलिखित अनुच्छेद पढी अनुच्छेदका अन्त्यमा सोधिएका प्रश्नहरूको छोटो छरितो उत्तर दिनुहोस्:

संयुक्त राष्ट्रसंघको आह्वानमा निर्धारण गरिएको "सन् २००० सम्ममा सबैका लागि स्वास्थ्य" भन्ने उद्देश्यका प्राप्तिका लागि प्रयास जारी छ। कुपोषण र अन्य कतिपय कारणले नेपालीको ठूलै संख्या कुनै न कुनै रोगद्वारा पीडित छ। हालै प्रकाशमा आएको एउटा समाचार अनुसार ७५ हजार प्रौढहरू सरुवाखाले क्षयरोगबाट पीडित छन् र त्यस मध्ये १४ हजारलाई उपचार सुविधा पुर्‍याउन सकिएको छ। शिशुहरू यस तथ्यांकमा समावेश नभएकोतर्फ विचार गर्दा नेपालमा एक लाख भन्दा बढी नै जनसंख्या सर्न सक्ने खालका क्षयरोगबाट पीडित भएको अनुमान गरिन्छ। रोगीको संख्या र उपचारसुविधा पाउनेको संख्या विचार गर्दा त्यसको बीचको अन्तराल निकै फराकिलो छ र यसलाई जनस्वास्थ्यसम्बन्धी समस्याकै रूपमा लिइनु पर्दछ। हुन त हामी स्वास्थ्यका विविध पक्षमा सम्भव प्रयासहरू गर्दछौं र त्यसमध्ये कतिपय क्षेत्र निकै अगाडि पनि पुगिसकेका छन्। तर जनस्वास्थ्यका सबै पक्षमा सन्तुलित विकास नभएसम्म कुनै एउटामात्र क्षेत्र अघि पर्‍यो भने पनि त्यसले आपेक्षित सफलता पाउन सक्दैन। एक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकारले नेपालका दुर्गम क्षेत्रहरू आधुनिक चिकित्सा पद्धतिको उपभोग गर्नमा निकै पछाडि परेका छन्। खटाईएका डाक्टर र स्वास्थ्य सहायक वस्न नचाहने। त्यस्तो जनशक्ति फेला परिहाले पनि समयमा औषधि-साधन नपुग्ने र त्यसभन्दा पनि परम्परागत औषधि मूलोमा आम विश्वासका कारणले गर्दा रोग असाध्य नभएसम्म रोगीले आधुनिक उपचार पाउन सक्ने स्थिति विकसित हुन सकेको पाइन्न। यही कुरो **क्षयरोगमा** पनि लागू हुन्छ। सामान्यत: क्षयरोगलाई घृणाको दृष्टिले हेरिने हुँदा त्यसबाट पीडित मानिस सकेसम्म रोग लुकाएरै राख्न खोज्दछ, तर असाध्य भए पछि मात्र ऊ उपचारको खोजीमा अग्रसर हुन्छ। रोग लागेर उपचार नगरून्जेलको अवधिमा उसले अरू कैयौंलाई क्षयका कोटाणु दिइसकेको हुन्छ। यसरी क्षयरोग घट्नुको साटो बढ्दै गएको हुन्छ। यस सन्दर्भमा विचार गर्दा क्षयरोगीको संख्या बढ्दै गएको छ भनेर चिन्ता गर्नु भन्दा जनसाधारणमा यस सम्बन्धी चेतना विस्तार गर्ने र सम्भव उपचारक्षेत्र बढाउँदै गएको खण्डमा क्षय-रोग नियन्त्रण गर्न सकिन्छ र आउँदा वर्षहरूमा सबैका लागि स्वास्थ्यको धारणालाई कार्यरूपमा ल्याउनु मद्दत पुग्ने छ। हालका उपस्थितिमा प्रत्येक विकास केन्द्रमा सबै सुविधाले युक्त क्षयरोग उप-चार सेवाकेन्द्रको संचालन गर्न सकिएमा यस रोगको रोकथाममा निकै सुधार आउन सक्ने छ।

प्रश्नहरू

(१) माथिको अनुच्छेदका लागि के कस्तो शीर्षक दिनु उपयुक्त होला ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२) नेपालमा जन स्वास्थ्य सम्बन्धी के कस्ता मुख्य कठिनाईहरू देखा परेका छन् ?

(३) नेपालमा क्षयरोगीहरूको संख्या घटन नसक्नाको कारण के हो ?

(४) क्षयरोग निवारणका लागि के कस्ता उपायहरू गर्नु पर्ने कुरामा लेखकले जोड दिएका छन् ?

(५) यस अनुच्छेदमा रेखाङ्कित गरिएका पद र पदावलीहरूको तात्पर्य के हो ?

८. निम्नलिखित शीर्षक र बुंदाहरूमा केन्द्रित रही ८० शब्द सम्मको अनुच्छेद लेखन गर्नुहोस्ः ८

(क) शीर्षक— जड़ी बूटी उद्योग

(ख) बुंदाहरू—नेपालको भौगोलिक वातावरण विभिन्न जड़ी-बूटीको लागि उपयोगी…जड़ी बूटीका विकासले औषधिको अनुसन्धान र उत्पादनमा वृद्धि…यसका लागि नयाँ नयाँ प्रविधि र दक्ष जन शक्तिको आवश्यकता…यसबाट क्रमशः औषधिमा आत्म निर्भरता र विदेशी मुद्राको आर्जन…देशको आर्थिक विकासमा टेवा र देशको गौरवमा वृद्धि ।

९. "महापुरुषको संगत" निबन्धले नेपाली समाजका कुन कुन पक्ष-माथि के कस्तो व्यङ्ग्य गरेको छ ? चर्चा गर्नुहोस् ।

अथवा

आवश्यक तर्क दिंदै 'बसाई उपन्यासको नामाकरणको सार्थकता देखाउनुहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१०. कुनै दुईको उत्तर दिनुहोस् :—

(क) द्रव्य शाहका चरित्रमा पाइने मुख्य विशेषता के छन् ?

(ख) भाव विस्तार गर्नुहोस्:

मपाइँ न धार्मिक दृष्टिले पाप हो न कानूनी दृष्टिले अपराध।

(ग) तलको गद्यांश पढी सोधिएका प्रश्नको जवाफ दिनुहोस् :

उसलाई हिंड्दा-हिंड्दै अचानक चिप्लेर लडे जस्तो लाग्यो र भुइँ भासिए जस्तो लाग्यो। जीवनमा सधैंको निमित्त दुःखले पाइलो हाले जस्तो मानी सारीका छेउले मुख ढाकेर रैवेबेर-सम्म रोइरही। रूँदारूँदै बतासले हल्लाएको रूख ढल्दा झैं बङ्ग भुँमा लडी।

प्रश्नहरू

(१) माथिको गद्यांशमा के कस्तो शैलीगत विशेषता पाइन्छ ?

(२) माथिको गद्यांशको पहिलो वाक्यको वाक्य गठन सरल, मिश्र संयुक्त के हो ?

(३) "दुःखले पाइलो हाले जस्तो" भन्नाको खास अभिप्राय के हो ?

(४) "भुइँ भासिएजस्तो हुनु" भनेको के हो ?

प्रवीणता प्रमाणपत्र प्रथम वर्ष अनिवार्य नेपाली

१. कुनै दुई प्रश्नको उदाहरण सहित उत्तर दिनुहोस् :— १२

(क) मूल र व्युत्पन्न शब्दमा पाइने प्रमुख भिन्नताहरू के के हुन् ?

(ख) 'उद्देश्य र विधेय' भनेको के हो ?

(ग) वाच्य भनेको के हो र यसका के कस्ता भेदहरू छन् ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. (क) तात्पर्य स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नु होस् :
पुरातत्व, पञ्जिका, पान, महामारी, इन्धन, निशुल्क, सुकुमवासी, धुरूधुरू, गमक्क, है ।

(ख) तल दिइएका वाक्यहरू सारी छ पाइशुद्धिका चिह्नहरूको प्रयोग गर्दै शुद्ध गर्नु होस् : ४

यस वेला धेरै पुरानो देवी नाच र दश अवतारहरू प्रदर्शन हुन्छ । विस्तारै-विस्तारै अबहरू नाच पनी देखिन थालेको छन् । राजू मलाई पुस्तक दियो र म पढें । भाई पनि आजवाट पढ्न जानु हुन्छ ? एक्लै घरको वस्तापनि दिक्क लाग्छन् भनेर मैले पनि सननोषानो काम थालेका छन्, कामबाट फूर्शंद पाए पछि केही छेनमा पनि पढ्ने छु ।

३. निम्नलिखित शब्दको प्रकृतिप्रत्यय छुट्याउनुहोस् : ४

बोलावट, लेखक, ईश्वरीय, होसियार, भँडुवा, शक्ति, श्रीमान्, पण्डित्याइँ, मलिलो, गवैया ।

अथवा

निम्नलिखित उपसर्ग लगाई प्रत्येकका चार-चार शब्द बनाउनु होस् :—"बे, सु, अनु, उप, प्र ।

४-२-८

४. कुनै दुईको उत्तर दिनुहोस् :—

(क) वाच्य परिवर्तन गर्नु होस् :—
तिमी कतिन्जेल बस्छौ ? लड्डू खाइन्छ कि खाइँदैन ? म नेपाली पढ्छु । हिजो त खूब निदाइएछ । उसलाई यहाँ आऊ भनियोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ख) एकै वाक्यमा संश्लेषण गर्नुहोस् :—

आज बिहानैदेखि आकाश धुमिएको थियो। आज जाडो पनि प्रशस्तै बढेको थियो। रामका न्याना लुगाहरू थिएनन्। रामलाइ चाँडै उठेर बाहिर जानु थियो। राम जाडामा काम्दै बाहिर गयो।

(ग) जानु, पढनु, देख्नु, लेख्नु र भन्नु क्रियाका पूर्ण वर्तमानकालको प्रयोग गर्दै आफ्ना दाजुको वर्णन गर्नुहोस्।

५. निम्नलिखित अनुच्छेद पढी त्यसका मुख्य चार बुँदा टिप्नुहोस् :—

पानीका मुख्य स्रोतहरू नदी, जलाशय, भूमिगत जल र वर्षा हुन्। वर्षा पानीको प्राकृतिक स्रोत हो। तर यसको कुनै निश्चित मात्रा र अवधि नभएकोले कहिले धेरै समयसम्म पानी नपर्ने र कहिले लगातार मुसलधार वर्षा र बाढीको प्रकोपको स्थिति पनि आउन सक्छ। खडेरीले बालीनाली सुकाइदिन भने बाढीले लगाएका अन्नबालीहरूलाई डुबाएर खतम पार्दछ। वर्षाको मात्रा र विवरण पनि ठाउँ ठाउँमा फरक हुन्छ। अतः कृषिका निम्ति यसमाथि भर परेर बस्न सकिदैन। तर जुनसुकै बेला र जतिसुकै मात्रामा वर्षा भए पनि बगेर खेर जाने वर्षाको पानीको उचित संरक्षण गर्न सकेमा पानीको समस्या केही मात्रामा भएपनि सुल्झिने थियो। जलाशयहरूबाट कृषिका निम्ति सिचाईगर्ने सम्भाव्यता सीमितरूपमा मात्र देखापर्छ भने नदीजल र भूमिगतजल नै कृषिका सन्दर्भमा सिंचाइका मुख्य साधन ठहर्छन्। हाम्रो देशका सम्पूर्ण जनताको प्रमुख खाद्यवस्तु धान नै मुख्य भएकोले देशको लगभग २० हेक्टर खेती योग्य जमीन मध्ये लगभग १२ लाख हेक्टर जमीनमा धान खेती गरिन्छ भने धान खेती गरिने जमीनको लगभग १० प्रतिशत जग्गामा मात्र हाल हाल सिंचाई सुविधा पुग्न सकेको छ। हामीसँग प्रशस्त नदीजल र भूमिगतजलको स्रोत रहेता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. (क) तात्पर्य स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नु होस् :
पुरातत्व, पञ्जिका, पान, महामारी, इन्धन, निशुल्क, सुकुम-वासी, धुरूधुरू, गमक्क, है ।

(ख) तल दिइएका वाक्यहरू सारी छ पाइशुद्धिका चिह्नहरूको प्रयोग गर्दै शुद्ध गर्नुहोस् : ४

यस वेला धेरै पुरानो देवी नाच र दश अवतारहरू प्रदर्शन हुन्छ । विस्तारै-विस्तारै अबहरू नाच पनी देखिन थालेको छन् । राजू मलाई पुस्तक दियो र म पढें । भाई पनि आजवाट पढ्न जानु हुन्छ ? एक्लै घरको वस्तापनि दिक्क लाग्छन् भनेर मैले पनि सननोषानो काम थालेका छन्, कामबाट फूर्शद पाए पछि केही छेनमा पनि पढ्ने छु ।

३. निम्नलिखित शब्दको प्रकृतिप्रत्यय छुट्याउनुहोस् : ४

बोलावट, लेखक, ईश्वरीय, होसियार, भँडुवा, शक्ति, श्रीमान्, पण्डित्याइँ, मलिलो, गवैया ।

अथवा

निम्नलिखित उपसर्ग लगाई प्रत्येकका चार-चार शब्द बनाउनु होस् :—"बे, सु, अनु, उप, प्र ।

४. कुनै दुईको उत्तर दिनुहोस् :— ४-२-८

(क) वाच्य परिवर्तन गर्नुहोस् :—
तिमी कतिन्जेल वस्छौ ? लड्डू खाइन्छ कि खाइँदैन ? म नेपाली पढ्छु । हिजो त खूब निदाइएछ । उसलाई यहाँ आऊ भनियोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ख) एकै वाक्यमा संश्लेषण गर्नुहोस् :—

आज विहानैदेखि आकाश धुमिएको थियो। आज जाडो पनि प्रशस्तै बढेको थियो। रामका न्याना लुगाहरू थिएनन्। रामलाइ चाँडै उठेर बाहिर जानु थियो। राम जाडामा काम्दै बाहिर गयो।

(ग) जानु, पढनु, देख्नु, लेख्नु र भन्नु क्रियाका पूर्ण वर्तमानकालको प्रयोग गर्दै आफ्ना दाजुको वर्णन गर्नुहोस्।

५. निम्नलिखित अनुच्छेद पढी त्यसका मुल्य चार बुँदा टिप्नुहोस् :—

पानीका मुख्य स्रोतहरू नदी, जलाशय, भूमिगत जल र वर्षा हुन्। वर्षा पानीको प्राकृतिक स्रोत हो। तर यसको कुनै निश्चित मात्रा र अवधि नभएकोले कहिले धेरै समयसम्म पानी नपर्ने र कहिले लगातार मुसलधार वर्षा र वाढीको प्रकोपको स्थिति पनि आउन सक्छ। खडेरीले वालीनाली सुकाइदिन भने वाढीले लगाएका अन्नवालीहरूलाई डुबाएर खतम पार्दछ। वर्षाको मात्रा र विवरण पनि ठाउँ ठाउँमा फरक हुन्छ। अतः कृषिका निम्ति यसमाथि भर परेर बस्न सकिदैन। तर जुनसुकै वेला र जतिसुकै मात्रामा वर्षा भए पनि वगेर खेर जाने वर्षाको पानीको उचित संरक्षण गर्न सकेमा पानीको समस्या केही मात्रामा भएपनि सुल्झिने थियो। जलाशयहरूबाट कृषिका निम्ति सिचाईगर्ने सम्भाव्यता सीमितरूपमा मात्र देखापर्छ भने नदीजल र भूमिगतजल नै कृषिका सन्दर्भमा सिचाइका मुख्य साधन ठहर्छन्। हाम्रो देशका सम्पूर्ण जनताको प्रमुख खाद्यवस्तु धान नै मुख्य भएकोले देशको लगभग २० हेक्टर खेती योग्य जमीन मध्ये लगभग १२ लाख हेक्टर जमीनमा धान खेती गरिन्छ भने धान खेती गरिने जमीनको लगभग १० प्रतिशत जग्गामा मात्र हाल हाल सिंचाई सुविधा पुग्न सकेको छ। हामीसँग प्रशस्त नदीजल र भूमिगतजलको स्रोत रहेता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि आवश्यक लगानी र सीपको अभावमा नहर-कुलो र भूमिगतजलको उपयोगका क्षेत्रमा थप सुविधाहरू त्यति ज्यादा जुटाउन सकिएको छैन।

६. (क) लगभग ६० शब्दको प्रयोग गरी विस्तृतीकरण गर्नुहोस् :
'विद्या निष्फल भो त्यसको जो छैन देश सेवक'

(ख) 'क्याम्पस जीवन' शीर्षकमा वस्तुपरक अभिव्यक्ति प्रस्तुत गर्दै ६० शब्दसम्मको एक अनुच्छेद लेख्नुहोस्।

७. निम्नलिखित अनुच्छेदका अन्त्यमा सोधिएका प्रश्नहरूको छोटो छरितो उत्तर दिनुहोस् :

नेपालमा महारानी राजेन्द्र लक्ष्मीको प्रशासन चलिरहेको समयमा भारतका इष्ट इण्डिया कम्पनीका निजामती कर्मचारीहरू मिलेर ई. सं. १७८४ मा कलकत्तामा 'एसियाटिक सोसाइटी अफ बङ्गाल' नामक संस्था स्थापना गरी भारतको पुरातत्व र इतिहासको अन्वेषण गर्न लागेका हुनाले त्यसको ८ वर्ष पछि काठमाठौं आएका कर्कंप्याट्रिकले र १८ वर्षपछि आएका हेमिल्टनले नेपालको विवरण लेख्ता नेपालका पुरातत्त्व र इतिहासको विषय पनि कोट्याएका थिए। उक्त संस्थाको स्थापना भएको ५० वर्षसम्मा कुनै नेपालीले पनि अंग्रेजी भाषा नजानेका हुनाले यी दुई विद्वान्हरूका नेपाल सम्बन्धी जानकारी नेपालीहरूलाई प्राप्त हुन सकेको थिएन। अवश्य नै त्यस ताकसम्ममा भारतमा पुरातत्व र इतिहासको अन्वेषण सम्बन्धी अनेक संस्थाहरूको स्थापना भइराखेको थियो र अनेक भारतीय सज्जनहरूले अंग्रेजी भाषाको पठन पाठनको क्रम चालू गरेका पनि थिए। राष्ट्रीय अध्ययनको प्रमुख अङ्ग इतिहास भएकोले यो अङ्ग नभएको राष्ट्र अङ्गहीन हुन्छ भन्ने जानेर उनीहरू आफ्ना सच्चा इतिहासका खोजमा लागिसकेका थिए। वस्तुगत तथा प्रामाणिक तथ्यहरूका विश्लेषणबाट निष्कर्षसम्म पुग्नु सच्चा इतिहास हो। प्राचीन भारतका संस्कृत भाषामा पनि इतिहास

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शब्द पाइन्छ तर त्यो इतिहास पुरातत्व मात्र हुन्थ्यो भने आधुनिक अर्थमा भारतमा ऐतिहासिक अध्ययन त्यसै ताक मात्र थालियो नेपालमा ऐतिहासिक आधुनिक सचेतताको क्रमबारे विचार गर्दा पश्चिमी विद्वानहरूको ऐतिहासिक चेतनासँग नेपालीहरूको संपर्कका दृष्टिले जङ्गबहादुरको समयको नेपाल तिब्बत युद्धको प्रसङ्ग उल्लेखनीय देखिन्छ। यस युद्धका सन्दर्भमा कर्कप्याट्रिकले लेखेको नेपालको विवरण पढिएको थियो। सो युद्ध हुनुभन्दा केही पहिले नै काठमाडौंमा दरबार स्कूलको स्थापना भई अंग्रेजी भाषामा लेखिएको भारतको इतिहासको पठन-पाठन पनि त्यस स्कूलमा चालू भएको थियो। यिनै घटनाक्रमबाट नेपालमा खास इतिहासचेतनाको बिऊ रोपियो। तर नेपालको इतिहास सम्बन्धी तथ्य र अध्ययनलाई प्रकटमा आउन नदिने प्रयत्न भने राणा शासनकालभर चलि रहेको थियो। यसै कारणले राणा शासनकालसम्म पुरातत्व विभागको स्थापना हुन सकेको थिएन र राष्ट्रोलेखरक्षाणालय (अभिलेखालय) को स्थापना हुनु त परै जाओस् कागत पत्रमा लेखेएक राष्ट्रिय लेखहरू घाँसपराल थन्क्याए झैं गोप्य गरेर राखिने नियम कायम भएकोले इतिहासको अन्वेषकहरूका निमित्त ती लेखहरू अलभ्य थिए।

प्रश्नहरू :

(१ माथिको अनुच्छेदका निम्ति के कस्तो शीर्षक दिनु उपयुक्त होला ?

(१) माथिका अनुच्छेदमा रेखाङ्कित गरिएका पद र पदावलीहरूको खास तात्पर्य वा अर्थ के हो ?

(३) भारतमा इतिहास तर्फको सचेतता थालिएको आधा शताब्दी भइसक्दा पनि नेपालमा ऐतिहासिक अध्ययनको प्रयास नहुनाका कारण के हुन् ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४) इतिहास सम्बन्धी परम्परागत पूर्वीय दृष्टिकोण र आधुनिक दृष्टिकोणमा के कस्तो अन्तर पाइन्छ ?

(५) ००७ साल पूर्वको नेपालका इतिहास अध्ययन सम्बन्धी मुख्य समस्याहरू के कस्ता थिए ?

८. निम्नलिखित अनुच्छेद पढी अनुच्छेदका अन्त्यमा सोधिए अनुसार उत्तर दिनुहोस् :

वर्तमान विश्वको औद्योगिक सभ्यतालाई अर्का शब्दमा यान्त्रिक सभ्यता पनि भन्न सकिन्छ। यस तान्त्रिक सभ्यताले मनुष्यको शिल्प-कौशललाई पराकाष्ठामा पुऱ्याएको छ। आजको विश्वलाई विकसित र विकासोन्मुख दुई फाँटमा बाँड्ने काम यही यान्त्रिक औद्योगिक सभ्यताबाट भएको हो। आधुनिककरण र विकास यान्त्रिक-औद्योगिक सभ्यताकै प्राप्ति हुन आएका छन्। जहाँ विज्ञानले पदार्थ जगत्का अन्तर्निहित रहस्यहरूलाई बुझ्ने र संज्ञन चाहने मानवीय चेतनालाई निकै परसम्म डोऱ्याउँदै लगी मान्छेलाई प्रकृतिको प्रयोगशालाको आधारभूत तत्वज्ञान दिंदै गयो त्यही विज्ञानका कोखबाट प्राविधिहरूको नित्य-नवीन प्रवर्तन पनि भई नै रह्यो। यिनै विज्ञानप्रेरित प्राविधि-हरूका आधारमा यान्त्रिक उन्नति दिन प्रतिदिन मोलाउँदै आयो र त्यसैको परिणाम हो औद्योगिक सभ्यता। आज यही यान्त्रिक-औद्योगिक सभ्यता नै विश्वको आधुनिकीकरण वा विकासको पर्यायवाची हुन आएको छ। यस औद्योगिक सभ्यताका क्रममा मान्छेको जीवनलाई सुख सुविधायुक्त बनाउने दिशामा ज्यादै ठूलो क्रान्ति भएको छ र भविष्यमा झनझन हुँदै जाने देखिन्छ।

प्रश्नहरू :

(क माथिको अनुच्छेद भित्र रेखाङ्कित गरिएका पद र पदावली-हरूको तात्पर्य के हो ? २

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ख) माथिको अनुच्छेद सर्सर्ती पढी वढी भएको संक्षेपीकरण गर्नुहोस् । ६

९. 'मधु मालतीका कथामा पाइने सामाजिक र मनोवैज्ञानिक पक्षको विवेचना गर्नुहोस् । १२

अथवा

'बसाइँ' उपन्यासले ग्रामीण सामाजिक शोषणको के कस्तो चित्र उतारेको छ । स्पष्ट गर्नुहोस् ।

१०. कुनै दुईको उत्तर दिनुहोस् : ८

(क) 'चन्द्रलोक कसको ?' निबन्धको प्रमुख व्यङ्ग्य के हो ?

(ख) भाव विस्तार गर्नुहोस् :

जसको हृदयमा पाप छ उसले अरूका हृदयमा पनि पाप देख्छ।

(ग) तलको गद्यांश पढी सोधिएको प्रश्नको उत्तर दिनुहोस् :

मपाइँत्व प्रदर्शित गर्ने कथाहरू नौ मुरि पाइन्छ पुराण पढ्नोस्, पण्डित भेट्नोस् कि पादरी भेट्नोस् मपाईंकै चतिकला तपाईं सुन्नुहुन्छ । कृष्ण हुन् कि क्राइष्ट हुन् सबैका कथामा मपाइँकै गाथा सुनिन्छ ।

प्रश्नहरू :

(१) माथिको गद्यांशका अन्तिम वाक्य सरल, मिश्र र संयुक्तमध्ये कुन हो ?

(२) माथिका गद्यांशमा रेखाङ्कित गरिएका पदहरूको तात्पर्य के हो ?

(३) माथिका गद्यांशमा के कस्तो शैलीगत एवं अभिव्यक्तिगत विशेषता पाइन्छ ?

(४) माथिका गद्यांशमा पाइने मुख्य व्यङ्ग्य के हो ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(√) २७ | # अनिवार्य नेपालीका सम्भाव्य प्रश्नहरू (प्रवीणता प्रमाण पत्रतह)

१. कुनै दुई प्रश्नको उदाहरण सहित उत्तर दिनुहोस्—१५ (समय २७ (मिनेट)

क—मूल र व्युत्पन्न शब्दहरूमा के अन्तर छ? (समास भनेको के हो? र यसका के कति प्रकारहरू छन्? वा-शब्दका अन्त्यमा क—हाँ कहाँ दीर्घ ई, लेखिन्छ? (ह्रस्व इ, उ र दीर्घ 'ऊ' पनि हुन सक्तछ) वा-तत्सम, तद्भव र आगन्तुक शब्द भनेको के हो? वा-कृदन्त र तद्धितान्त शब्दमा के अन्तर छ? वा-'ब र व' को प्रयोग कहाँ कहाँ हुन्छ? वा 'श, ष र स' को प्रयोग नेपाली भाषामा कसरी हुन्छ?)।

ख—सकर्मक अकर्मक र द्विकर्मक क्रियामा के अन्तर छ? (उद्देश्य र विधेय भनेको के हो? वा-क्रियाको काल भनेको के हो? वा-भूत कालिक पक्ष भनेको के हो? व-वर्तमान कालिक पक्ष भन्नाले तपाईं के बुझ्हुन्छ? वा-भविष्यत कालीन पक्षको चर्चा गर्नुहोस्? भाव भनेको के हो? वा-विद्यर्थक भाव भन्नाले के बुझिन्छ? वा-अनिश्चयार्थक भाव भनेको के हो? वा-पदसंगति भनेको के हो? वा उद्देश्य र विधेयका बीचको मेल भन्नाले के बुझिन्छ? वा-कारक भनेको के हो? वा-कारक र विभक्तिमा के अन्तर छ?)।

ग—संयुक्त र मिश्र वाक्यमा के अन्तर छ? (वा-वाक्य परिवर्तन भन्नाले के बुझिन्छ? वा-वाक्यको वर्गीकरण गर्नुहोस् वा-मिश्र वाक्य भनेको के हो? वा-वाक्य परिवर्तन भनेको के हो? (यो सैद्धान्तिक प्रश्न—वाक्य परिवर्तन अन्तर्गत पर्दछ र यस्तै-सरल वाक्यबाट--प्रश्नार्थक, आज्ञार्थक, अनिश्चययार्थक प्रेरणार्थक वाक्यहरू मध्ये कुनै एकमा परिवर्तन गर्ने भन्ने कुरा बुझ्नुपर्छ)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. क—तात्पर्य स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस्—५ (समय ९ मिनट)

(यो प्रश्नमा—प्राविधिक शब्द ५, अनुकरणात्मक शब्द २, निपात १ र विशेष शब्द २ गरो १० शब्द रहन्छन्)

अवमूल्यन, प्रवक्ता, राजस्व भक्षय, शिलान्यास, (अलंकार, आशु-कवि, निलम्वन भूपरिष्ठित, शिलालेख, स्तूप, अभिकर्ता, लालमोहर, सर-जमीन, निकासी, पैठारी, आरक्ष निकुञ्ज, कीटाण, नसच्छेदन, संक्रामक, कालोपत्र, घरेटो, चकेटो, बोलपत्र, आकाशगंगा, तापक्रम, तारापुञ्ज, दूरदर्शन, निशुल्क, मूल्यांकन, कक्रवक, मुसुक्क, (कलकल, गमक्क, छपक्क, झपक्क, टिलपिल, टप्प, धुरूधुरू, मखख, लहलह, हुरुक्क, यो, त, नि, नै, है, नामकरण, परिचर्चा।

ख—छपाइ शुद्धिका चिह्नहरूको प्रयोग गर्दै शुद्ध गर्नुहोस्—५ (समय ९ मिनट)

(यो प्रश्नमा-हरू दीर्घ सम्बन्धी गल्ती ७, श, ष, स सम्बन्धी गल्ती ३ वर्ण विन्यासका अन्य गल्ती ३, पदयोग र पदवियोग सम्बन्धी गल्ती ४ लेख्य चिह्न सम्बन्धी गल्ती २, पदसंगति सम्बन्धी गल्ती ५ विभक्ति नियम सम्बन्धी ४, आदरार्थी प्रयोग सम्बन्धी गल्ती २ ३०)

३. निम्नलिखित प्रत्यय लगाई चार चार शब्द बनाउनुहोस्—५ (समय ९ मिनेट)

अक्कड, ऐया, अक (अन्ते, आइ, आउ, आवट, आहा, इलो, ओट, अ, इत, त, ति) आलु, क (इया, ई, ए, एली, माईं, इक, ईण, ईय, ता) (वा–न–ल दिएका शब्दहरूको प्रकृति प्रत्यय छुट्याउनुहोस्—

जावत, हनाइ, खँडवा, कारक, वक्ता (आवत, हनक्कड मगन्ते, छापा, जनाउ, तनाउ, छपान, छनावट, भँडुवा, खँदिलो, खवैया, गवैया,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुनैया, हंसैया, भाव, राय, पाठक, वाचक, वचन, स्थान, उक्त, घाती, वादी, स्थित, कर्ता, उक्ति, लमाइ, लजालु, खेती, ऐतिहासिक, मतिमान, भरिया, अघिया, सझिया, हँसिलो, इमान्दारी, कनिके, अधेली, रतेली, कज्याइँ, वढ्याइँ, कति, जस्तै, यत्रो, कसरी, तव, अव, कहिले, आस्तिक, सामाजिक, वैदिक, क्षीण, नवीन, आत्मीय, वालक, समता, जनता, आदिम, श्रीमान् ।

अथवा

निम्नलिखित उपसर्ग लगाई चार चार शब्द बनाउनुहोस् ।

अति, अप, आ, उप, प्र (पाठ्यांशका सत्रै उपसर्ग महत्वपूर्ण छन्) ।

(वा—'हार' आधार पदमा कुनै पाँच उपसर्ग लगाई अर्थ भिन्न झल्किने गरी वाक्यमा प्रयोग गर्नुहोस् (आधारपदहरू-कार, वन्ध, योग, चार, देश, ग्रह, करण आदि) वा-समास वा विग्रह गर्नुहोस्—

कामलायक, महान् राजा, सप्तकोसी, वावु र आमा, यथाशक्ति (पानीको लागि घाट, राजकाज खराव काम, कालिमाटो, गहुँ, झैं गोरो, मुखचन्द्र. नौवटा रत्न. त्रिरत्न, कालो जिब्रो भएको वाघमुखे, मूल्य नभएको आजन्म, प्रत्येक दिन, झन् अस्ति, लेखेको अनुसार) ।

४. कुनै दुई प्रश्नको उत्तर दिनुहोस्—१० (समय १८ मिनेट)

क—तल दिएका वाक्यहरूको वाच्य परिवर्तन गर्नुहोस्—

हिजो म क्याम्पस गएँ । प्रहरीले चोरहरूलाई पक्र्यो । उसलाई यहाँ आऊ भन । तपाईंले खाना खानुभयो । मैले त नेपाली व्याकरण किनें ।

वा—करण भए अकरण र अकरण भए करणमा वदल्नुहोस् । क—तपाईंले अह्राएको भएर नै मैले यो काम गरेको हुँ । ख—म त यो काम गर्दै गर्दिन । ग—पापले पोल्छ भन्ने कुरा सत्य हो । घ—रामले यो कुरा भनोइन । ङ—श्यामले किताव पढोस्) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ख—तलका वाक्यहरूलाई एकै वाक्यमा संश्लेषण गर्नुहोस् ।

श्याम घर जाँदै थियो । श्यामले वाटामा बाघ देख्यो । रातको समय थियो । श्याम डराएन । श्याम शूरो थियो ।

(वा – वाक्यखण्डका बीचको पारस्परिक सम्बन्ध देखाउंदै तलका वाक्यको वाक्य विश्लेषण गर्नुहोस् ।

मान्छे समाजमै जन्मन्छ, बढ्दछ र आफूलाई यसैमा सुरक्षित भएको अनुभव गर्छ तापनि उ कहिले काहीं समाजका मान्यताहरूलाई बन्धनको रूपमा देख्दछ ।

(वा—मिश्र र संयुक्त गरी जम्मा ४ वाक्यमा 'हिमाल' को वर्णन गर्नुहोस्) ।

ग—अप्रत्यक्ष कथनमा बदल्नुहोस् ।

रामले सोध्यो 'तिमी कहाँ जादैछौ ?"

सीताले भनी "भोलि कमलाको विवाह हो' ।

"लाज नभएको" कमलाले कराउंदै भनी "नबोल" ।

"यो मेरी बहिनी हो" रामले भन्यो । ६३ज

(वा—निम्नलिखित क्रियाको सामान्य भविष्यत्को प्रयोग गर्दै क्याम्पस प्रवेशको पहिलो दिनको वर्णन गर्नुहोस् (यसमा—काल, भाव र पक्षहरूमा कुनै एक जुन पनि हुन सक्तछ)

जानु, पढ्नु, देख्नु, लेख्नु, आउनु) ।

५. निम्नलिखित अनुच्छेद पढी त्यसका मुख्य-मुख्य पाँच (चार) बुँदाहरू छिटो र छरितो रूपमा टिप्नुहोस्—५ (समय ६ मिनेट) ।

(वा—तलको अनुच्छेद पढी संक्षेपीकरणका लागि तलका शैक्षिक सामग्रीहरूबाट पैलोको लागि १५० शब्दसम्मको र दोस्रोका लागि १५० शब्दसम्मको र तेस्रोका लागि १२० शब्दसम्मको अनुच्छेद सोधिने छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१. पौराणिक कहानी--बदरीनाथ भट्टराई। २. संक्षिप्त रामायण—चक्रपाणि चालिसे। ३. सात सूर्य एक फन्को—रमेश विकल। ४. गोरखा पत्र (वर्ष भरिका सम्पादकीय, टिप्पणी र लेखहरू) ५. कुनै स्तरीय पत्रिकाका लेखहरू।

६. तलका कुनै एक विषयमा लगभग २०० शब्दसम्मको निबन्ध लेख्नुहोस्—१० (समय १८ मिनेट)

क—मानव जीवनमा शिक्षाको महत्व। ख--अन्तर्राष्ट्रिय युवा वर्ष देशभक्ति।

(वा—"साझा सबैको बुझ देश हो यो।
पेवा कसैको हुन सक्छ के यो।"

यसलाई लगभग ६० शब्दसम्मको प्रयोग गर्दै विस्तृतीकरण गर्नुहोस्।

वा—"हरारे शिखर सम्मेलन" शीर्षकमा आख्यानात्मक (वस्तुपरक, आत्मपरक र भावमय मिल्दा शीर्षकमा।) अभिव्यक्ति प्रस्तुत गरी लगभग ६० शब्दको एक अनुच्छेद लेख्नुहोस्। कुनै शीर्षक दिई बुँदाहरूको आधारमा माथिका कुनै एक अभिव्यक्तिमा अनुच्छेद लेख्ने सोध्न पनि सकिन्छ। जस्तै—

शीर्षक—"नेपालमा कृषिको महत्व।"

बुँदाहरू—नेपालको प्रमुख उत्पादन, जीवन रक्षाको प्रमुख साधन, मुख्य भोज्य-पदार्थ अन्न, अन्ननै व्यापारको प्रमुख वस्तु र बहुसंख्यकको अवलम्बन कृषि।

वा--"स्वास्थ्य नै धन हो" शीर्षकमा ८० शब्दसम्मको टिप्पणी लेख्नुहोस्)।

७. निम्नलिखित अनुच्छेद पढी अनुच्छेदका अन्त्यमा सोधिएका प्रश्नहरूको छोटो-छरितो उत्तर दिनुहोस्—१० (समय १८ मिनेट)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूचना--बोधका लागि अनुच्छेद तलका सामग्रीबाट दिने चलन रहेको छ।

१. पच्चीस प्रबन्ध--बदरीनाथ भट्टराई। २. प्यारो सपना र अन्य लेखहरू--रामकृष्ण शर्मा। ३. गोरखा पत्र (वर्ष भरिका सम्पादकीय, टिप्पणी र लेखहरू। ४. ज्ञानविज्ञान र साहित्यका विभिन्न फाँटका पत्रिकाका स्तरीय लेख-निबन्धहरू।

८. निम्नलिखित अनुच्छेद पढो अनुच्छेदका अन्त्यमा सोधिए अनुसार उत्तर दिनुहोस्--१० (समय १८ मिनेट)

सूचना—यो प्रश्न ६ किसिमले सोधिन्छ।

१—२०० शब्द सम्मको अनुच्छेदमा रेखाङ्कित गरी (तीन वा चार प्राविधिक शब्द) दुई (२) अंकको एक प्रश्न र चार बोधात्मक प्रश्न प्रश्न सोधी आठ (८) अंक दिइन्छ।

२—दोस्रो खाले प्रश्न १ को जस्तै गरो आठ (८) अंकको चार बुँदा टिप्न लगाइन्छ।

३—अनुच्छेद १२० शब्द सम्मको सोधी दुई (२) अंकका लागि माथिकै तरिका अपनाई आठ (८) अंकको लागि पूरै अनुच्छेदका लागि संक्षेपीकरण गर्न भनिन्छ।

माथिका तीनोटै खाले प्रश्नका अनुच्छेदका लागि बोध, बुँदा टिपोट र संक्षेपीकरणका शैक्षिक सामग्री नै रहन्छन्।

४—निम्नलिखित शीर्षक र त्यसका बुँदाहरूमा केन्द्रित रही ८० शब्दसम्मको एक अनुच्छेद (यस्तै टिप्पणी वा सानो लेख) लेख्नुहोस् (यसरी ३ किसिमले सोधिन्छ)।

शीर्षक—"नेपाली भाषाको महत्व"।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुँदाहरू—क—सबै जातजातिका नेपालीहरूको साझा सम्पर्क भाषा, ख—अधिकांश नेपालीहरूको मातृभाषा, ग—राष्ट्रभाषाको रूपमा सम्मानित हुन पुगेको भाषा, घ—शिक्षा र संचार आदि विभिन्न क्षेत्रमा दिनानुदिन प्रगति गर्दै अगाडि बढेको भाषा, ङ—सबै नेपालीबाट यसलाई मीठो माया र ममता दिई अझ बढी विकसित गर्ने साझा कर्तव्य ।

९. "बिदा" कथाले सामाजिक पक्षलाई कसरी प्रष्ट पारेको छ ? विवेचना गर्नुहोस्—१५ (समय २७ मिनेट)

अथवा

शिलान्यास (बसाइं-उपन्यासको) नाटकको नामकरणको सार्थकता देखाउनुहोस् ।

१०. कुनै दुईको उत्तर दिनुहोस्—१० (समम १८ मिनेट)

क—'जयभुँडी' निबन्धको खास भाव के हो ?

ख—भाव विस्तार गर्नुहोस् ।

मपाईं न धार्मिक दृष्टिले पाप हो, न कानूनी दृष्टिले अपराध ।

ग—निम्नलिखित अनुच्छेद पढी तल दिएका प्रश्नको उत्तर दिनुहोस् ।

आकांक्षा र खुल्दुलीको पखेटा लाएर तँ नै क्षितिज झैं पर सर्दै जाने आनन्दको खोजीमा उदाउंदछस्, तर खोइ, शान्ति र आनन्द भेट्न को पुग्यो ?

क—यसको वाक्य गठन-सरल, मिश्र र संयुक्त के हो ?

ख—"आकांक्षा र खुल्दुलीको पखेटा" को तात्पर्य के हो ?

ग—रेखांकित अंशमा के विशेषता छ ?

घ—माथिको गद्यांशमा के भन्न खोजिएको छ ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्नातक प्रथम वर्ष अनिवार्य नेपाली

१—तलका कुनै दुईको उदाहरण सहित उत्तर दिनुहोस् : १२

(क) अव्ययको परिचय के हो र यसका के कति प्रकार छन् ?

(ख) नाम धात भनेको के हो र यसको निर्माण कुन कुन तरिकाबाट हुन्छ ?

(ग) मिलित वाक्य भनेको के हो ?

२—शुद्ध गर्नुहोस् : ८

(क) मनुष्य जातिको वास्तविक अवनती त्यति मात्रवेला संभव हुन्छ जब यो देशकै श्वार्थ र हीतका विरोधमा खडा हुन्छन्। आफ्नोमात्रिभमीको उन्नती को लागि जुनसुकै देशवाशीले पनि उन्तरीत्मा देथि सेवा गर्न जन्नु पर्छ। सेवाको मार्ग दूर्गम र विसमहुन्छन् र यस मार्गमा स्वयं समर्पीत हुनु इच्छाक व्यक्ती कमै राष्ट्रलाई शुसुप्त हुनु ननिएर जाग्रतपार्न हामीवाट सचेस्ट हुनु पर्छन्।

(ख) भ्रष्टाचार सामाजिक जीवनलाई ध्वश्त पार्‍यो। मात्र भौतिक लच्छे-प्राप्त हुन सक्तैन। नीको चाहिन्छ र चारित्रीक सुदृढिकरण अपेक्षीत छ।

३—तात्पर्य स्पष्ट हुने गरी वाक्यमा गर्नुहोस् : ४

फतक्क, अकासिनु, भातभात, शिविर, कार्यशाला, परमादेश, आपूर्ति, निदान, परियोजना, अनियमितता।

४—तलका कुनै दुईको उत्तर दिनुहोस् : ८

(क) तलका शब्दहरूको प्रकृति प्रत्यय छुट्याउनु होस् :

छापा, बचत, गायक, खरेटो, सुवादार, पाठक, बुद्धिमान्, कर्तव्य, सामुदायिक।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ख) 'वाद'मा कुनै चार उपसर्ग लागी बनेका शब्दहरूको अर्थ लेखी तिनोहरूलाई अर्थभिन्नता देखिने गरी वाक्यमा प्रयोग गर्नुहोस् :

(ग) समासको नाम बताउँदै समास वा विग्रह गर्नुहोस् :
श्रीसम्पत्ति, कमल झैं चरण, अमोल, रातमा अन्धो, चरि नंग्रे०

५—वाच्य परिवर्तन गर्नुहोस् : ४

(क) भगवान्को दर्शन गर्नुहोस्। (ख) उनीहरू मलाई खूब पढैया ठान्छन्।

(ग) आज कति वटा खसी काटिए। (घ) आफू त जहाँ जान्छु उहीं खान्छु।

(ङ) हिजो पुस्तकालय हेर्न गइयो।

६—तलका वाक्यहरूलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस् :
भक्तहरू भगवानको भजन गर्दछन्। भक्तहरूले भगवान बाहेक अरूको भक्ति गर्न जानेका हुदैनन्। भक्तिबाट भगवान खुशी हुन्छन्। भगवानका कृपाबाट भक्तहरूका मनमा शान्ति हुन्छ। भगवानबाटै भक्तहरूको उद्धार हुन्छ।

७—निम्नलिखित अनुच्छेद पढी संक्षेपीकरण गर्नुहोस् : ४
मानव-जीवन झन झन् व्यस्त हुँदैं गइरहेछ। विश्वको ज्ञान-भण्डार ज्यादै ठूलो भइसकेको छ र हरेक विषयको प्राथमिक ज्ञान नगरे मानव आजको युगमा अन्धो नै भनिन्छ। जीवनलाई सुगम र सुविधाजनक बनाउन अनेकौं साधनहरूको आविष्कार भइ सकेको छ र ती साधनको प्राप्ति गर्न नसक्ने व्यक्ति वा राष्ट्र हेय ठह-रिन्छ। व्यवहार र जीवनका तरिकामा ज्यादै परिवर्तन र सूक्ष्मता आएका छन् अनि तिनको समुचित प्रयोग गर्न नसक्ने मान्छेलाई असभ्य भनिन्छ। मानवले जति ज्यादा विकास गरेको छ उति नै उसको जीवन व्यस्त भइरहेको छ। मानव दैनिक जीवनमा जति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुराको उपभोग वा प्रयोग गर्छ तीमध्ये केही अवश्य नै आमोद-प्रमोदका साधन हुन् तर ती आमोद-प्रमोदका साधनलाई पैसाको रूपमा ग्रहण गर्दागर्दा ती पेशासंग संबन्धित साधन भन्दा इतर साधन नभईकन मानवलाई आनन्द आउँदैन। सिनेमा भवनभित्रको कर्मचारीलाई सिनेमाका अनगिन्ति रङ्गीन दृश्यबाट र मोटर कार्यालयर्फ जान लागेको कर्मचारीलाई त्यस मोटरयात्राबाट केही आनन्द नआउँदो हो; किन भने उसलाई ती साधनको उपयोग गर्दा पैसाप्रति अधिक चिन्तित रहनु पर्दछ। उसको जीवनले पेशागत रूपमा बेहोरिरहेका आमोदका साधनबाट ऊ वास्तविक आमोदको रसलिन पाउन्न। ती साधन उसका निम्ति पेशागत दैनिक सम्पर्क-बाट जड भइसकेका हुन्छन्।

८—निम्नलिखित अनुच्छेदका अन्तमा सोधिएको प्रश्नहरूको छोटो छरितो उत्तर दिनुहोस् :

मलाई भारत भनेको त्यो माटोको थुप्रो होइन जो हिमालय हो र उत्तरमा पर्खाल भएर तनीतरफ सागरले बेरिएको छ। म भारत देख्तछु त्यसलाई जो हृदाकाशमा चित्रित हुन्छ। व्यासको कल्पना, वाल्मीकिको कविता, कालिदासका रचना, ऋषिमुनिहरूका काल्पनिक अन्वेषण र सत्य निर्णयहरूमा सच्चा भारत झलिक-रहेछ। मेरो भारत विशाल छ र त्यसका दांजा कुनै देश छैनन्। हाम्रा पुरखाका सुन्दर उत्पत्तिका कथाहरू, हाम्रा वेदसत्वका स्फुरणहरू, पुराणपुरूषहरूका सत्य झूल्काहरू, ती करोड़ौं अमर सत्य प्रतिविम्व मूर्ति र प्रतिभाहरू, शिल्प र चित्रहरू ती व्यक्ति भावनाका अनुपम उद्गारहरू जो भारतीय संस्कृति र सभ्यता छन्-तिनैमा सच्चा भारतको अनुहार म पाउँदछु। मलाई शकुन्तला काल्पनिक स्त्री छैनन् न मेरा निमित्त युधिष्ठिर खालि एक ताया हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रामचन्द्रको सजीवता र सत्यताले भारतीय जाति अहिलेसम्म चिनइरहेको छ। कृष्णजीलाई ऐतिहासिक पुरूष या पुराना राजा भन्ने अंग्रेजको चातुरीले हामीलाई सिकाउन लागिरहेन्छ, तर कृष्ण जीको सत्य-व्यापकत्वमा बलिरहेछ। कृष्णजी छैनन् भन्ने विश्वास पूरा तवरसंग म यदि पार्न सकूं तव म बोसौं करोड़ौं हिन्दूहरूको प्राप्त यस संसारवाट विदा गराउन सक्तछु। मलाई वृन्दावनमा त्यही सत्य छ जो व्यासजीले बताउनु भएथ्यो। म सरस्वतीलाई आध्यात्मिक शक्तिको काल्पनिक प्रतिमा भन्ने विश्वासले हिन्दू संसारमा जिउन सक्तिन। मेरा निमित्त हंसवाहिनी माता त्यतिकै सत्य हुनुहुन्छ जुन सत्यको चेतले र विश्वासले मैले कुनै दिन उहां-संग सपनामा कुरा गरेथें।

प्रश्नहरू :

(क) उपर्युक्त अनुच्छेदको मुख्य आशय के हो ?

(ख) लेखकको विचारमा भारतको वास्तविक स्वरूप के कस्तो छ ?

(ग) किन लेखक पौराणिक पात्रलाई काल्पनिक स्वीकार गर्न तयार छैनन् ?

(घ) लेखकले कुन आधारमा भारतलाई विशाल ठह्र्याएका छन् ?

(ङ) रेखांकित पद र पदावलीको तात्पर्य के हो ?

९—राष्ट्रभाषालाई शिक्षाको माध्यम नबनाई नेपालको शैक्षिक समुन्नति संभव छैन भन्ने विषयमा तार्किक अभिव्यक्ति प्रस्तुत गर्दै एक अनुच्छेद लेख्नुहोस्। ८

१०—निम्नलिखित शीर्षक र त्यसका बुँदाहरूमा केन्द्रित रही १५० शब्द सम्मको सानो लेख लेख्नुहोस :

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(क) 'हरियो वन नेपालको धन'

(ख) बुंदाहरू : हरियो वन नेपालको धन भन्ने नेपाली उखान—नदीनाला र खानेपानीको स्रोत वनै न हो—हावा-पानीमा वनको प्रभाव—वन संरक्षणको नेपाली परम्परा—वन मासिदा नेपालको अर्थतन्त्रमा परेको आघात र वृक्षारोपण कार्यक्रम ।

११--'अमरसिंह' नाटकमा पाइने देश भक्तिका मूल बुंदाहरूको विवेचना गर्नुहोस् । ८

अथवा

'म जुजुमान' कथा रूपमा पाइने सामाजिक व्यङ्ग्य बारे छलफल गर्नुहोस् ।

१२--''साधुको माहात्म्य'' निबन्धको मुख्य-मुख्य पांच बुंदाको टिपोट गर्नुहोस् । ४

अथवा

निम्नलिखित गद्यांशको भाव स्पष्ट गर्नुहोस् ।

हामी भानुभक्त पढेर शिक्षा शुरू गर्दछौं र उनलाई हेलां गरेर समाप्त गर्ने गर्दछौं । तर बुझ्नेहरू आफ्नो घरको बत्तीमा अर्कै मोहनी देख्दछन् ।

स्नातक प्रथम वर्ष अनिवार्य नेपाली

१—तलका कुनै दुईको उदाहरणसहित उत्तर दिनुहोस् :

(क) विशेषणको परिभाषा के हो र यसका के कति किसिम छन् ?

(ख) कारक भनेको के हो र सरल र तिर्यक कारकमा के भिन्नता छ ?

(ग) समास भनेको के हो र यसका के कति प्रकार छन् ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२—शुद्ध गर्नुहोस् :

भगवान् विष्णुका चार हात छ भन्ने त दृष्टिकोग पुराणहरूको पनि पाइन्छन् । ती चार हातमा सङ्ख , चक्र, गर्दा र पद्म । शङ्खबाट जागृति, चक्रले गति, गदाले रक्ष्या र पद्मले सौन्दर्य जस्ता मानव जीवनका महत्वपूर्ण र आवश्यक पक्ष्यहरूको प्रतिकलाई काम गरेका छन् । ब्रह्मा हाम्रो संस्कृति अनुसार सृष्टिक्रममा पुर्खामुल छन् । उनको कमण्डलका जलले सृजनाको संकेत दिन्छ ।

महेश्वर चाँहि संहारका देवता मानिन्छन् । त्रिसुलले संहारको संकेत दिन्छ ।

यो तीन देवता सत्व, रज र तम त्रीगुणको प्रतिनिधि हुनाका साथै हाम्रा मुख्य देवताका रूपमा पूजनीय र प्रसिद्ध रहेको छन् ।

३—तात्पर्य स्पष्ट हुने गरो वाक्यमा प्रयोग गर्नुहोस् : ४

हस्याङ फस्याङ, रोगाउनु, छोरै छोरा, प्रस्तर, अध्यादेश, निक्षेप, चालकशक्ति, अन्तरङ्ग, ऐलानी, वातावरग, दूषण ।

४—तलका कुनै दुईको उत्तर दिनुहोस् :

(क) निम्नलिखित प्रत्यय लगाई प्रत्यकका चार-चार शब्द बनाउनुहोस् : ती, अक, इयार, ईय, दार ।

(ख) 'कारकमा' कुनै चार उपसर्ग लागि बनेका शब्दहरूको अर्थ लेखी तिनीहरूलाई अर्थभिन्नता देखिने गरी वाक्यमा प्रयोग गर्नुहोस् ।

(ग) अ–'पढ्नु, उज्यालो, बाफ, आंट शब्दहरू के कस्ता पद हुन् ?

आ–उपर्युक्त प्रत्यय थपी अर्कै कोटिका पद बनाउनुहोस् ।

इ–ती पदहरू कुन-कुन कोटिका हुन् ? छुट्याउनुहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५—वाच्यपरिवर्तन गर्नुहोस् : ४

(क) हामी उनलाई विद्वान मान्दछौं।

(ख) राम्ररी अध्ययन गर्दा हो त उत्तीर्ण हुने थियो।

(ग) गाँजाले मातिन्छ।

(घ) ईश्वर सबैको कल्याण गर्दछन्।

(ङ) हिजो के कति पढियो ?

६—संयुक्त, मिश्र र मिलित गरी जम्मा चार वाक्यमा आदि कवि भानुभक्तको वर्णन गर्नुहोस्। ४

७—निम्नलिखित अनुच्छेद पढी मुख्य-मुख्य चार बुँदा टिप्नुहोस् : ४

जब बजारमा कुनै वस्तुको कमी भयो भनेर उपभोक्ताले स्वभावतः त्यस वस्तुको माग घटाएनन् भने त्यस अवस्थामा वस्तुको मूल्यमा वृद्धि हुन्छ। यसबाट के कुरा स्पष्ट हुन्छ भने मूल्यवृद्धि वा महगी रोक्नको लागि उपभोग्य वस्तुको उत्पादनमा वृद्धि गरी वितरण-कार्यमा आवश्यक नियमहरूको तर्जुमाका साथ कार्यान्वियन पक्षलाई दिगो र दरिलो पार्‍यो भने मात्र यस्तो समस्याबाट मुक्ति पाउन सकिन्छ। तर स्वाभाविक परिस्थितबाहेक यस्ता किसिमका परिस्थितहरू पनि हाम्रा सामु विद्यमान छन् जसमा कुनै वस्तुको कमी नभए तापनि मूल्यमा वृद्धि भइरहेको हुन्छ। देशमा कुनै वस्तुको यथेष्ट उत्पादन वा अन्य मुलुकबाट त्यसको पूर्ति भए तापनि बजारमा त्यस वस्तुको कमी हुन सक्दछ। देशमा उपभोग गर्ने वस्तुको उत्पादन भएको अनुपातमा हाम्रो आवश्यकताको पूर्ति हुँदैन भने त्यस्तो किसिमको कृत्रिम अभावले हामीलाई चाहिने वस्तुको कमी वा बाजारमा अप्राप्तिबाट एउटा जटिल समस्या देखापर्छ। यसको परिणामस्वरूप वस्तुको स्वाभाविक कमीले गर्दा हामीले विवश भएर अनुचित मूल्य वा बढी मूल्य तिरेर आ-आफ्नो खर्चको परिपूर्ति गर्नुपर्ने हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८—निम्नलिखित अनुच्छेद पढी त्यसका अन्त्यमा सोधिएको उत्तर दिनुहोस् : ८

नियमित आकस्मिक चक्रको फेरमा भारतले जानेको सबभन्दा ठूलो विज्ञान वा मनोविज्ञान योग हो। तर भारतले त्यो विज्ञान संसारलाई विज्ञानकै रूपमा भेट दिनु त पर जाओस् आफैंभित्र पनि त्यसको क्रियात्मक रूपले उन्नति गर्न सकेन-आफूले जानेको के जानेको हो सो यथार्थ नपाएकाले योगीहरूद्वारा त्यसको यहाँ व्यक्तिगत शारीरिक र मानसिक स्वास्थ्यलाभ सिवाय अरू सार्वजनिक सदुपयोग हुन पाएन। संसारयन्त्र चलाउने यन्त्रारूढ प्रधान मन हो, त्यही मनोवृत्ति जथाभावी हुन नपाएर सह्यालिनु ठूलो कुरा हो–मनुष्यको मनमा परिवर्तन हुन संसारमा परिवर्तन हुनु हो, मनुष्यको मनमा शान्ति नभए संसारमा संग्राम हुन्छ : समस्त मनुष्यको मन सह्यालियो भने मात्र लोभी संसार सह्यालिन्छ, एउटा मानिसको मन संहालिए त्यही एउटा मानिस सह्यालिन्छ, जान्छ, जगत् अमिल्दो नै रहन्छ। तसर्थ योगलाई प्रयोगत्मक बनाई सर्वसाधारणमा औषधितुल्य फैलाउन पर्नेमा नियमित आकस्मिकताले योगीलाई गुफामा लुक्ने बनाईदियो, लोकलाई शिक्षा दिनुपर्ने योगीको आँखा अर्कै लोकतिर अलंक्क पल्टाइ दियो। माल पाएर चाल नपाउँदा पर्वतिनीहरूले नखुल्ने गरेर थाप्लामा सुनको फूल लाए जस्तै भयो–योगीहरू आफ्नो सिरमा सहस्रदल कमलको फूल सिउरेको मग्न भएर बस्न लागे; त्यसमा घुस्न सकेनन्, अनि नजाने जति भाग अज्ञात कल्पनालाई उनले अर्पण गरिदिए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रश्नहरू :—

(क) लेखकले योगप्रक्रियाको के कस्तो मूल्यांकन गरेका छन् ?

(ख) योगीका क्रियाकलापसंग लेखक असन्तुष्ट हुनाको कारण के हो ?

(ग) मनोवैज्ञानिक दृष्टिले योगलाई सार्वजनिक रूपमा उपयोगी तुल्याउने संभावना के कति मात्रामा छ ?

(घ) कुन स्थितमा मात्र योग सार्थक हुन सक्छ ?

(ङ) रेखाङ्कित पद र पदावलीको तात्पर्य के हो ?

९—कुनै एक शिर्षकमा १०० शब्दमा नघटाई एक टिप्पणी लेख्नुहोस् : ८

(क) बढ्दो मँहगो

(ख) वृक्षारोपण कार्यक्रम

(ग) असंलग्न आन्दोलन

१०--निम्नलिखित अनुच्छेद पढो त्यसका अन्तमा सोधिए अनुसार उत्तर दिनुहोस् : ८

हेटौंडा सिमेण्ट उद्योग लि. का केही स्थायी पदहरू खुला प्रतियोगिताद्वारा पूर्ति गरिने भएकोले इच्छुक नेपाली नागरिक उम्मेदवारहरूबाट दरखास्त आव्हान गरिन्छ। दरखास्त फाराम यस उद्योगको केन्द्रीय कार्यालय हेटौंडा वा शाखा कार्यालय लाजिम्पाट काठमाडौंबाट रु० २।-(रु० दुई) (पछि फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ। दरखास्त दिंदा उमेर, शैक्षिक योग्यता, नागरिकता, अनुभव, तालिम आदिका प्रमाणपत्रहरू तथा लब्धाङ्कपत्रहरूको श्री ५ को सरकार वा श्री ५ को सरकारको पूर्ण स्वामित्व प्राप्त भएका संस्थान कारखाना कम्पनीका अधिकृतद्वारा प्रमाणित प्रतिलिपि २।२ प्रति दरखास्तसाथ पेश गर्नु पर्ने छ। दरखास्त फाराम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस उद्योगको केन्द्रीय कार्यालाय हेटौंडा वा शाखा कार्यालय, काठमाडौं लाजिम्पाटमा मिति ०३१।४।४ गते सम्म आइपुग्नुपर्ने छ। दरखास्त दस्तुरत्रापतको रकम राष्ट्रीय वाणिज्य बैंकको शाखा कार्यालय हेटौंडा लामसुरेमा रहेको यस उद्योगको चल्ती हिसाब नं० १ वा नेपाल बैंक लि० काठमाडौं अफिसमा रहेको यस उद्योग-को चल्ती हिसाब नं० १८१५२ मा जम्मा गरेको भौचरसाथ हालै खिचिएको पासपोर्ट साइजको ५ प्रति फोटो टांसी दरखास्त साथ पेश गर्नु पर्ने छ। म्याद नाघी वा रीत नपुगी आएको दरखास्त-उपर कुनै कारवाही हुने छैन। श्री ५ को सरकारको पूर्ण स्वामित्व प्राप्त संस्थान कारखाना वा कम्पनीमा कार्यरत कर्मचारीहरूले विभागीय स्वीकृतिपत्र र पहिले काम गरे हाल काममा नरहेका भूतपूर्व कर्मचारीहरूले आफूले काम गरेको कार्यालयको प्रमाणपत्र-समेतदरखास्त साथ पेश गर्नु पर्ने छ। दरखास्त दिने अन्तिम मितिको ७ दिनसम्म दोव्वर दस्तुर लिई दरखास्त लिइने छ। प्रमाणपत्रहरूको सक्कल अन्तर्वार्तामा पेश गर्नु पर्ने छ।

प्रश्नहरू :

(क) कामको पूर्व अनुभव इच्छुक उम्मेदवारहरूले दरखास्तका साथ पेश गर्नु पर्ने कुराहरूको सूची बनाउनुहोस्।

(ख) दरखास्त दिने म्यादका बारेमा माथिको अनुच्छेदमा के कस्तो जानकारी गराइएको छ ?

(ग) काम सम्बन्धी पूर्व अनुभव भएका कर्मचारीहरूले दरखास्त दिदा विशेष ध्यान दिनुपर्ने कुरा के हो ?

(घ) यस अनुच्छेदका निम्ति के कस्तो शीर्षक दिन उपयुक्त होला ?

(ङ) रेखांकित पद र पदावलीको तात्पर्य के हो ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

११--'अमरसिंह' नाटकका नायकका चरित्रमा पाइने विशेषताहरूको उल्लेख गर्नुहोस् । ८

अथवा

'दोषीचश्मा' कथामा पाइने सामाजिक र मनोवैज्ञानिक पक्षको उद्घाटन गर्नुहोस् ।

१२--नेपाली साहित्यको इतिहासमा 'सर्वश्रेष्ठ पुरुष' निबन्धको मूल अभिव्यक्त गर्नुहोस् ।

अथवा

तल दिइएको अनुच्छेदको भावार्थ स्पष्ट गर्नुहोस् :

मलाई अंग्रेजीले गरी सुवर्ण परम्पराबाट अलग गराएर आफ्नो कदममा चलाउन चाहन्छ । म भन्दछु कि कुनै कुनै विषयमा मैले सिक्नु, देख्नु र खोज्नु बाँकी छ र पाश्चात्य समुद्र यात्रा पनि शिक्षाको एक अंश हो । तर म मेरा प्यारा पुर्खाहरूलाई बिर्सन चाहन्न ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्दर्भ ग्रन्थसूची

१. अनिवार्य नेपाली शिक्षण निर्देशन—त्रि वि., पा. वि. के.
२. ,, ,, रचना —हर्षनाथ शर्मा भट्टराई
३. ,, ,, व्याकरण —फणिन्द्रराज काफ्ले
४. ,, ,, निर्देशका —टंक न्यौपाने
५. कार्य विवरण—त्रि. वि. ने. वि. शि. प्र
रा. अ. २०३५ —त्रि. वि. पा. वि. के.
६. नेपाली नवीन व्याकरण तथा रचना—नरेन्द्र चापागाईं
७. नेपाली भाषा र व्याकरण —शिव गोपाल
विष्णु गोपाल रिसाल
८. नेपाली भाषाको बनोट —गोपालनिधि तिवारी
९. नेपाली रचना शिल्प —तुलसी प्रसाद ढुङ्गेल
१०. नेपाली सजिलो व्याकरण —पुष्कर शम्शेर ज. ब. रा.
११. प्राविधिक शब्दार्थवली —चित्रकला गुरुङ र केदार न्यौपाने
१२. बृहद् नेपाली व्याकरण —रोहणी प्रसाद भट्टराई
१३. ,, ,, शब्दकोष —हर्षनाथ शर्मा (,,)
१४. भाषा तत्त्व —नरेन्द्र चापागाईं
१५. भाषा प्रवेश र नेपाली व्याकरण —पारसमणि प्रधान
१६. मध्यचन्द्रिका —सोमनाथ सिग्देल
१७. रचना केशर —गोपाल पाण्डे
१८. राम्रो रचना मीठो नेपाली —कृष्ण प्रसाद पराजुली
१९. शब्द रचना र वर्णविन्यास —मोहनराज शर्मा
२०. शब्द वाक्य र अभिव्यक्ति —नरेन्द्र चापागाईं
२१. संक्षिप्त नेपाली शब्दकोष —राम न्द्र ढुङ्गाना
२२. संस्कृत शब्दार्थ कौस्तुभ —
२३. पाठ्यक्रम र प्रश्नहरू —त्रिभुवन विश्वविद्यालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१२०५१

१२०५१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१-लेखकका प्रकाशित कृतिहरु-

१- स्वदेशिएका जोडी (उपन्यास जो अहिले सम्म प्रतिब अवस्थामा छ र २०३७ माघ ११ गते ११७ प्रति रूप जिल्ला प्रशासनले जफत समेत गरेको छ)

२- श्रद्धाञ्जली (शोककाव्य)

२-प्रकाशोन्मुख कृति-

१ केही कृतिको विवेचना

२ अभ्यास मूलक नेपाली (विविध विधामा)

३-अप्रकाशित कृतिहरु-

१- हेरौं भोलि के देखिन्छ (उपन्यास)

२- दोभान (कविता संग्रह)

३- रोइरहेकी नारी (कथा संग्रह)

४- फैसला (उपन्यास लेख्ने तयारीमा)

मूल्य रू० ३२)००

आवरण मुद्रक:- जौहरी प्रिन्टिंग प्रेस, वाराणसी • फोन: 66816

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu